## ने.स.पा. (नयाँ शक्ति) को प्रथम महाधिवेशनमा प्रस्तुत
## राजनीतिक तथा संगठनात्मक प्रस्ताव

# नयाँ युगको नयाँ कार्यभार : वैकल्पिक राजनीतिको औचित्य र आधार

एक्काइसौं शताब्दीको सुरुवात र चौथो औद्योगिक क्रान्तिसँगै मानव जाति नयाँ प्रबोधनको युगमा प्रवेश गरेको छ। नेपाल २०७२ साल (सन् २०१५) मा संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएसँगै उन्नत लोकतन्त्र र समृद्धीकरणको नयाँ युगमा प्रवेश गरेको छ। नयाँ युगका नयाँ समस्या र सम्भावनाहरूको सम्बोधन गर्न मानव जातिले ऐतिहासिक रूपमा आविष्कार गरेका वैचारिक, राजनीतिक, आर्थिक, सामाजिक प्रणालीहरूको पनि पुनर्परिभाषा र पुनर्संरचनाको माग भइरहेको छ। त्यसै क्रममा विश्वभर र नेपालमा वैकल्पिक राजनीतिको खोजी र प्रयोग भइरहेको छ। नेपालमा नयाँ वैकल्पिक राजनीतिको एक प्रमुख पहलकर्ताको रूपमा उदय भएको नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) को यो प्रथम महाधिवेशन त्यसैको एक ऐतिहासिक कोसेढुंगा हो।

नयाँ युगको नयाँ चुनौती र सम्भावना, नयाँ युगमा नेपालको अवस्था, नेपालमा वैकल्पिक राजनीतिका प्रमुख कार्यभार, वैकल्पिक संगठनात्मक प्रणाली, तत्कालीन कार्ययोजना लगायतका विषयमा विहंगम छलफल गरेर आगामी दिनमा नेपालमा वैकल्पिक राजनीतिको सुस्पष्ट मार्गचित्र कोर्नु यस ऐतिहासिक महाधिवेशनको प्रमुख दायित्व हुनेछ।

यो प्रथम महाधिवेशनमा उपस्थित हुनुभएका सम्पूर्ण ऊर्जाशील अभियन्ताहरूलाई हामी हार्दिक स्वागत तथा शुभकामना व्यक्त गर्दछौं। नेपाली समाज र राज्यको समग्र लोकतान्त्रीकरण र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि विभिन्न चरणमा भएका जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेसी-आदिवासी जनजाति-थारू-महिला-दलित लगायतका आन्दोलनहरूमा असीम त्याग र बलिदान गर्नुहुने सम्पूर्ण शहीदहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। वेपत्ताजन, घाइते अपांगहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं।

### १.० नयाँ युगका नयाँ चुनौती र सम्भावना

भनिन्छ- जीवन र जगतमा परिवर्तन मात्रै स्थायी हुन्छ। ब्रह्माण्डको उत्पत्ति, जीवहरूको उत्पत्ति र मानव समाजको उद्‌विकासको इतिहासले भन्छ- जीवन र जगत आफैँभित्रको विपरीत तत्वहरू बीचको एकता र संघर्षको परिणाम स्वरूप निरन्तर गतिवान र परिवर्तनशील हुन्छन्।

मानव समाजको उद्‌विकासको इतिहासले पुष्टि गर्छ- जब मानव जाति सुरुको घुमन्ते र सिकारी अवस्थाबाट पशुपालन तथा खेतिपाती गर्ने स्थायी बसोबासको अवस्थामा प्रवेश गर्‍यो। त्यतिबेलादेखि नै आफ्नो सम्पत्तिको सुरक्षा र व्यवस्थापनको निम्ति परिवार, समाज, राज्य र राजनीतिको उदय भयो। मानव जीवनको पुनः उत्पादननिम्ति आवश्यक वस्तु र सेवाको उत्पादन र वितरणको प्रकृति, सीप र प्रविधिको विकास र मानव चेतनाको विकास सँगसँगै समाज, राज्य, र राजनीतिको प्रकृति पनि परिवर्तन र विकसित हुँदै गयो। त्यो परिवर्तन र उद्‌विकासको गतिको नियम सरल रेखामा नभएर छालमय र बर्तुलाकार ढंगले अघि बढ्ने हुन्छ। अनि निरन्तर गति र मात्रात्मक परिवर्तनको क्रममा खास विन्दुमा पुगेर ठूलो क्रमभंग सँगै हुने र गुणात्मक ढंगले नयाँ वस्तु र प्रक्रियाको जन्म र थालनी हुने हुन्छ। त्यो गुणात्मक परिवर्तन र नयाँ प्रक्रियाको थालनीको संघारलाई नै युग परिवर्तन भनिन्छ।

अहिलेसम्मको मानवजातिको, उद्‌विकासको क्रममा बनेका समाज, राज्य, विचार, प्रविधि, अर्थतन्त्र, राजनीतिको श्रृंखलालाई सामान्यतः चार ऐतिहासिक प्रणालीमा बाँड्न सकिन्छ। देश (स्पेस) र काल (टाइम) को विशिष्टता अनुसार ती चरण र प्रणालीहरू फरक फरक गति र रुपमा देखिन सक्छन्। साथै समाज र राज्यलाई संचालन र दिशाबोध गर्ने मुख्य साधन राजनीति भएको र तत्काल हाम्रो प्रमुख सरोकार नयाँ चरणको वैकल्पिक राजनीतिको विकास भएकाले अहिले राजनीतिक प्रणालीको उद्‌विकासमा नै केन्द्रित हुनु उपयुक्त हुनेछ।

पहिलो चरण, आदिम गणतन्त्रात्मक राज्य प्रणाली थियो। त्यो प्रारम्भिक पशुपालन र खेतीपातीमा आधारित अर्थतन्त्र, कविला र गणमा बस्ने समाज, रहस्यमय प्रकृति र त्यसको गतिका नियमलाई नै दैवीशक्ति र समाज संचालनको आधार मान्ने मार्गदर्शक विचार, समुदायको सभा वा पंचायतबाट आवधिक नायक छान्ने शासकीय प्रणाली थियो। संसारमा हजारौं वर्षसम्म चलेको त्यो प्रणालीको एउटा रुप नेपालको गोरखा लिगलिगकोटमा सन् १५५९ सम्म कायम रहेको वर्षेनी दौड प्रतियोगिताबाट गणनायक वा 'राजा' छान्ने प्रचलनलाई लिन सकिन्छ।

onlinekhabar.com

दोस्रो चरण, वंशानुगत राजतन्त्रको नेतृत्व रहेको निरंकुश राजतन्त्रात्मक राज्य-व्यवस्था थियो। समयक्रममा ठूलो आकारको भूभागमा दास तथा अर्ध-दास श्रमिक आश्रित कृषि अर्थतन्त्र भएको विशाल राज्य र साम्राज्य बन्न थालेपछि त्यसको व्यवस्थापन र संचालन गर्न केन्द्रिकृत राज्य, विशाल सेना, दैवीशक्तिमा आधारित विधिविधान सहितको त्यो प्रणाली जन्मेको थियो। रोम, ग्रिस, इजिप्ट, पर्सिया, भारत, नेपाल, चीनसहित विश्वभर यो राजनीतिक प्रणाली अर्को हजारौं वर्षसम्म रह्यो। त्यो तत्कालीन अल्पचेतनायुक्त युगको वस्तुगत आवश्यकता थियो। परन्तु समयक्रमसँगै त्यसभित्रको अन्तरविरोधले त्यो पुरातन प्रणाली समस्याग्रस्त बन्दै गयो र अर्को अग्रगामी प्रणालीले त्यसलाई विस्थापित गर्‍यो।

तेस्रो चरण, सोह्रौं सत्रौं शताब्दीदेखि मुख्यतः युरोपबाट सुरु भएको वैज्ञानिक क्रान्ति, औद्योगिक क्रान्ति, लोकतान्त्रिक क्रान्ति र प्रबोधन (एनलाइटनमेन्ट) सहितको वैचारिक क्रान्तिको समष्टी आधुनिक युग थियो। त्यसले वैचारिक रूपमा अध्यात्मवाद/अधिभूतवादको सट्टा भौतिकवाद/द्वन्द्ववाद, राजनीतिक रूपमा निरंकुश राजतन्त्रको सट्टा लोकतान्त्रिक गणतन्त्र, आर्थिक रुपमा कृषिप्रधान सट्टा उद्योग-व्यापार प्रधान अर्थतन्त्र, साँस्कृतिक रुपमा अन्धविश्वास, रुढीवाद, लैंगिक विभेद, वर्णजन्य विभेदको अन्त्य र अग्रगामी समतावादी संस्कृति आदि स्थापित गर्‍यो। राजनीतिक प्रणालीको सन्दर्भमा एउटा उदारवादी लोकतान्त्रिक धारले युरोपेली प्रवोधनका तीन अन्तरसम्बन्धित प्रवर्ग 'स्वतन्त्रता, समानता भातृत्व' मध्ये व्यक्तिको निजी स्वतन्त्रता र पुँजीवादी खुला वजार अर्थतन्त्रलाई प्रधानता दिने प्रणाली अपनायो। अर्को साम्यवादी धारले सामाजिक वर्गीय समानतालाई प्रधानता दिँदै राजनीतिक रुपमा श्रमिक वर्गीय अधिनायकत्व र आर्थिक रुपमा राज्यनियन्त्रित अर्थतन्त्रको पक्षपोषण गर्‍यो। कालान्तरमा ती दुवै प्रणाली  प्रकृति र समाज विकासको नियम अनुसार आफूभित्रैको अन्तरविरोधका कारण संकटग्रस्त बन्दै गइरहेछन्।

यसै पृष्ठभूमिमा एक्काइसौं शताब्दी र चौथो औद्योगिक क्रान्ति सँगसँगै विश्वव्यापी रुपमा विज्ञान प्रविधि, अर्थतन्त्र, राजनीति, सामाजिक संरचना, मानवीय चेतना र पर्यावरणीय क्षेत्रमा समेत आएका अपूर्व परिवर्तन र संकटले सबै क्षेत्रको पुनर्संरचना सहित नयाँ युगको संकेत गरिरहेका छन्। नेपाल वर्तमान भूमण्डलीकृत विश्वको एक अभिन्न अंग हुनाले आफूलाई सोही बमोजिम अनुकूलन गर्न र वैकल्पिक राजनीतिको आधार तयार गर्न यो नयाँ युगको नयाँ सम्भावनाबारे सामान्य समीक्षा गर्न जरुरी भएको छ।

### १.१. विचारको पुनर्संश्लेषण

वर्तमान विश्वको एउटा प्रमुख समस्या वैचारिक संकट हो। दर्शन, विचार, सिद्धान्तले निरन्तर गतिशील र परिवर्तनशील भौतिक, सामाजिक र मनोगत संसारका स्थुल (म्याक्रो) र सुक्ष्म (माइक्रो) गतिका नियमहरू बताउँछन् र संसारलाई बुझ्न र बदल्न मद्दत गर्छन्। संसार परिवर्तनशील भए जस्तै दर्शन, विचार, सिद्धान्त पनि परिवर्तनशील हुन्छन्। साथै भौतिक जगतले मानिसको चेतनालाई प्रभावित गर्ने र मान्छेको चेतनाले भौतिक जगतलाई बुझ्ने र बदल्ने भएकाले दर्शन, विचार, सिद्धान्तलाई निरन्तर पुनर्परिभाषा, पुनर्संश्लेषण, समृद्धीकरण गर्दै जानुपर्छ। समाजका अगुवा चिन्तक, वैज्ञानिक, राजनेताको मूल कर्तव्य नै त्यही हो।

एक्काइसौं शताब्दीका समस्या वा अन्तरविरोधहरूलाई उन्नाइसौं बिसौं  शताब्दीका विचार, विधिले हल गर्न खोज्नु र त्यसले समाधान नदिए पछि अझै मध्ययुगीन वा प्राचीन अप्रमाणित विचारतिर फर्कन र फर्काउन खोज्नु वर्तमान विश्व राजनीतिको सबभन्दा ठूलो विडम्बना हो। खासगरी राजनीतिक विचारधाराका हिसावले बिसौं शताब्दीमा सबभन्दा व्यापक र वलशाली रहेका उदारवाद र साम्यवादले वर्तमानमा अपेक्षित परिणाम नदिएपछि तिनलाई नै बंग्याएर वा भ्रष्टीकरण गरेर निरंकुशतन्त्र, फासीवाद, सर्वसत्तावादको अभ्यास गर्ने प्रवृत्ति डरलाग्दोसँग फैलिइरहेछ। कतिपय देशका पार्टी र शासकहरूले जनताको न्यून चेतना र धर्मभीरु प्रवृत्तिको दोहन गर्दै धार्मिक कट्टरपन्थलाई आफ्नो राजनीतिक विचारधाराको रुपमा प्रयोग गरिरहेछन्। यसैलाई लिएर कतिपयले आधुनिक विचारधाराको युगको अन्त्य भएको र 'सभ्यता संघर्ष' (क्ल्यास अफ सिभिलाइजेसन) को नयाँ चरण सुरु भएको अवैज्ञानिक र अवस्तुवादी कुरा पनि उठाइरहेछन्।

अर्कोतिर विभिन्न देशमा पुरानो राजनीति, दल र नेतृत्वको विरोध गर्दै उदाएका नयाँ दल र नेताहरूले जातीय/नश्लीय राष्ट्रवाद, दक्षिणपन्थी वा वामपन्थी पपुलिज्म (लोकरिझ्याँइ) को गलत सहारा लिइरहेका छन्। कतिपयले अब विचार आवश्यक छैन, व्यवहार भए पुग्छ भन्ने वालसुलभ तर्क गर्दै कोरा अनुभववाद (एम्पीरीसिज्म) को अभ्यास गरिरहेछन्। साथै राजनीतिक जटीलता नबुझेका, सामाजिक संजालहरूको दुष्प्रभावमा परेका नवयुवाहरू र ढुलमुले मध्यमवर्गको ठूलो पंक्ति समाज र राजनीतिप्रति नै नकारात्मक सोच राख्ने निन्दक प्रवृत्ति (सिनिसिज्म), शंकावाद

(स्केप्टीसिज्म), शून्यवाद (निहिलिज्म), अज्ञेयवाद (एग्नोष्टिसिज्म), पलायनवाद (एस्केपिज्म) आदिबाट ग्रसित भइरहेछन्। यो सबै गम्भीर विचारधारात्मक संकटको परिचायक हो। किनकि गत करिब पाँच हजार वर्षदेखिको मानव समाज, राज्य, अर्थतन्त्र, राजनीतिको इतिहासले भन्छ- तथ्यपरक, वस्तुवादी, वैज्ञानिक, सही विचार, विधि, नेतृत्व नभएको युगमा समाजका सबै क्षेत्रको विकास कछुवाको गतिमा भएको छ, तर वैज्ञानिक विचारको उदय सँगसँगै मानव समाजको विकास क्वान्टम अर्थात् गुणात्मक ढंगले तीव्र गतिमा भएको छ। अतः विचारधारात्मक संकटको समाधान नखोजी अरू संकटहरूको दिगो समाधान हुनै सक्दैन। विचारधारात्मक संकटको समाधान देश-काल सापेक्ष नभएको पुरानो विचार, सिद्धान्तलाई निरपेक्ष ढंगले दोहोऱ्याएर वा जर्वजस्ती थोपरेर हुँदैन। साथै विचारधाराको आवश्यकता र महत्वलाई नै नकार्नु त झन् हुँदैन। त्यसो गर्नु भनेको दिशासूचक यन्त्र विना हवाइजहाज चलाउनु जस्तै आत्मघाती कुरा हो। संकटको टालटुले होइन दिगो समाधान भनेको अगाडि बढिसकेको वस्तुगत परिस्थिति र पछाडि परिसकेको विचारधाराको बीचको अन्तरविरोध हल गर्न देश-काल सापेक्ष विचार, सिद्धान्तको विकास नै हो। अनि विचार, सिद्धान्तको विकास ज्ञानविज्ञानको क्षेत्रमा भएका पछिल्ला आविष्कार र व्यवहारिक अर्थ-राजनीतिक प्रयोगबाट नै हुने हो। व्यवहारबाट सिद्धान्त संश्लेषण र पुनः सिद्धान्तलाई व्यवहारमा प्रयोग गर्ने चक्र निरन्तर अगाडि बढाएर मात्र विचार, सिद्धान्तको विकास हुने हो।

तसर्थ, वर्तमान विश्व र नेपालको सन्दर्भमा विश्वदृष्टिकोण अर्थात् दर्शनको क्षेत्रको समस्या यसरी हल गर्नुपर्छ- आज सम्मको सबभन्दा उन्नत पद्धति भौतिकवादी द्वन्द्ववादका आधारभूत नियमहरू मुख्यतः विपरीत तत्वहरूबीचको एकता-संघर्ष-रुपान्तरण सिद्धान्त हो। त्यसमा टेकेर र त्यसलाई पछिल्लो भौतिक विज्ञान खासगरी स्थूल तहमा आइन्सटाइनको देश-काल निरन्तरताको सापेक्षतावादको सिद्धान्त र सूक्ष्म तहमा क्वान्टम भौतिकीको कर्ण-तरंग द्वैधताको सिद्धान्तद्वारा समृद्ध पार्नुपर्छ। साथै मानव विज्ञान खासगरी मस्तिष्क विज्ञान, जेनेटिक्स र संज्ञानात्मक मनोविज्ञानका आविष्कार तथा विगतका क्रान्ति र प्रतिक्रान्तिका अनुभवहरूबाट सिकेर त्यसलाई (भौतिकवादी द्वन्द्ववादलाई) थप समृद्धीकरण गरिनुपर्छ। यस सन्दर्भमा विशेषतः अनुभववादी उदारवादीहरूले विचार, सिद्धान्तको अवमूल्यन र तत्काल अंशअंशको व्यवहारमा एकतर्फी जोड दिएर क्षति पुऱ्याएका छन्। अर्कोतर्फ स्टालिनवादी साम्यवादीहरूले यान्त्रिक भौतिकवाद र एकलरेखीय तथा निषेधात्मक द्वन्द्ववादको अनुशरण गरेर समग्र परिवर्तनकारी अभियानलाई गम्भीर नोक्सान पुऱ्याएका छन्। यो तीतो यथार्थबाट पाठ सिक्नैपर्छ। साथै आपसमा असंगत र विपरित विचारहरूलाई छ्यासमिस पारेर सारसंग्रहवाद (एक्लेक्टिसिज्म) को अभ्यास गर्ने र सत्तास्वार्थ पूर्ति गर्ने अवसरवादी प्रवृत्तिलाई पनि नंग्याउनै पर्छ।

संश्लेषित रुपमा भन्नुपर्दा, संसार रहस्यमय र बुझ्नै नसकिने (अज्ञेय) छैन। यो भौतिक र बुझ्न सकिने (ज्ञेय) छ। साथै आफैँभित्रको विपरीत तत्वहरूको एकत्वको नियमले स्वचालित छ। संसार र समाज एकल र सरल रेखामा होइन बहुल र बक्र रेखामा अघि बढ्छ। विपरीत प्रवर्गहरूको निरन्तरको संघर्षमा एकले अर्कोलाई पूर्ण निषेध होइन दुवैलाई नयाँ अस्तित्वमा रूपान्तरित गर्छ। यी आधारभूत नियमहरू नै अबको नयाँ युगमा दिशाबोध गर्ने वैकल्पिक राजनीतिको दार्शनिक आधार हुनसक्छन्।

राजनीतिक विचार/सिद्धान्तको क्षेत्रमा मानिसको निजत्व र स्वतन्त्रताको नाउँमा उदारवाद/नवउदारवादले ल्याएको चरम असमानता तथा अराजकताको संकट एकातिर छ। अर्कोतिर मानिसको वर्गीय सम्बन्ध र समानताको नाउँमा साम्यवादले व्यवहारतः निम्त्याएको चरम निरंकुशता र सामुहिक विपन्नतालाई मध्यनजर गर्नु पर्नेछ। तसर्थ, मानिसको निजत्व र सामाजिकताको उचित सन्तुलन र समन्वय रहने नयाँ राजनीतिक प्रणालीको विकास नयाँ युगको अपरिहार्य आवश्यकता बनेको छ। त्यसरी नै अर्थशास्त्र, समाजशात्र, सौन्दर्यशास्त्र, मनोशास्त्र लगायतका हरेक क्षेत्रमा ततृतत् क्षेत्रका नियम र सिद्धान्तहरू परिमार्जन र अद्यावधीकरण गर्दै जानु अनिवार्य छ। यी नयाँ युगका नयाँ प्रणालीलाई कतिपयले 'प्रगतिशील पुँजीवाद' (प्रोग्रेसिभ क्यापिटालिज्म), कतिपयले 'सहभागितामूलक समाजवाद (पार्टीसिपेटरी सोसलिज्म)' आदि भनेका छन्। हामीले नेपालमा 'समुन्नत समाजवाद' (एन्हान्स्ड सोसलिज्म) प्रस्तावित गरेका छौं, जसबारे यथास्थानमा विस्तृत चर्चा गरिनेछ।

समग्रमा, होमो सेपियन्स प्रजातिका हामी मानवले लामो उद्‌विकासको क्रममा करीब सत्तरी हजार वर्ष पहिलेदेखि भाषाको आविष्कार गरेपछि, एकअर्कासँग विमर्श गर्न थालेपछि,जीवन र जगत्‌का बहुआयामिक र गतिशील नियमहरूलाई सापेक्षतामा बुझेपछि र अनि लिपिवद्ध गर्न जानेपछि नै दर्शन, विचार, सिद्धान्तको संश्लेषण हुन थालेको हो। मानवमा अन्तरनिहित चेतना र पछिल्लो चरणमा मानवले आविष्कार गरेका कृत्रिम वौद्धिकता (ए.आइ.) लगायतका उपकरणको सहयोगमा विचार, दर्शनलाई निरन्तर समृद्धीकरण गर्दै मानव जाति, सम्पूर्ण प्राणीजगत र

onlinekhabar.com

प्रकृतिको समेत संरक्षण र उन्नयन गर्ने जिम्मेवारी नयाँ युगका हामीलाई प्राप्त भएको छ। यस सन्दर्भमा पहिलो युरोपेली प्रबोधनका विचारले एउटा युगको नेतृत्व गरेको थियो भने अब नयाँ युगको निम्ति विश्वव्यापी 'नयाँ प्रबोधन' (न्यू एनलाइटनमेन्ट) को आवश्यकता हुन सक्छ। त्यसनिम्ति हिजो ओझेलमा पारिएका पूर्वीय दर्शन र विचारका कतिपय पक्षहरू पनि उपयोगी हुनसक्छन्। यो समेतको आलोकमा भौतिक, सामाजिक, मन विज्ञानका पछिल्ला आविष्कारहरूमा आधारित नयाँ युगको स्थूल दर्शनलाई 'वैज्ञानिक मानवतावाद' भन्नु उपयुक्त हुन सक्छ, जसबारे थप व्याख्या पछि गरिनेछ।

### १.२ पुँजीवादी भूमण्डलीकरण

विश्वव्यापी रूपमा एकछत्र प्रभुत्व जमाएको पुँजीवादी अर्थ-राजनीतिक प्रणाली अर्थात् पुँजीवादी भूमण्डलीकरण आजको यथार्थ हो। त्यसमा अन्तर्निहित असमान तथा विषम विकास, आवधिक आर्थिक संकट, बजार विस्तार र पुराना उत्पादनका साधन नष्ट गर्न निरन्तर खुला वा छद्म युद्धको प्रयोग यसको विशेषता हो। अनि उत्पादनको प्रचुरता बीच अत्यावश्यक वस्तु र सेवाको पहुँचबाट ठूलो जनसंख्या मुख्यतः श्रमिकहरूको वञ्चितीकरण, वेरोजगारी र बढ्दो आप्रवासन आदि वर्तमान विश्वका प्रमुख समस्या र चुनौती हुन्।

पुँजीवादका पिता आदम स्मिथले अठारौं शताब्दीमा नै पुँजीवादले मुनाफा र बजारको खोजीमा सम्पूर्ण विश्वलाई 'सभ्यताहरूको साझा बजार' (कमनवेल्थ अफ सिभिलाइजेसन्स) मा रूपान्तरण गर्छ भने बमोजिम नै बिसौं शताब्दीको अन्त्यसम्म आइपुग्दा पुँजीवादले त्यो मिसन पूरा गरेको छ। बीचमा मुख्यतः पहिलो र दोस्रो विश्वयुद्ध पछिदेखि सन् १९८० को दशकसम्म विश्वको करिव एक तिहाइ भूभागमा वैकल्पिक उत्तर-पुँजिवादी अर्थ-राजनीतिक प्रणालीको रूपमा एकदलीय राज्य-नियन्त्रित साम्यवादी प्रणालीको अभ्यास भयो। परन्तु तीमध्ये अधिकांश आन्तरिक बिग्रह र वाह्य पुँजीवादी दबाबका कारण धरासायी भए भने केही मात्रै विभिन्न आवरणमा कायम छन्। यसरी एक्काइसौं शताब्दीसम्म आइपुग्दा पूरै विश्वमा पुँजीवादको वर्चस्व कायम छ र त्यसको विकल्पमा उत्तर-पुँजीवादी नयाँ प्रणालीको खोजी जारी छ।

पछिल्लो भूमण्डलीकृत पुँजीवादको प्रमुख विशेषता भनेको एउटैको भन्दा धेरैको सेयर सहितको कर्पोरेट पुँजी, एउटै देशको वा देशमा सीमित कम्पनी भन्दा बहुराष्ट्रिय कम्पनी, सिधै उत्पादनसँग जोडिएको पुँजीभन्दा बैंक तथा वित्तीय संस्थाहरूसँग जोडिएको पुँजीको बाहुल्य र एउटै भूगोल कब्जा गरेर बस्नु सट्टा सस्तो श्रम, बजार र मुनाफाको खोजीमा विश्वभर चहारिरहने प्रवृत्ति हो। साथै औद्योगिकीकरण भएका उच्च विकसित यूरोप, अमेरिका र पूर्वी एसियाका केही देश विश्व पुँजीवादको 'केन्द्र' (सेन्टर) बन्नु र बाँकी अल्पविकसित देशहरू (जसलाई ग्लोबल साउथ पनि भन्ने गरिन्छ) विश्व पुँजीवादको 'किनारा' (पेरिफेरी) बन्नु हो। केन्द्रका देशहरूले पुँजी, प्रविधि, उत्पादन, व्यवस्थापन, हातहतियारमा श्रेष्ठता र एकाधिकारको बलमा अरूमाथि प्रभुत्व कायम गर्छन् भने कच्चा पदार्थ, श्रमका आपूर्तिकर्ता र उत्पादित वस्तु र वित्तीय ऋणका उपभोक्ता बनेका किनाराका देशहरू 'केन्द्र' माथि परनिर्भर बन्छन्। यस्तो साहुकार र ऋणीको जस्तो असमान सम्बन्धमा बाँधिएका नेपाल जस्ता देशहरू 'किनारा पुँजीवाद' को अन्तरनिहीत लक्षण अल्पविकास, परनिर्भरता, ऋणको दुष्चक्र, श्रम निर्यात र वस्तु आयातको असमान विनिमय लगायतको भीषण जालोमा फस्न पुग्छन्। यो प्रभुत्व-पराश्रय (डोमिनान्स-डिपेण्डेन्स) को रुपमा रहेको नव-औपनिवेशिक सम्बन्धबाट मुक्ति पाउनु नेपाल जस्ता उत्पीडित राष्ट्रहरूको समग्र राजनीतिक रुपान्तरण अभियानको एउटा महत्वपूर्ण मुद्दा बन्नसक्छ र बनाउनुपर्छ। राजनीतिक एजेण्डा र संघर्षको प्रकृतिमा एउटा प्रमुख भिन्नता के हुन्छ भने हिजो प्रत्यक्ष औपनिवेशिक युगमा एउटा सम्बन्धित देशसँग मात्र संघर्ष हुन्थ्यो भने नव-औपनिवेशिक युगमा सिंगो प्रणालीविरुद्ध हुन पुग्छ।

वर्तमान भूमण्डलीकृत पुँजीवादको अर्को विशेषता विश्वव्यापी रूपमा वस्तु र सेवाको उत्पादनको प्रचुरता बीचमा वितरणको चरम असमानता हो। अहिले विश्वको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (जी.डी.पी.) करिब १४ हजार डलर छ। त्यो विश्वका करिव ८ अर्ब मानिसलाई बराबर वा समन्यायिक ढंगले बाँड्ने हो भने सबैलाई सम्मानजनक जीवनयापन गर्न यथेष्ठ हुन्छ। त्यसरी नै मानिसको पहिलो आवश्यकता भोजन सम्बन्धमा अहिलेको उत्पादन सबैलाई बराबर बाँड्ने हो भने दैनिक २८०० किलो क्यालोरीका दरले पुग्छ। अनि त्यसरी नै आवास, शिक्षा, स्वास्थ्यलगायत सबै अत्यावश्यक वस्तु र सेवा सबैलाई पर्याप्त पुग्छ। तर वितरणको क्षेत्रमा भयानक असमानता छ। उदाहरणको निम्ति, विश्वमा कुल सम्पत्तिको वितरण हेर्दा गरीब ५० प्रतिशतको साथमा दुई प्रतिशत, मध्यम ४० प्रतिशतको साथमा २२ प्रतिशत र धनी १० प्रतिशतका साथमा ७६ प्रतिशत सम्पत्ति छ। (विश्व असमानता प्रतिवेदन, २०२१) त्यस्तै अन्य अत्यावश्यक वस्तु र सेवाको वितरण एकदम असमान छ। यस्तो असमानता न्यायपूर्ण त हुँदैन नै, सँगसँगै यस्तो संरचनात्मक असमानता कायम गर्ने प्रणाली दिगो पनि हुनसक्दैन।

पुँजीवादी प्रणालीको अर्को चारित्रिक विशेषता पुँजीको संकेन्द्रण र केन्द्रीकरणले अनिवार्य रुपमा जन्माउने एकाधिकारवाद, त्यसको रक्षा र विस्तारको निम्ति अत्यधिक सैनिकीकरण र प्रतिस्पर्धी शक्तिहरूको बीच घोषित वा अघोषित युद्ध हो। यही चरित्र र प्रवृत्तिलाई 'साम्राज्यवाद' भनिएको हो। सन् १९८९ मा सोभियत संघको विघटनपछि केही समय अमेरिकी नेतृत्वमा एकल- ध्रुवीय रहेको पुँजीवादी विश्वव्यवस्था अहिले पुनः वहु-ध्रुवीय बनेको छ। अमेरिका, चीन, यूरोप, रुस, भारत लगायत नयाँ नयाँ शक्तिहरूको उदय भइरहेको छ। तिनीहरूको बीचमा अलग अलग सैनिक र वित्तीय गठबन्धनहरू बन्दै गइरहेका छन्। आणविक हातहतियारको विभीषिका माथि डिजिटल र इन्टरनेट प्रविधि आधारित साइवर युद्धको त्रास पनि थपिएको छ। युक्रेन, मध्य-पूर्वमा चलिरहेका सक्रिय युद्ध र हिन्द-प्रशान्त क्षेत्रमा बढ्दै गएको तनावले यही एकाधिकारवादी पुँजीवादी प्रणाली कायम रहिरहेसम्म कुनै पनि बेला भीषण विश्वयुद्ध भड्किन सक्ने आशंका बढ्दै गइरहेको छ। पुँजीवादमा अन्तरनिहित सीमाहीन मुनाफाको विस्तारको प्रवृत्तिले युद्ध अनिवार्य बनाउँछ। यो स्थितिमा प्रसिद्ध क्रान्तिकारी रोजा लग्जेम्बर्गको खबरदारी **"Socialism or Barbarism?"** (समाजवाद कि बर्बरता?) विशेष स्मरणीय छ। युद्धको बर्बरताको विकल्प अग्रगामी परिवर्तन र उत्तर-पुँजीवादी अर्थ-राजनीतिक संरचनाको खोजी सम्पूर्ण मानव जातिको रक्षा र उन्नति प्रगतिका लागि अब अपरिहार्य भएको छ। त्यो कस्तो विकल्प र प्रणाली हो भन्ने नै अहिलेको युगको र वैकल्पिक राजनीतिक अभियानको मुख्य प्रश्न हो।

सुरुमा यति चाहिँ सबैले बुझ्न र स्वीकार्नै पर्छ– व्यक्तिको निजी स्वतन्त्रता, सम्पतिको हक, खुला बजार, अतिरिक्त मूल्यको मुनाफाकरण र पुँजीकरण, पुँजीको विस्तारित पुनरुत्पादनलगायतका मान्यतामा आधारित पुँजीवादले गत दुई अढाइ सय वर्षमा प्रविधि लगायत उत्पादक शक्तिको विकास र वस्तु र सेवाको उत्पादनमा अतुलनीय भूमिका निर्वाह गर्‍यो। तर सँगसँगै माथि भनिए झैँ गम्भीर संरचनात्मक संकट र युद्धको विभीषिका पनि सिर्जना गर्‍यो। साथै अर्को विडम्बना के भने ग्लोबल साउथ भनिने भर्खरै प्राक् पुँजीवादी प्रणालीबाट पुँजीवादी प्रणालीमा संक्रमण गरिरहेका तर पर्याप्त मात्रामा औद्योगिकीकरण र उत्पादक शक्तिहरूको विकास नभइसकेका देशहरूकोनिम्ति पुँजीवादका सकारात्मक पक्षहरूको उपयोग केही समय आवश्यक पनि छ। यसरी अन्तर्राष्ट्रिय वा स्थूल सन्दर्भमा उत्तर-पुँजीवादी प्रणालीको अपरिहार्यता र राष्ट्रिय वा सूक्ष्म सन्दर्भमा केही अवधि पुँजीवादी अर्थ-राजनीतिक प्रणालीको आवश्यकता बीचको अन्तर्विरोध नेपाल जस्ता देशहरूले हल गर्नु पर्नेछ। नेपालको संविधानमा उल्लेख भएको 'समाजवाद उन्मुख' अर्थतन्त्रको आशय र मर्म पनि यही हो। अझै ठोस रुपमा भन्नुपर्दा विश्वव्यापी रुपमा आवश्यक उत्तर-पुँजीवादी रूपान्तरणमा ध्यान दिँदै भर्खर पुँजीवादमा संक्रमण गरिरहेका नेपालजस्ता ग्लोबल साउथका देशहरूले सुरुमा उत्मादन तथा रोजगारीमूलक औद्योगिक पुँजीवादको विकासमा जोड दिने र त्यसो गर्दा क्रमशः 'समाजवाद उन्मुख' बनाउँदै लैजान ध्यान दिनुपर्छ। प्रगतिशील पुँजीवादले सिर्जना गर्ने उत्पादन र उत्पादकत्वको वृद्धि र प्रचुरताको जगमा मात्रै सहभागीतामूलक समाजवादी प्रणालीको निर्माण हुनसक्छ भन्ने राम्ररी आत्मसात गर्नुपर्छ।

विगतका राज्य-नियन्त्रित समाजवादी वा साम्यवादी प्रणालीका असफलताबाट समेत पाठ सिकेर र पुँजीवादी र साम्यवादी प्रणालीभित्रका संरचनात्मक र अवधारणागत कमजोरीहरूको चिरफार गरेर नयाँ युगको अर्थ-राजनीतिक प्रणालीको विकास गर्नु अहिलेको मुख्य चुनौती र दायित्व हो। साथै पुँजी, प्रविधि, श्रम, वस्तु, सेवा, बजारको चलायमानता र भूमण्डलीकरणले अबको उत्तर-पुँजीवादी समाजवादी रूपान्तरण अभियान एक देशमा मात्रै सीमित नरहेर क्षेत्रीय वा विश्वव्यापी रुपमा पनि चल्ने र चलाउनुपर्ने नयाँ यथार्थलाई पनि स्मरण गर्नु जरुरी छ। यो नयाँ युगले पैदा गरेको नयाँ अवसर हो। वैकल्पिक राजनीतिको खोजी गर्दा समकालीन विश्व र नेपालको यो जटिल अर्थ-राजनीतिक अन्तरसम्बन्ध र अन्तरनिहित समस्या र चुनौतिलाई हल गर्न विशेष ध्यान दिन जरुरी हुन्छ।

### १.३ प्रविधिको प्रभुत्व

नयाँ युगको नितान्त नौलो विशेषता र अन्तरविरोध भनेको व्यक्ति, समाज, राज्य र प्रकृति समेतका जीवनमा नयाँ अनुमान गर्न नसकिने प्रविधिको बढ्दो प्रभुत्व हो। त्यसो त अठारौं शताब्दीको उत्तरार्धदेखि सुरु भएर बिसौं शताब्दीको अन्त्यसम्मका पहिलो, दोस्रो र तेस्रो औद्योगिक क्रान्तिमा पनि सम्बन्धित प्रविधिहरूले सबै क्षेत्रमा ठूलो उथलपुथल नल्याएका होइनन्। पहिलो औद्योगिक क्रान्ति (सन् १७६० र १८४०) मा वास्पइन्जिन आधारित प्रविधि र मेशिन, दोस्रो औद्योगिक क्रान्ति (१९औं शताब्दीको उत्तरार्धदेखि २०औं शताब्दी मध्यसम्म) मा विद्युत आधारित प्रविधि र यन्त्र, तेस्रो औद्योगिक क्रान्ति (सन् १८६० को दशकदेखि र २०औं शताब्दीको अन्त्यसम्म) मा कम्प्युटर प्रविधि र साधनले उत्पादन, संचार, व्यवस्थापन प्रणालीलगायत समाज र जीवनका हरेक क्षेत्रमा ठूलो क्रान्ति र परिवर्तन ल्याएका हुन्।

परन्तु एक्काइसौं शताब्दीको सुरुवातदेखि अति तीव्र गतिमा अघि बढिरहेको भनिएको चौथो औद्योगिक क्रान्तिको डिजिटल र इन्टरनेट प्रविधि, बायो-टेक्नोलोजी, नानो-टेक्नोलोजी, आर्टिफिसियल इन्टेलिजेन्स (कृतिम बौद्धिकता) (ए.आई.), रोबोटिक्स, **3D** प्रिण्टिङ, क्वान्टम कम्प्युटिङ, ब्लकचेनलगायतको अन्तरसम्बन्धित र एकीकृत प्रयोगले भौतिक, जैविक र डिजिटल संसारका सबै क्षेत्रमा अपूर्व उथलपुथल ल्याइरहेको छ। सामाजिक-आर्थिक रुपमा उत्पादन, रोजगारी, संचार, शिक्षा, स्वास्थ्य, वित्तीय व्यवस्थापन, व्यवसाय, मनोरन्जन, कलालगायत सबै क्षेत्रमा व्यापक परिवर्तन ल्याइरहेको छ। स्मार्ट फोन, सामाजिक संजाल र विभिन्न डिजिटल एप्समार्फत् क्षणभरमा संसारभरका मान्छेसँग निजी वा सामुहिक रुपमा हुने संवाद, क्रिया-प्रतिक्रियाले मानिसको चिन्तन, मनोविज्ञान, स्वभाव, सामाजिक सम्बन्ध, संस्कार, आचरणमा समेत ठूलो प्रभाव पारिरहेछ। गुगल लगायतका सर्चइन्जिनहरूले ज्ञानविज्ञानका सबै हाँगाका जानकारी घरमै उपलब्ध गराउँदा शोधअनुसन्धानको विधिमा ठूलो परिवर्तन  आइरहेको छ। खासगरी मान्छेको मस्तिष्ककै ढाँचा विकसित भइरहेको ए.आई.को तीव्र गतिको विकास र विस्तारले मानव सभ्यता र अस्तित्वलाई नै चुनौती दिनसक्ने आँकलन र आशंका गरिंदैछ। मान्छेभन्दा जान्ने र मान्छेलाई नमान्ने मेशिन भयो भने के हुन्छ ? भन्ने जस्ता गम्भीर प्रलयकारी प्रश्न उब्जिरहेछन्। कतिपयले ४ अर्ब वर्षदेखिको उद्विकासको क्रममा पैदा भएका मान्छे लगायतका असंख्य जीवहरू भन्दा मान्छेले डिजाइन गरेको निर्जीव वस्तु प्रभुत्वशाली भयो भने सम्पूर्ण प्राणी जगत र सभ्यतालाई नै खतरा पुग्ने आशंका गरेका छन्।

त्यसरी नै वायोटेक्नोलोजीले मान्छे लगायत सबै प्राणीहरूको 'जीन' (जीवकोषिका) मा हस्तक्षेप र परिवर्तन गर्न सक्ने भएकाले त्यसको रोग निवारण गर्न सक्ने, उत्पादन र उत्पादकत्व बढाउन नश्ल सुधार गर्न सक्ने जस्ता सकारात्मक कुरा सँगसँगै उद्विकासको प्रक्रियालाई विकृत गर्ने, हानिकारक जीवलाई जन्म दिने, प्रविधिको व्यापारिक स्वार्थमा दुरुपयोग हुने आदि नकारात्मक पक्षको पनि चर्चा गरिंदैछ।

सामाजिक-आर्थिक क्षेत्रमा पछिल्ला प्रविधिहरूले पुराना सोपानक्रममा निर्मित विधि, संस्था, संरचना भत्काएको वा भत्काउन सक्ने देखिन्छ। धेरै रोजगारी गुम्ने र श्रमिकहरूको ठूलो संख्या 'निकम्मा' बन्ने आशंका गरिंदैछ। आन्तरिक र अन्तरदेशीय आर्थिक असमानता अरु बढ्ने अनुमान गरिंदैछ। पहिलेका आणविक, जैविक, रासायनिक हातहतियार सँगसँगै बढी घातक र विनाशकारी साइवर हतियारले पृथ्वीमा मात्रै होइन बाहिरी स्पेसमा समेत युद्ध फैलने जस्ता आशंका गरिंदैछ। गुगल, फेसबुक, अमेजन लगायतका डिजिटल प्रविधि आधारित कम्पनीहरूले आआफ्नो क्षेत्रको ७५% भन्दा बढी बजार कब्जा गरेको तथ्यले एकाधिकारवाद  र बढ्दो आर्थिक असमानताको झल्को दिन्छन्। सन् २०२४ मा इन्टरनेट प्रयोगकर्ता विश्वमा ६६.२% भएको र त्यसमध्ये उत्तर यूरोपमा ९७.५ % र पूर्वी अफ्रिकामा २६.८ % मात्र भएकोबाट नयाँ प्रविधिमा क्षेत्रीय असमानता कति छ स्वतःस्पष्ट हुन्छ।

onlinekhabar.com

परन्तु हामीले के बुझ्नुपर्दछ भने मान्छेले प्रविधि बनाएको हो, प्रविधिले मान्छे बनाएको होइन। इतिहासको प्रत्येक कालखण्डमा मान्छेले आफ्नो जीवनको उन्नयनको निम्ति प्रविधिको आविष्कार गरेको हो र नयाँ प्रविधिको प्रयोगबाटै मान्छे प्रगतिको भऱ्याङ चढ्दै यहाँसम्म आएको हो। त्यसैले नयाँ युगको नयाँ प्रविधिका पनि सकारात्मक र नकारात्मक पक्ष छन्। हामीले नकारात्मकलाई नियन्त्रण र सकारात्मकलाई प्रयोग र प्रवर्धन गर्ने हो। अनि इतिहासको अनुभवले के भन्छ भने जब प्रविधि र उत्पादक शक्तिको विकास अगाडि हुन्छ र तिनलाई नियमन, प्रयोग र विकास गर्ने अर्थ-राजनीतिक प्रणाली पछाडि पर्छ, त्यतिबेला पुरानो अर्थ-राजनीतिक प्रणाली अर्थात् राज्यव्यवस्था, विधिविधान र राजनीतिको अग्रगामी पुनर्संरचना गर्नुपर्छ।

वर्तमान कालखण्डका रुपान्तरणकारी प्रविधि-इन्टरनेट प्रविधि, ए.आई., बायोटेक्नोलोजी, नानो- टेक्नोलोजी, रोबोटिक्स आदिको नियमन र नियन्त्रण अन्तर्राष्ट्रिय रूपमा गर्ने र राष्ट्रिय रूपमा तिनको सही ढंगले प्रयोग गर्ने हो भने मानव जाति एकसाथ भोक, रोग, शोकबाट मुक्त हुन्छ र समुन्नत, खुसी जीवन साथसाथ बाँच्न सक्छ। त्यसरी नै आणविक रासायनिक, जैविक, साइबर हतियार अन्तर्राष्ट्रिय रूपमा नियमन र अन्ततः नष्ट गर्ने हो भने मानवजाति शान्तिपूर्ण सहअस्तित्व कायम गरेर चीरकालसम्म बाँच्न सक्छ। त्यसो गर्न सकिएन भने मानव सभ्यता नै विलोप हुने खतरा छ। वैकल्पिक राजनीतिको अर्को महत्वपूर्ण अन्तर्राष्ट्रिय आयाम यही हो र यसलाई सबैले गम्भीरतापूर्वक लिनुपर्छ।

### १.४ पर्यावरणीय संकट

वर्तमान विश्वको अर्को एउटा गम्भीर संकट पर्यावरणीय संकट हो। मान्छेले खासगरी औद्योगिक क्रान्तिपछि विकासको नाउँमा गरेको प्रकृतिको मनपरी दोहन र त्यसभित्र पनि पुँजीवादी आर्थिक प्रणालीको निजी मुनाफाको निम्ति अपनाएको दोहनकारी नीति र विधिका कारण

पर्यावरणको विनाश हुँदै गएर अहिले चरम संकटको अवस्थामा पुगेको हो ।

संयुक्त राष्ट्र संघको हालैको प्रतिवेदनले जलवायु संकट, जैविक विविधतामा ह्रास र वायु एवम् प्लाष्टिक प्रदूषणलाई तीन महासंकट (ट्रिपल प्लानेटरी क्राइसिस) भनेको छ। विश्व मौसम संगठनको प्रतिवेदन अनुसार सन् २०२४ लगायतका विगत दश वर्ष पृथ्वीको इतिहासको सबैभन्दा चर्को गर्मी दशक हो। सन् २०२४ मा पृथ्वीको तापमान औद्योगिक क्रान्ति सुरु भएपछि औसतमा १.५ डिग्री सेल्सीयसले बढेको छ, जुन जलवायु सम्झौताले तोकेको सीमा तापमान हो। यस्तो उच्च तापमान वृद्धिले संसारभर विभिन्न जलवायुजन्य प्रकोपहरू निम्त्याएको छ- उत्तरी र दक्षिणी ध्रुव तथा हिमालयका हिउँ पग्लन थालेका छन्। खडेरी, अतिवृष्टि, बाढी र डढेलोको प्रकोपले कृषि प्रणालीमा, पानीको आपूर्तिमा र रोगको फैलावटमा व्यापक प्रभाव परेको छ। यदि तापमान घटाउन केही प्रयास नगर्ने हो भने अबको एक दशकभित्रै करिव ३ देखि १३ करोड मानिस थप गरीबीमा धकेलिने, विश्व खाद्य सुरक्षामा नकारात्मक असर पर्ने, रोगव्याधि बढ्ने र ३५ करोड मानिसले पानीको संकट बेहोर्ने अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले बताइरहेछन्।

नेपालको जलवायु परिवर्तनको अवस्था पनि विश्वको सरदर अवस्था भन्दा फरक छैन। सन् १९५० देखि सन् २०२० सम्मको सत्तरी वर्षमा नेपालमा औसत तापक्रम प्रतिदशक ०.१९ डिग्री सेल्सीयसले बढेको छ। जलवायु संकटको मार नेपाल जस्ता अल्पविकसित देशलाई बढी पर्दछ। तर जलवायु परिवर्तनको कारकतत्व हरितगृह ग्यास उत्सर्जन गर्नमा पुँजीवादी एवम् साम्राज्यवादी देशहरू अग्रपंक्तिमा छन्। अक्सफामले गरेको अनुसन्धान अनुसार विगत २५ वर्षमा पृथ्वीको कुल हरितगृह ग्यास उत्सर्जनको ४६% उत्सर्जन १०% धनी मानिसहरूले गरेका छन्।

बढ्दो औद्योगिकीकरण र सहरीकरण सँगसँगै विश्वव्यापी रुपमा बढ्दै गएको पर्यावरणीय संकट वायु र प्लाष्टिकजन्य प्रदूषण हो। विश्वमा हाल प्रति १० जनामध्ये ५ जना व्यक्ति प्रदूषित हावामा सास फेर्छन्। विश्वमा मान्छेको मृत्युका विविध कारणमध्ये ११.६५% वायु प्रदूषणका कारण भएको मानिन्छ। वायु प्रदूषणलगायत अन्य वातावरणीय सूचकांक समेटिएको येल विश्वविद्यालयको प्रतिवेदन अनुसार सन् २०२२ मा नेपालको वातावरणीय निस्पादन (परफर्मेन्स) अवस्था १८० देशमध्ये १७८ औं थियो।

त्यस्तै विश्वका ९०% मानिस विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड भन्दा बढी प्रदूषित वातावरणमा बस्छन्, जसले विश्वका मानिसको औसत आयु दुई वर्षले छोटिएको छ। वायु प्रदूषणका कारण आयु घट्ने दर नेपालमा ४.७ वर्ष, भारतमा ५.२ वर्ष, बंगलादेशमा ६.२ वर्ष र चीनमा २.३ वर्ष छ।

पर्यावरणीय संकटको अर्को महत्वपूर्ण पक्ष विश्वको जैविक विविधतामा ह्रास हो। पृथ्वीमा करिब ४ अर्ब वर्षदेखिको जीवहरूको उद्विकासको क्रममा भएका जीवनका विभिन्न तह पर्यावरणीय प्रणालीदेखि आणुवंशिक तहसम्मका विविध छटालाई जैविक विविधता भनिन्छ। त्यो विविधता नै पृथ्वी र पृथ्वीको सबभन्दा उन्नत प्राणी मानवको अस्तित्व र गौरवको आधार हो। तर विडम्बना नै भन्नुपर्छ संयुक्त राष्ट्र संघको सन् २०१९ को एक प्रतिवेदन अनुसार मान्छेले आधुनिक विकास गर्न थाले यता पृथ्वीको पर्यावरणीय प्रणालीको प्राकृतिक अवस्था र फैलावटमा ४७% ले कमि आएको छ। सन १५०० यता ६८० वटा ढाडमा मेरुदण्ड भएका जीवजन्तुहरू (भर्टेब्र) वनफडानी, वासस्थानको विनाश, अवैध शिकार जस्ता मान्छेका क्रियाकलापका कारण लोप भएर गएका छन्। विश्वको जैविक विविधताको एउटा मुख्य केन्द्र हिमाली क्षेत्रमा र त्यसको प्रमुख खण्ड नेपालमा निरन्तर गहिरिदो वातावरणीय संकटले यहाँका दशौं हजार प्रजातिका वनस्पति, स्तनधारी जीव, चराचुरुङ्गी लगायतका जीवहरू लोप हुन सक्ने खतरा छ।

यही गतिमा पर्यावरणीय संकट बढ्दै गए बढ्दो तापक्रम, फैलिदो मरुभूमिकरण, पग्लिँदो हिउँ, बढ्दो प्राकृतिक विपत्तिको कारण पृथ्वीबाट मानिस लगायत जीवहरूको अस्तित्व नै समाप्त हुने अवस्था सिर्जना नहोला भन्न सकिन्न। यसको मूल कारण औद्योगिक क्रान्तिको सुरुवात यता अपनाइएको पुँजीवादी अर्थ-राजनीतिक प्रणाली र त्यसमा अन्तरनिहित पुँजीको विस्तारित पुनरुत्पादनका लागि बेरोकटोक प्रकृतिको विनाश गर्ने प्रवृत्ति नै हो। अतः आफ्नै अस्तित्वनिम्ति मानवजातिको विद्यमान अर्थ-राजनीतिक प्रणालीको छिटो नयाँ अग्रगामी विकल्प खोज्नु जरुरी भएको छ।

यसरी अर्थतन्त्र, प्रविधि, पर्यावरण र विचार-राजनीतिको अन्तर्राष्ट्रिय संकट र सम्भावनासँग नेपाल अभिन्न ढंगले जोडिएको छ। यो समष्टिगत परिवेशले अन्तर्राष्ट्रिय र राष्ट्रिय रुपमा समग्र राजनीतिको पुनर्संरचना अपरिहार्य बनाएको छ।

## २.० नयाँ युगमा नेपालको अवस्था

भर्खर पहिलो औद्योगिक क्रान्तिको चरणबाट गुज्रिरहेको नेपालले चौथो औद्योगिक क्रान्तिको चरणमा पुगेको विश्वसँग पदचाप मिलाउन र सोही अनुरूप आफ्ना कार्यभार निर्धारण गर्न देशको राष्ट्रिय र अर्थ-राजनीतिक विशिष्ठता र पृष्ठभूमिबारे समीक्षा गर्नु आवश्यक छ।

### २.१. नेपाली राष्ट्रियताको पुनर्व्याख्या

नेपाल के हो ? यो राज्य हो कि राष्ट्र हो ? यसको स्वतन्त्र र सार्वभौम अस्तित्वको आधार के हो ? दुई ठूला छुट्टाछुट्टै सभ्यता भएका भारत र चीनको बीचमा संसारकै सबभन्दा पुरानो मध्येको देशको रूपमा यो सधैँ स्वतन्त्र भएर रहनु र रहनसक्नुको रहस्य के हो ? तीव्र गतिमा बद्लिंदो संसारमा यसको भविष्य कस्तो छ ? सायद यी आधारभूत प्रश्नहरूबारे अज्ञानता वा अस्पष्टताको कारण अहिले देशमा ठूलो युवापंक्ति 'यो देशमा भविष्य छैन' भन्दै विदेश पलायन भइरहेछ। कतिपय विद्वान र नेता भनिनेहरू समेत यो देश अप्राकृतिक ढंगले बनेको हो, कसैको निगाहले मात्र स्वतन्त्र रहेको हो भन्ने भ्रम छर्न खोज्दछन्। कतिपय वाह्य शक्तिहरू यो अमुक देशको हिस्सा हुनुपर्ने हो, यसको सार्वभौमिकता पूर्ण छैन र हुनसक्दैन भन्ने दुराशयपूर्ण धारणा राख्दछन्। आधुनिक सीमानासहित देशको भौगोलिक एकीकरणको नेतृत्व गरेको एउटा जातिको प्रभुत्वशाली वर्ग आफू मात्र खाँटी 'नेपाली', 'राष्ट्रवादी' र अरु सबै 'अनेपाली' वा दोस्रो दर्जाको नेपाली र 'अराष्ट्रिय' भन्ने ठान्दछ। वर्तमान राज्यप्रणालीबाट विभेदमा परेका कतिपय जातिहरू यो देशको अपनत्व स्वीकार्न हिच्किचाउँछन् र छुट्टै पहिचान सहितको स्वतन्त्र राज्यको परिकल्पना गर्न थाल्दछन्। सत्तादेखि सत्ताको राजनीति गर्ने कतिपय दलका नेताहरू र भौगोलिक एकीकरणको नेतृत्व गरेका राजाका सन्तानहरू आफ्ना विरोधी/विपक्षी जति सबैलाई 'विदेशी दलाल' र आफू मात्र 'राष्ट्रवादी' भएको भ्रम छर्छन्।

त्यसैले अहिलेको वैज्ञानिक र चेतनशील युगमा हामीले पूर्वाग्रह बोकेर वा भावनामा बगेर होइन तथ्यबाट सत्य खोज्ने विधिले नेपाली राष्ट्रियताको तथ्यपरक पुनर्व्याख्या गर्नुपर्छ र सम्पूर्ण जनतालाई एकतावद्ध गरेर नयाँ युगको स्वाधीन समृद्ध र समतामूलक नेपाल निर्माण अभियानको नेतृत्व गर्नुपर्छ।

भूगर्भशास्त्रले भन्छ हिमाली श्रृंखलाको काखमा रहेको हिमाल, पहाड र तराईको भूभागले बनेको वर्तमान नेपालको भूखण्ड ५ देखि १ करोड वर्ष पहिले दक्षिणको इण्डियन प्लेट र उत्तरको यूरेसियन प्लेटको घर्षणबाट बनेको थियो। प्रकृतिप्रदत्त विषय भएकाले यो हामीले गर्व गर्ने कुरा त होइन तर सृष्टिको सुरुदेखि नै यो भूखण्डले अलग पहिचान पाएको थियो भन्न चाहिँ सकिन्छ। मानवशास्त्रले भन्छ करिव एक लाख वर्ष पहिले जब उत्तर अफ्रिकाबाट वर्तमान मानवजातिका आदि पुर्खा होमो सेपियन्सहरू संसारभर फैलदै गए, तिनले ठाउँ र मौसमको प्रभावले फरक रूप रंग धारण गर्दै गए। आफ्ना भाषा, संस्कृति विकास गर्दै गए, फरक फरक जातीय/राष्ट्रिय पहिचान प्राप्त गर्दै गए। तिनै मुख्य जातिहरू मध्ये तिब्बती-बर्मेली भाषा परिवारका जातिहरू उत्तर-पूर्वबाट आए; 'इण्डो-यूरोपियन' परिवारका जातिहरू उत्तर-पश्चिमबाट आए; 'अस्ट्रो-ड्रविड' परिवारका जातिहरू दक्षिणतिरबाट आए र केही अरु जातिहरू अन्य दिशातिरबाट केही हजार वर्षका फरक फरक कालखण्डमा यहाँ आइपुगे र यस भूभागको आवादी गरेर बसे। प्रारम्भिक कविलाइ राज्यहरू र तिनका आआफ्ना सभ्यता विकास भए। कहिले कुनै मुखियालीको नेतृत्वमा कहिले अर्कोको नेतृत्वमा राज्यहरू विस्तार हुने, गाभिने, भत्कने भइरह्यो। त्यसैक्रममा सत्रौं अठारौं शताब्दीमा युगको आवश्यकता र आकस्मिकताको रुपमा एउटा जातिको राजाको नेतृत्वमा यस भूभागका पचास बढी सबै राज्यहरू गाभेर अहिलेको नेपाल राज्य बन्यो। त्यति बेलाको युग, चेतना र परिवेश अनुसार विजेता जातिका राजाले आफ्नो भाषा, भेष, संस्कृति, ज्ञान, परम्परा आदिलाई श्रेष्ठ दर्जा दिए। अरू सत्ता, शक्ति पहिचानविहीन बने। उनीहरू चौतर्फी वन्चितीकरणमा पर्दै गए। इतिहाससिद्ध तथ्य यही हो।

अब युग फेरिएको छ। मान्छेको चेतना फेरिएको छ। राज्यको स्वरूप फेरिएको छ। जीवनपद्धति र मूल्यमान्यता फेरिएका छन्। अन्तर्राष्ट्रिय र क्षेत्रीय परिस्थिति फेरिएको छ। यहीँनेर नेपालको आन्तरिक र वाह्य राष्ट्रियताको पुनर्व्याख्या गर्नुपर्छ।

पहिले आन्तरिक राष्ट्रियताको कुरा गरौं। राष्ट्र/राष्ट्रियता ('नेसन/नेसनालिटी') वा जाति भनेको साझा भूगोलमा बस्ने, साझा भाषा बोल्ने, साझा आर्थिक गतिविधि गर्ने, साझा मनोविज्ञान भएका स्थीर मानव समुदाय हो। राज्य भनेको राष्ट्र/राष्ट्रियताहरूले आफ्नो व्यवस्थापननिम्ति निर्माण गरेको राजनीतिक संरचना हो। त्यस हिसाबले नेपाल बहुल-राष्ट्रिय राज्य हो भन्ने कुरामा कुनै शंका छैन। हाम्रो संविधान र राष्ट्रिय गानमै यो तथ्य अभिव्यक्त भएको छ। अनि 'नेपाली' भनेको कुनै एक राष्ट्र/राष्ट्रियता वा जातिको एकल पहिचान नभएर सबै राष्ट्र/राष्ट्रियताका जातिको साझा नागरिक पहिचान हो। अथवा 'नेपाली' भनेको एक इन्द्रधनुषी राष्ट्रियता हो पनि भन्न सकिन्छ। जस्तै-

onlinekhabar.com

खस नेपाली, मधेसी नेपाली, लिम्बू नेपाली, थारु नेपाली, नेवाः नेपाली इत्यादि। अनि 'नेपाल' लाई एक इन्द्रधनुषी राष्ट्रिय राज्य (रेन्बो नेसन स्टेट) भन्न सकिन्छ। यसरी मात्र नेपाल राज्य सबै जातिको साझा फूलबारी हो भन्ने व्यवहारिक प्रत्याभूति हुन्छ। देशप्रति सबैको अपनत्व स्थापित हुन्छ। सबै जातिका जनतामा नेपाल राज्यप्रति साझा देशभक्तिको भावना कायम हुन्छ। देशभित्रै बसेर देश समृद्ध बनाऊँ र आफू पनि सँगसँगै समृद्ध बनौं भन्ने संकल्प प्रष्फुटित हुन्छ। आर्थिक समृद्धिबाट मात्र यथार्थमा आन्तरिक राष्ट्रियता बलियो हुन्छ। आन्तरिक राष्ट्रियता बलियो भए मात्र वाह्य राष्ट्रियता बलियो हुन्छ।

साथै राष्ट्रिय/जातीय विविधताबीच बलियो एकता कायम राख्न हामीले एउटा गलत भाष्यलाई पनि बदल्नुपर्छ। कतिपयले आफ्नो जातीय श्रेष्ठतामाथि अहंकार गर्ने र अर्कोको रंगरुपप्रति होचोहेला गर्ने आदि गलत, अवैज्ञानिक र हानिकारक प्रवृत्तिलाई तथ्यसहित खारेज गर्नुपर्छ। अहिलेको मानव जाति सबैको साझा पुर्खा होमोसेपियन्स हो भन्ने जीवकोषिका परीक्षण गर्ने चर्चित ह्युमन जेनम प्रोजेक्ट (सन् २०००) ले स्थापित गरिसकेको विषय हो। त्यस्तै नेपालका विभिन्न जातिहरूको डि.एन.ए. परीक्षणले पुष्टि गरेको छ कि सबैमा भिन्न भिन्न मात्रामा अन्य जातिहरूको मिश्रण छ र नेपालमा सबैभन्दा मिश्रित जाति नेवार हो भन्ने पनि पुष्टि भएको छ। काठमाडौँ उपत्यका हजारौं वर्षदेखि सबै दिशाबाट आएका मानिसहरूको बसोवास भएको थलो हुनाले त्यसो हुनु स्वाभाविक पनि छ।

अब वाह्य राष्ट्रियताको कुरा गरौं। दुई ठूला महादेशीय आकारका देशहरूको बीचमा बेलाबखत साँध सीमाना बदलिए पनि सधैँ स्वाधीन र सार्वभौम देशको रूपमा अस्तित्व रहनुको पछाडिका वस्तुगत र आत्मगत कारणहरूबारे हामी विल्कुल प्रष्ट हुनु पर्दछ। त्यसो भए मात्र राष्ट्रिय स्वाभिमान (अहंकार वा हीनताबोध होइन ! ) जागरण हुन्छ, देशभक्तिको भावना प्रस्फुटित हुन्छ र देश तथा जनताप्रति समर्पित हुने ऊर्जा र उत्प्रेरणा पैदा हुन्छ। जुन कुरा संसारमा राष्ट्र-राज्यहरू कायम रहेसम्म राजनीतिको चुरो हुन्छ।

पहिलो कुरा, हामी सानो छौं भन्ने भ्रमबाट मुक्त हुनुपर्छ। हामी विश्वका दुई सय आसपास देशहरूमध्ये जनसंख्याको हिसावले ४३ औं स्थान र क्षेत्रफलको हिसावले ९३ औं स्थानमा छौं। त्यो भनेको जनसंख्याको हिसावले पहिलो एक चौथाइभित्र र क्षेत्रफलको हिसावले पहिलो आधा भित्र छौँ। साथै भौगोलिक, पर्यावरणीय र जनसांख्यिक विविधता र प्राकृतिक साधनस्रोतको प्रचुरताको हिसावले हामी आत्मनिर्भर ढंगले बाँच्न समर्थ छौं। सुरक्षाको हिसावले पनि हिमालय पर्वतशृंखला र विविधतायुक्त भौगोलिक बनौट निकै उपयोगी र भरपर्दो छ। यी विविध प्राकृतिक अनुकूलता हाम्रो स्वाधीन र सार्वभौम अस्तित्वका प्रमुख आधार हुन्, जुन पछिसम्म रहन सक्छन्। यी प्राकृतिक अनुकूलतालाई समयसापेक्ष ढंगले सदुपयोग गर्ने क्षमता चाहिँ राजनीतिक नेतृत्वको मुख्य परीक्षाको विषय हुन्छ।

दोस्रो कुरा, हामी चर्चित 'दुई ढुंगा बीचको तरुल' र 'बफर स्टेट' को ऐतिहासिक बिम्बले सिर्जना गरेको र गर्नसक्ने हीनताबोध, निरीहता र असुरक्षाको मानसिकताबाट मुक्त हुनुपर्छ। हिजो भौगोलिक एकीकरणको बेला र पूर्व-औद्योगिक क्रान्तिको चरणमा प्रयोग भएका ती बिम्बलाई अबको चौथो औद्योगिक क्रान्तिको चरणमा हामी सचेत र कुशलतापूर्ण ढंगले सहजै बदल्न सक्छौं। सुगौली-सन्धीको बेला हामीले बाध्यतापूर्ण सम्झौता गरे पनि त्यो हामीले पूरै हारेर अंग्रेजहरूले दया गरेर वर्तमान भूखण्ड छोडेको होइन। नेपाललाई पूरै कब्जा गरे पनि (जुन गरेका थिएनन्) नेपालीहरूको अद्भूत देशभक्तिपूर्ण र लडाकु चरित्र/क्षमता देखेर र उत्तरको ठूलो शक्तिलाई चिढ्याउने भयले अंग्रेजहरूले सम्झौता गरेका हुन्। त्यो गुण र सुविधा अहिले पनि हामीलाई प्राप्त छ र अबको भूजडित (ल्याण्डलिंक्ड) र नभजडित (स्काइलिंक्ड) युगमा हामीले कुशलतापूर्वक राष्ट्रिय स्वाधीनतको रक्षा र अभिवृद्धि गर्ने पर्याप्त आधार छ।

तेस्रो, अहिलेको युगमा सबभन्दा महत्वपूर्ण कुरा आर्थिक राष्ट्रियताको रक्षाको कुरा हो। विशेषतः भारतसँगको खुला सीमाना र सुगौली-सन्धीदेखिको बढ्दो परनिर्भरताले सिर्जना गरेको संरचनात्मक समस्या कुशलतापूर्वक हल गर्ने विषय निकै चुनौतिपूर्ण हुनसक्छ। यसनिम्ति खाद्यसुरक्षा र ऊर्जासुरक्षामा आत्मनिर्भर हुने, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धहरूको विविधिकरण गर्ने र भारतसँगका इतिहासदेखिका सीमाना लगायतका समस्या कुशल कुटनीतिक ढंगले हल गरेर आर्थिक राष्ट्रियताको रक्षा र प्रवर्धन गर्न हामीले विशेष ध्यान दिनैपर्छ। राजतन्त्रकालदेखि अहिलेको गणतन्त्रकालसम्म राजा र प्रमुख दलका नेताहरूले जनताको देशभक्तिपूर्ण भावनाको दोहन गर्न र सत्ता स्वार्थ पूरा गर्न भौगोलिक राष्ट्रवादको चर्को नारा लगाउने तर आर्थिक राष्ट्रवादबारे आँखा चिम्लने जुन एकांगी र आडम्बरपूर्ण प्रवृत्ति छ, अबको युगमा हामीले त्यसलाई सच्याउनैपर्छ। भूगोल, जनता, अर्थतन्त्रको समग्रता नै राष्ट्र र राष्ट्रियता हो भन्ने हामीले दह्रोसँग आत्मसात गर्नुपर्छ।

चौथो, र महत्वपूर्ण नीतिगत कुरा, अन्तर्राष्ट्रिय सम्बन्धमा सधैँ आआफ्ना राष्ट्रिय हितका कुरा प्रधान हुन्छन्, अन्य विचारधारात्मक, निजी

सम्बन्धलगायतका कुरा गौण हुन्छन् । तर हाम्रो पुराना र केही नयाँ शासकहरूले मुख्यतः दुई ठूला छिमेकी र अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूसँग व्यवहार गर्दा यो कुरालाई नजरअन्दाज गर्ने र अन्ततः राष्ट्रघात गर्ने गलत नजीरलाई सच्याउनुपर्छ । साथै राष्ट्रियतासम्बन्धी विषयमा हामीले ध्यान दिनुपर्ने र सच्याउनुपर्ने कुरा हामी 'अन्धराष्ट्रवादी' होइन 'देशभक्त' बन्नुपर्छ । 'अन्धराष्ट्रवाद' भनेको अर्को देशलाई घृणा गर्नु हो, 'देशभक्ति' भनेको आफ्नो देशलाई प्रेम गर्नु हो । हामीले अरुलाई घृणा गर्ने होइन, आफ्नो देशलाई माया गर्ने हो ।

### २.२. नेपाली अर्थ–राजनीतिको सिंहावलोकन

सत्रौं अठारौं शताब्दीसम्म तत्कालीन विश्वको हाराहारीको अवस्थामा रहेको थियो नेपालको अर्थ-राजनीति । काठमाडौँ उपत्यका भारत र तिब्बतबीचको उद्योग-व्यापार मध्यस्थ केन्द्रको रुपमा हिमाली क्षेत्रकै समृद्धिको केन्द्र थियो । तर अहिले झण्डै विश्वको पिँधमा पुग्नु निकै गम्भीर विषय हो । राजनीतिक उपरीसंरचना (सुपरस्ट्रक्चर) र आर्थिक आधार (बेस) बीच समग्र समाजको रुपान्तरणमा द्वन्द्वात्मक अन्तरसम्बन्ध हुन्छ र आर्थिक क्रान्तिनिम्ति पहिले राजनीतिक क्रान्ति गर्नुपर्छ भनेर नेपालमा गत ७५ वर्षदेखिको विभिन्न प्रकृतिका क्रान्ति, आन्दोलन हुँदै आएका छन् । २००७ साल आसपासदेखि सुरु भएको लोकतान्त्रिक क्रान्ति एउटै झट्कामा पूरा नभएर हलाल क्रान्ति झैं २०४५-४६ सालको जनआन्दोलन, २०५२ देखि २०६२ सम्मको माओवादी सशस्त्र जनयुद्ध, २०६२-०६३ को जनआन्दोलन र त्यसको पूरकको रुपमा मधेस/थारू/आदिवासी जनजाति आन्दोलन भए । त्यसैको परिणाम स्वरूप निर्वाचित संविधानसभाबाट २०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भयो । त्यो सँगै नेपाल युगीन हिसावले लोकतान्त्रिक क्रान्ति सापेक्ष रुपमा पूरा गरेर नयाँ युगमा प्रवेश गऱ्यो । परन्तु त्यसयता पनि देश जुन ढंगले अर्थ-राजनीतिक संकटको भूमरीमा नै फसिरहेको छ त्यसको वस्तुनिष्ठ समीक्षा गरेर आगामी दिशा तय गर्नु जरुरी भएको छ ।

राजनीतिक रुपमा नयाँ संविधानका अन्तरवस्तु हेर्दा केही अपूर्णतासहित नेपालको लोकतान्त्रिक प्रणाली विश्वकै हाराहारी र कतिपय अवस्थामा अझै उच्च पनि देखिन्छ । मौलिक हक र कर्तव्य, राज्यको निर्देशक सिद्धान्त, समानुपातिक प्रतिनिधित्व, संवैधानिक आयोगहरू निकै अग्रगामी प्रतीत हुन्छन् । तीन तहको संघीयतामध्ये स्थानीय तहको अधिकार र कार्यान्वयन निकै सकारात्मक देखिन्छ । परन्तु दश वर्षको कार्यान्वयन, सरकारको चरम अस्थीरता, सरकारको अकर्मण्यता, संघीयताको कार्यान्वयन, सबै तहमा प्रशासनिक ढिलासुस्ती, चौतर्फी भ्रष्टाचार, विचौलियाहरूको बिगबिगी, संवैधानिक अंगहरूको दलीयकरण, अदालतको बेथिति, राज्यका अंगहरूप्रति आम जनताको अविश्वास आदि हेर्दा लोकतन्त्र नै धरापमा पर्न थालेको प्रतीत हुन्छ । खासगरी त्यति ऐतिहासिक वलिदानीपूर्ण संघर्ष पछि स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र परम्परागत संघीय लोकतन्त्र भन्दा अघि बढेको बढी जनउत्तरदायी, बढी जनसहभागितामूलक, बढी सुशासनयुक्त र समग्रमा बढी अग्रगामी हुने जुन अपेक्षा गरिएको थियो त्यो हुन नसकेको प्रष्ट देखिन्छ ।

यसका केही प्रमुख कारणहरू छन् । पहिलो र सबभन्दा महत्वपूर्ण कारण हो, राजनीतिक दल र नेतृत्वको तीव्र स्खलन र भ्रष्टीकरण । लोकतन्त्रमा दलहरू नै सुशासन र समृद्धिको वाहक हुन्छन् । तर नेपालको विडम्बना यो भयो कि पुरानै संसदीय व्यवस्थामा अभ्यस्त दल/नेताहरूले जनक्रान्तिमार्फत नेपालको लोकतन्त्रलाई बढी उन्नत, बढी समावेशी, बढी जनउत्तरदायी बनाइएको तथ्यलाई आत्मसात गर्न सकेनन् र उही पुरानै कर्मकाण्डी अभ्यास र चुनावदेखि चुनावसम्मको खेलमा फर्किन पुगे । त्यो भन्दा पनि गम्भीर कुरा पछिल्लो राजनीतिक परिवर्तनका प्रमुख बाहक माओवादी र क्षेत्रीय/जातीय दलका नेताहरू सत्तामा पुगेपछि झन् बढी भ्रष्टीकृत र स्खलित बन्न पुगे । उनीहरूको निम्ति सत्तारोहण र राज्यको दोहन हिजोको क्रान्ति र आन्दोलनको कुत असुली जस्तो मात्र बन्यो ।

दोस्रो कारण, क्रान्तिकारी परिवर्तन पछि राज्यको नोकरशाहीतन्त्र, सुरक्षा अंग, न्यायालय, संवैधानिक अंगहरूको समेत पुनर्संरचना गरिनुपर्दथ्यो, त्यो हुन सकेन । उसै पनि कहिल्यै औपनिवेशिक शासन नव्यहोरेको र निरन्तर राणा, शाह परिवारको हुकुमीतन्त्रमा अभ्यस्त हुँदै आएको नेपालमा प्रशासनिक संस्थाहरू कमजोर थिए । आधुनिक लोकतन्त्रको मुख्य चरित्र विधिको शासन, शक्ति पृथकीकरण, जनताको आवधिक परीक्षण र निगरानी कार्यान्वयन हुनको निम्ति सोही अनुरुप संस्थाहरूको निर्माण हुनुपर्दथ्यो, भएन ।

तेस्रो कारण, संविधान निर्माणकै बेलादेखि बहस हुँदै आएको प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली, प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री, पूर्ण समानुपातिक तर प्रत्यक्ष निर्वाचित व्यवस्थापिका, देशको विशिष्ठता अनुरुपको संघीयता आदि हुन नसक्नुले पनि राजनीतिक अस्थीरता, आवश्यक कानुनको अभाव, सेवा प्रवाहमा कमिलगायत समस्या मुखरित भए । यी विविध कारणले गर्दा लोकतन्त्रप्रति नै जनताको वितृष्णा र

onlinekhabar.com

आक्रोश बढ्दै जानु गम्भीर चिन्ताको विषय हो ।

अर्कोतिर, यति ठूलो युगान्तकारी राजनीतिक परिवर्तन पछि जुन आर्थिक क्रान्तिको अपेक्षा आम रूपमा गरिएको थियो त्यो नहुनु र देश पुरानै आर्थिक गत्यावरोधको दलदलमा फसिरहनु आम जनताकोनिम्ति सबभन्दा ठूलो निराशा र आक्रोशको विषय बनेको छ। आर्थिक क्रान्ति रातारात हुँदैन तर युगौंदेखि व्यापक गरीबी, बेरोजगारी, असमानता, परनिर्भरताको दुष्चक्रमा फस्दै आएको अर्थतन्त्रले गुणात्मक फड्को मार्ने र जनतालाई तत्काल राहत दिने खालको योजना निर्माण र कार्यान्वयनको थालनीसम्म हुन नसक्नु अक्षम्य राजनीतिक अपराध नै हो ।

देशको गम्भीर संरचनात्मक आर्थिक संकटका केही प्रवृत्ति हेरौं । देशको ६१% जनशक्ति अहिले पनि कृषिमा आश्रित छ। एक परिवारलाई औसत ०.५ हेक्टर जमीन मात्र प्राप्त हुनसक्छ । सिँचाइ, मल, बिउ, वित्त, बजारको कुनै सुनिश्चितता छैन । अतः कृषिबाट रोजगारी र आम्दानी पर्याप्त हुँदैन । ती परिवारका युवाहरू रोजगारीको खोजीमा सहर पस्छन् । सहरमा पनि उद्योगधन्धा छैनन् । भएका उद्योग पनि आधा क्षमतामा चल्छन् ।

उद्योग क्षेत्रले जम्मा १२% आसपास मात्र रोजगारी सिर्जना गर्छन् । ती गाउँबाट सहर पसेका युवाले रोजगारी पाउँदैनन् । स्कुल, कलेजमा पढेको शिक्षाले कुनै पनि सीप सिकाउँदैनन् । त्यसैले ती युवाहरूले आफ्नै उद्यम चलाउन पनि सक्दैनन् । उनीहरू रोजगारीनिम्ति विदेश जान बाध्य हुन्छन् । दैनिक करिब दुई हजारका दरले र वर्षेनी ६/७ लाखका दरले युवा विदेश पस्छन् । तिनले विदेशबाट कमाएर पठाएको पैसा (रेमिटेन्स) बर्सेनि करिब रु. १४ खर्व हुन्छ। त्यो भनेको देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) को करिव २७% हो । त्यसैबाट केही राज्यले राजस्वको रूपमा उठाएर कर्मचारीले तलबभत्ता खान्छन् । केही ऋण र ब्याज असुलीको रूपमा साहु, बैंक, सहकारीले लिन्छन् । धेरै रकम विदेशबाट सामान आयातमा खर्च हुन्छ। नेपालले विदेशतिर निर्यातभन्दा आयात १३ गुना बढी गर्छ। सरकारले नियमित र विकास खर्च धान्न नसकेर विदेश र स्वदेशबाट ऋण लिन्छ। त्यो ऋण अहिले रु. २५ खर्ब पुगेको छ, जुन देशको कुल गार्हस्थ उत्पादनको ४४% हो । त्यसको वर्षेनी साँवा ब्याज तिर्न सवा ३ खर्ब खर्च हुन्छ, जुन कुल वार्षिक विकास खर्चभन्दा केही बढी हो । ती विदेश जाने र रेमिटान्स पठाउने युवाका छोरा-छोरीले जन्मदैमा रु. ९० हजार ऋण कमलो थाप्लोमा बोकेर जन्मिन्छन् । त्यही रेमिटान्स र ऋणको पैसाबाट ठेकेदार, विचौलिया, कर्मचारी र ठूला दलका नेता-कार्यकर्ताहरूले भ्रष्टाचार गरेर ऐश आराम गर्छन् । यही नेपाली अर्थतन्त्रको वर्षौंदेखिको दुष्चक्र हो ।

यही दुष्चक्र तोड्न नसकेर नेपाल हिजो भन्दा आज केही सम्पन्न भएजस्तो देखिए पनि आवश्यकता, सम्भावना र अरु देशको तुलनामा आर्थिक रुपले झन् कमजोर भइरहेछ। विश्वको वार्षिक प्रतिव्यक्ति जि.डी.पी. १४ हजार डलर छ। नेपालको १४ सय डलर मात्र छ। त्यो दूरी मेटाउन हामीले केही दशकसम्म निरन्तर दुई अंक अर्थात् १० प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि गर्नुपर्छ। तर गत साठी वर्षमा हामीले एक वर्ष पनि दुई अंकको आर्थिक वृद्धिदर हासिल गरेका छैनौं। उदाहरणको निम्ति, सन् १९६० मा हाम्रो प्रतिव्यक्ति जी.डी.पी. ३२७ डलर थियो भने चीनको हाम्रो भन्दा कम २३८ डलर मात्र थियो । तर यस बीचमा उसले ४६ वर्ष दुई अंक वा ७ प्रतिशत भन्दा माथि वृद्धि गऱ्यो र अहिले उसको १२ हजार डलर माथि छ तर अहिले हामी उसको भन्दा झण्डै दश गुना पछि छौं ।

अर्थतन्त्र पिछडिनुको सँगसँगै वर्गीय, जातीय, क्षेत्रीय रूपमा असमानता पनि उत्तिकै गम्भीर छ। पहाड र मधेसका दलित, मुस्लिम र कर्णाली प्रदेश गरीबीले सबभन्दा बढी पीडित छन्। अझै देशका कुल २०% जनता गरीबीको रेखामुनि छन्। आम्दानीका हिसावले देशको १०% धनीसँग ४२% छ भने तलका ५०% सँग १७% मात्रै छ। शिक्षा र स्वास्थ्यमा पहुँचको अवस्था उस्तै चिन्ताजनक छ। २४% जनता अझै निरक्षर छन्। जीवन उपयोगी र रोजगारमूलक शिक्षाको अभावमा बर्सेनि एक लाख भन्दा बढी विद्यार्थी पढ्न विदेश जान्छन्। रोजगारी र पढाइको निम्ति छिमेकी भारत र विश्वभरका १७२ देशमा ५० औं लाख नेपाली जान बाध्य भइरहेका मात्र छैनन् शिक्षित र दक्ष जनशक्ति समेत रोजगारी निम्ति ठूलो मात्रामा विदेश लाग्नु वा पलायन हुनु देशको गम्भीर अर्थ-राजनीतिक संकटको अभिव्यक्ति हो। उदाहरणको निम्ति, जीवन र स्वास्थ्यको निम्ति सबभन्दा आवश्यक दक्ष जनशक्ति चिकित्सकहरू मात्रै सन् २०२० देखि २०२४ सम्म प्रत्येक वर्ष मेडिकल काउन्सिलमा दर्ता भएकाहरू कुल ८२४ जना मध्ये ६३६ जना अर्थात् ७४% विदेश लाग्नु भनेको हाम्रो जस्तो अल्पविकसित देशको निम्ति कति भयंकर बिडम्वना हो? बैंकिङ क्षेत्र, सहकारी क्षेत्रलगायतका वित्तीय क्षेत्रका समस्या उत्तीकै भयावह छन्। लाखौं साना वचतकर्ता भएको सहकारी क्षेत्रको बेथिति, भ्रष्टाचार र अपचलनको विषय ज्यादै पेचिलो र मार्मिक छ।

अर्थतन्त्रका यी गम्भीर संरचनात्मक समस्याहरूलाई टालटुल गरेर समाधान हुन सक्दैन। संविधानमै लेखिएको वैज्ञानिक भूमिसुधारको कुरा

निरन्तर 'कम्युनिस्ट' हरू नै सत्तामा रहँदा एक इन्च अघि नबढ्नु भन्दा ठूलो बिडम्वना के हुनसक्छ ? समग्रमा किनारा पुँजीवाद र आसेपासे पुँजीवादको दुष्चक्रमा परेको नेपाली अर्थ-राजनीतिको अग्रगामी रूपान्तरणनिम्ति पनि वैकल्पिक राजनीति अनिवार्य भएको छ।

**२.३ राजनीतिक शक्तिहरूको विश्लेषण**

ऐतिहासिक रुपले ढिलो लोकतान्त्रीकरण भएका कारण नेपालमा सयौंको संख्यामा निर्वाचन आयोगमा दर्ता भएका, नभएका र दर्जन हाराहारीमा संसद्मा (संघ र प्रदेश) प्रतिनिधित्व भएका राजनीतिक दलहरू छन्। तिनलाई तिनको मूल वैचारिक-राजनीतिक प्रवृत्ति र चरित्रका आधारमा वर्गीकरण गरेर मूल्यांकन गर्नु सान्दर्भिक हुनेछ।

**(क) उदारवादी लोकतान्त्रिक धार**

व्यक्तिको निजी स्वतन्त्रतालाई प्रधानता दिने र पुँजीवादी खुला बजार अर्थतन्त्रको पैरवी गर्ने उदारवादी लोकतान्त्रिक धारको मुख्य प्रतिनिधि नेपाली कांग्रेस हो। प्रजातान्त्रिक समाजवादको कुरा गरेर २००७ सालदेखिको लोकतान्त्रिक आन्दोलनसँग जोडिएको र विभिन्न राजनीतिक प्रवृत्तिका व्यक्ति र समुदायहरू पनि जोडिदै आएकाले यसको देशभर उल्लेख्य आधार छ। परन्तु यसले बि.पी. कोइरालाको समय यता वैचारिक, राजनीतिक, कार्यक्रमिक ढंगले खासै प्रगति र नयाँपन प्रदर्शन गर्न सकेको छैन। पटकपटक सत्ताको नेतृत्व गर्दा पनि देशका राजनीतिक, आर्थिक, प्रशासनिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा गुणात्मक रूपान्तरण गर्न सकेको छैन। बरु यसका नेताहरू सधैं कुनै न कुनै भ्रष्टाचार र अनियमिततासँग जोडिने गरेका छन्। देशका गम्भीर प्रकृतिका अर्थ-राजनीतिक समस्या र नयाँ युगको नयाँ कार्यभार यो ऐतिहासिक रुपले पुरानो भइसकेको राजनीतिक धार र शक्तिबाट पूरा हुन असम्भव छ।

**(ख) साम्यवादी धार**

एमाले, माके लगायत 'नेपाल कम्युनिस्ट पार्टी' का विभिन्न समूहहरूले प्रतिनिधित्व गर्ने साम्यवादी धारको प्रभाव देशभर उल्लेख्य रूपमा छ। पहिले निरंकुश पंचायती राजतन्त्र विरोधी आन्दोलन र पछि मुख्यतः दशवर्षे सशस्त्र जनयुद्ध र संयुक्त जनआन्दोलन मार्फत नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेकाले यो धारको प्रभाव रहनु स्वाभाविक छ। परन्तु पटकपटक सत्ताको नेतृत्व गरे पनि यो धारको नेतृत्वले देशका गम्भीर संरचनात्मक समस्या समाधान गर्न नसक्नु, भनाइ र गराइमा कुनै तादात्म्य नरहनु, यिनका नेता र उच्चतहका कार्यकर्ताहरू विभिन्न भ्रष्टाचार, अनियमिततामा मुछिनु आदि कारणले आम जनताले कांग्रेस र कम्युनिस्टमा कुनै फरक महसुस गर्न सकिरहेका छैनन्। बलिदानीपूर्ण जनयुद्धको जगमा बनेको माकेको मूल नेतृत्व झन् तीव्र गतिमा भ्रष्टाचार, अनियमितता, शक्तिकेन्द्रहरूको दलाली र वर्ग-उत्थानीकरणको दलदलमा फसेकाले एमाले र माकेबीचमा कुनै तात्विक अन्तर छैन। साथै हिजोको एकदलीय कम्युनिष्ट सत्ता सबैतिर ढल्दै गएको, संसदीय कम्युनिस्टहरू सबै देशमा कमजोर बन्दै गएको स्थितिमा त्यसका वैचारिक-राजनीतिक-सांगठनिक-व्यवहारिक कारणहरूको वस्तुसंगत निराकरण नगरी पुरानै ढाँचामा कम्युनिस्ट पार्टीहरू नेपालमा मात्रै लामो समय टिक्ने अपेक्षा गर्न सकिन्न। तत्कालको ठोस सन्दर्भमा नेपालको मुख्य आवश्यकता रहेको तीव्र आर्थिक रुपान्तरण र नयाँ पुस्ताको अक्कासिएको आकांक्षाको पूर्ति जुनसुकै ब्राण्डका कम्युनिस्टहरूबाट पनि पूरा हुनसक्ने देखिन्न।

**(ग) पुनरुत्थानवादी सम्वर्द्धनवादी धार**

धार्मिक राज्य र राजतन्त्रको वकालत गर्ने यो धारको मुख्य प्रतिनिधि राप्रपा हो। जुनसुकै समाज पनि अग्रगामी, यथास्थितिवादी र पश्चगामी सोच राख्ने मानिसहरूले बन्ने हुँदा इतिहासमा ढिलो गरी लोकतान्त्रीकरण भएको नेपालमा केही प्रतिशत पश्चगामी सोच राख्नेहरूको उपस्थिति हुनु स्वाभाविक कुरा हो। २१ औं शताब्दीको चेतना बोकेका अत्यधिक नेपालीहरू जतिसुकै समस्या आइपरे पनि अँध्यारो युगतिर होइन उज्यालो युगतिर नै उन्मुख हुनेछन् भनेर हामीले विश्वास गर्नुपर्छ।

**(घ) जातीय/क्षेत्रीय पहिचानवादी धार**

बहुजातीय बहुभाषिक र क्षेत्रीय विविधतायुक्त नेपालमा भर्खरै राज्यको संघीय ढाँचामा पुनर्संरचना भएकाले विभिन्न नाउँमा जातीय/क्षेत्रीय पहिचानवादी पार्टीहरू जन्मने र बिलाउने भइरहेका छन्। खासगरी मधेसी, आदिवासी जनजाति र थारु बाहुल्य क्षेत्रहरूमा त्यो प्रवृत्ति देखिएको छ। नेपाल जस्तो अल्पविकसित र जटील भूराजनीतिक अवस्था भएको देशमा जातीय/क्षेत्रीय समस्यालाई समावेशी चरित्रको देशव्यापी राष्ट्रिय शक्तिले मात्र हल गर्न सक्छ। अतः कालान्तरमा जातीय/क्षेत्रीय दलहरू एकाकार हुने वा बिलाउँदै जाने अनुमान गर्न सकिन्छ।

(ङ) **नयाँ/वैकल्पिक शक्तिहरू**

नेपाली इतिहासमा पहिलो चोटि जननिर्वाचित संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनेपछि र २१औं शताब्दीसँगै चौथो औद्योगिक क्रान्तिको नयाँ युग सुरु भएपछि नयाँ युगको नयाँ कार्यभार पूरा गर्न विभिन्न ढंगले नयाँ/वैकल्पिक पार्टी र शक्तिहरूको उदय हुँदै गइरहेको छ। सर्वप्रथम २०७२ सालमा संविधान जारी भए पश्चात 'नयाँ शक्ति अभियान' सुरु भएको थियो जुन अहिले नेसपा (नयाँ शक्ति) को रूपमा रहेको छ। यसले देशको प्रमुख कार्यभारहरूलाई ५ 'स' अर्थात् समृद्धि, सुशासन, संघीयता सहितको समावेशी र सहभागितामूलक लोकतन्त्र, स्वाधीनता र समुन्नत समाजवादको रूपमा परिभाषित गरेर स्पष्ट वैचारिक-राजनीतिक कार्यदिशा सहितको नयाँ/वैकल्पिक शक्ति निर्माण अभियानको उद्घोष गरेको थियो। त्यसपछिका चरणहरूमा विवेकशील साझा पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी लगायत उदाएका छन्। साथै स्थानीय तहहरूमा विभिन्न स्वतन्त्र व्यक्तिहरू अघि आएका छन्।

पुरानो विचार, दल, नेतृत्व, कार्यक्रम, शैलीको विकल्पमा उदाएका सबै शक्ति र व्यक्तित्वको सबै पाटो पक्ष अझै स्पष्ट हुन बाँकी छ। तैपनि पुराना दल र नेतृत्वप्रति आम जनसमुदाय र विशेषतः युवाहरूको चरम निराशा र आक्रोश बढ्दै गइरहेको स्थितिमा नयाँ/वैकल्पिक शक्तिहरूको उदयलाई सकारात्मक रूपमा लिनुपर्दछ। साथै देशलाई दिगो र अग्रगामी विकल्प दिन उनीहरूबीच सहकार्य र सहयात्राको प्रयत्न गर्नुपर्दछ।

## २.४. नयाँ शक्ति निर्माणको समीक्षा

हाम्रो पार्टी नेसपा (नयाँ शक्ति) लाई आगामी दिनमा देशको वैकल्पिक राजनीतिको अगुवा शक्तिको रुपमा विकसित गर्न नयाँ शक्ति अभियानको समीक्षा र त्यसका सकारात्मक र नकारात्मक अनुभवहरूको पाठबाट सिकेर अघि बढ्नुपर्छ।

संविधानसभाबाट संविधान निर्माण हुने प्रक्रिया अघि बढ्दै गर्दा २०७० चैत २ को 'नेपाल राष्ट्रिय साप्ताहिक' मा बाबुराम भट्टराईको लामो आलेख ''खाँचो नयाँ शक्तिको'' प्रकाशित भएको थियो। त्यसभन्दा पहिले विभिन्न ढंगले अरुबाट प्रयत्न गरिए पनि पहिलो पटक त्यस आलेखमा नयाँ शक्तिको युगीन आवश्यकता र औचित्य, त्यसको वैचारिक आधार, राजनीतिक एजेण्डा र निर्माणको बाटोबारे सुस्पष्ट व्याख्या गरिएको थियो। त्यसमा भनिएको थियो- "नयाँ समुन्नत विचार र त्यसका आधारमा नयाँ शक्तिको निर्माण आजको ऐतिहासिक आवश्यकता हो। पुँजीवादी क्रान्तिका प्राप्त उपलब्धिलाई संस्थागत गरेर आर्थिक र सामाजिक क्रान्ति गर्दै विकसित समाजवादतिर अगाडि बढ्न नयाँ शक्तिको निर्माण र त्यसको जन्म यतिखेरको आवश्यकता हो।''

नयाँ शक्ति निर्माण कसरी गर्ने त ? भन्ने बारे त्यहाँ सम्भावित विकल्पसहित भनिएको थियो- 'नयाँ शक्तिको उदय दुई वा तीन प्रक्रियाबाट हुनसक्छ। पहिलो, यिनै पार्टीहरूले आवश्यकता बोध गरेर आफूलाई रुपान्तरण गर्ने। नयाँ परिस्थिति सिर्जना भइरहेको छ भने पुरानो विचार, पुरानै पार्टी र पुरानै नेतृत्वबाट यो सम्भव हुँदैन। अर्को बाटो, सबै पार्टीभित्रबाट यो विचारलाई आत्मसात गर्नेहरू मिलेर नयाँ ध्रुवीकरण पनि हुनसक्छ। अथवा, यो सबै प्रक्रिया भन्दा फरक ढंगले नयाँ नेतृत्व जन्मन पनि सक्छ।''

त्यसपछि संविधान निर्माण प्रक्रिया पूरा नहोउन्जेल तत्कालीन माओवादी पार्टीभित्र र वाहिर यसबारे व्यापक बहस छलफल भएको थियो। २०७२ असोज ३ गते संविधान जारी भए पछि र अपेक्षा गरिए जस्तो पुराना पार्टी नयाँ आर्थिक समृद्धिको युग अनुकूल रुपान्तरित हुने कुनै सम्भावना नभए पछि एक्लाएक्लै पार्टी परित्याग गरेर जगैदेखि नयाँ शक्ति निर्माण अभियान सुरु गरिएको थियो। २०७२ माघ १० गते राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, सुरक्षा, कलाकारिता लगायतका विभिन्न क्षेत्रका व्यक्तिहरू सम्मिलित 'नयाँ शक्ति अभियान' विधिवत घोषणा गरिएको थियो। केही महिनाको देशव्यापी अभियानपछि २०७३ जेठ ३० गते काठमाडौंको दशरथ रंगशालामा करिव एक लाख देशभरिका अभियन्ता र आम जनसमुदायको उपस्थितिमा विधिवत् 'नयाँ शक्ति नेपाल' पार्टीको स्थापनाको घोषणा गरिएको थियो। त्यतिबेलै सम्पन्न राष्ट्रिय भेलाबाट पारित "नयाँ शक्तिका आधारतत्व'' शीर्षक राजनैतिक प्रतिवेदनमा स्पष्ट तथा वस्तुनिष्ठ रूपमा पार्टीको वैचारिक, राजनीतिक, सांगठनिक कार्यदिशा र तत्कालीन नीति तथा कार्यक्रमको व्याख्या गरिएको थियो। त्यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा समेत नयाँ वैकल्पिक राजनीतिबारे व्यापक तरंग सिर्जना गरेको थियो।

त्यसपछिका हाम्रा केही बाध्यतावश र केही अदूरदर्शितावश चालिएका कदमहरूले नयाँ वैकल्पिक राजनीतिक अभियानलाई गम्भीर क्षति पुऱ्याए। पहिलो, २०७४ वैशाखदेखि असोजसम्म भएका तीन चरणका स्थानीय निर्वाचनमा अन्य पार्टीहरूको चुनावचिन्हको प्रयोग। तत्कालीन प्रचण्ड सरकारले बदनियतपूर्ण, प्रतिशोधपूर्ण र षड्यन्त्रमूलक ढंगले नयाँ पार्टीहरूलाई चुनावचिन्ह नदिने ऐन बनायो। विभिन्न

onlinekhabar.com

पार्टीहरूसँग मिलेर त्यसविरुद्ध हामीले गरेको आन्दोलनलाई दबाएर उल्टै हामीलाई पुलिस हिरासतमा राख्ने हर्कतसम्म गर्‍यो । त्यो स्थितिमा हामीले पहाडमा एउटा मधेस केन्द्रित दलको चुनावचिन्ह लिएर स्थानीय चुनाव लड्न पुग्यौं । मधेसमा अर्को एक वामपन्थी दलको चिन्ह लिएर । त्यसले पार्टीलाई अपूरणीय क्षति पुर्‍यायो । भर्खरै जन्मेको नयाँ पार्टीलाई मुन्टैमा निमोठ्न खोज्ने हाम्रा विरोधीहरूले आमजनतामा भ्रम छर्ने अवसर पाए । हाम्रो वैकल्पिक राजनीतिक पहिचानबारे जनमानसमा नै भ्रम पर्‍यो । हामीले चिर्न सकेनौं । अहिले फर्केर हेर्दा हामीले स्वीकार गर्नैपर्छ, त्यसरी कुनै क्षेत्रीय पार्टीको चुनावचिन्ह लिनु सट्टा कि हामीले स्वतन्त्र चिन्ह लिनु पर्थ्यो कि चुनाव लड्न हुँदैनथ्यो । त्यसको लगत्तै २०७४ को प्रतिनिधिसभा निर्वाचन निम्ति वामपन्थी दलहरूसँग गठबन्धनको प्रयासले पार्टीको छविलाई अरु धमिल्याउने काम मात्र गर्‍यो ।

दोस्रो, हामीले २०७६ वैशाखमा एउटा मधेस केन्द्रित दलसँग एकता गरेर 'समाजवादी पार्टी' बनायौं । अनि ठिक एक वर्षपछि २०७७ वैशाखमा अर्को मधेस केन्द्रित दलसँग एकता गरेर 'जनता समाजवादी पार्टी' बनायौं । हाम्रो मनसाय पवित्र थियो । हिमाल, पहाड, मधेस जोडेर हामी राष्ट्रिय एकता समृद्ध गर्न चाहन्थ्यौं । एकातिर त्यो प्रयोग लामो समय टिकेन । अर्कोतिर पुरानै सोच र शैली भएकाहरूसँगको एकताले हाम्रो वैकल्पिक राजनीतिक पहिचान र स्वच्छ नैतिक छविलाई समेत प्रश्न गर्ने ठाउँमा पुर्‍याइदियो ।

तेस्रो, २०७९ असारमा 'नेपाल समाजवादी पार्टी' को रुपमा पुनर्गठित गरिसकेपछि २०७९ मंसिरमा भएको आम निर्वाचनमा माओवादी केन्द्रसँग साझा चुनावचिन्ह लिनु र निर्वाचन क्षेत्र गोरखा-२ प्रचण्डलाई छोड्नु गम्भीर गल्ती थियो । एमालेबाट अलग्गिएपछि अप्ठ्यारोमा परेको माके र भर्खर नेसपाको रुपमा पुनर्गठित भएको बेला अलमलमा परेका हामी बीचको हतारो निर्णयको दुष्परिणाम थियो त्यो चुनावी तालमेल । प्रचण्डलाई गोरखा-२ छोड्नु हाम्रो नेतृत्वको सदासयतापूर्ण उदारवादी कमजोरी थियो । पछि बेइमानीपूर्ण र मूल्यहीन सत्तादेखिसत्तासम्मको राजनीति गर्नेहरूले भ्रम फैलाएझैं त्यहाँ अरू कुनै अपारदर्शी समझदारी वा लेनदेन केही थिएन । हुन पनि सक्दैन । वैचारिक-राजनीतिक ढंगले माओवादी आन्दोलनको अध्याय नेपालमा पूरा भइसक्यो, अब नयाँ युगको यात्रा नयाँ ढंगले गर्नुपर्छ भनेर स्वेच्छिक र खुला रुपमा नयाँ वैकल्पिक राजनीतिक अभियानमा हिँडिसकेका हामीले आफ्नो ऐतिहासिक दायित्व बिर्सेर फेरि पछि फर्कने कुरा असम्भव र कल्पना बाहिरको कुरा हो । षड्यन्त्र र जालझेलमा पोख्त र क्रान्तिकारी निष्ठा र आदर्शबाट स्खलित भएकाहरूसँग निकट हुनुहुन्न भन्ने अमूल्य पाठ हामीले यसबाट सिकेका छौं ।

यी कमि कमजोरीका बाबजुद कैयौं सकारात्मक काम र अनुभवहरू पनि भएका छन् । लुम्बिनी संकल्प २०७४, चिवा भन्ज्याङ-झुलाघाट मध्यपहाडी लोकमार्ग यात्रा २०७५, विद्यार्थी मोर्चाले गरेको शैक्षिक सुधार सत्याग्रह, २०८१ आदिले वैकल्पिक राजनीतिबारे राष्ट्रिय जनमत निर्माण गर्न सकारात्मक योगदान गरेको छ । सानो संख्याको उपस्थिति हुँदा पनि संघीय प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहमा हाम्रो पार्टीको तर्फबाट निर्वाचित प्रतिनिधिहरूले अरु पार्टीहरू भन्दा भिन्न, सकारात्मक र उत्कृष्ट कार्यसम्पादन गरेका छन् । विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय परिघटनाहरूबारे हाम्रो वस्तुपरक विश्लेषण र प्रस्तुतीले अरुलाई समेत दिशाबोध गर्ने गरेको छ । हाम्रो सुस्पष्ट वैचारिक-राजनीतिक दृष्टिकोण र स्वच्छ छवि वैकल्पिक राजनीतिक अभियानमा लाग्नेहरूकानिम्ति प्रेरणास्रोत बन्ने गरेको छ । संख्यात्मक ढंगले विकासको गतिमा केही मन्दता आए पनि पार्टी र वैकल्पिक राजनीतिको संगठनात्मक संजाल देशभर र प्रवासमा फैलदै गएको छ ।

भनिन्छ, घोडा चढ्ने मान्छे लड्छ । समाज रुपान्तरणको अग्रगामी महान् अभियानमा हिँडेको यात्री लडे पनि धुलो टक्टक्याएर पुनः घोडा चढ्छ र अगाडि बढ्छ । हामी पनि यी घुम्तीहरू र कमीकमजोरीहरूबाट पाठ सिकेर नयाँ वैकल्पिक राजनीतिक अभियानमा दृढ भएर अघि बढिरहेछौं । २०८० चैत ५ गतेको केन्द्रीय समिति बैठकबाट पार्टीभित्र बेलाबखत लाग्ने धमिराहरूलाई पन्छाएर र पार्टीको स्थापनाकालीन प्रतिबद्धतालाई पुनः आत्मसातीकरण गरेर त्यसयता पूरै पार्टीपंक्ति आफ्नो घोषित मिशनमा अघि लम्किरहेछ । २०८१ कात्तिक ५ र ६ गते पोखरामा सम्पन्न विधान अधिवेशनबाट पार्टीको नाममा पुनः 'नयाँ शक्ति' जोडिएपछि आफ्नो असली पहिचान पुनर्प्राप्ति गरेको छ र थप ऊर्जाका साथ गन्तव्यमा अघि बढिरहेछ । नयाँ शक्ति अभियानमा स्थापनाकालदेखि जोडिएका तर विभिन्न कारणले पछि अलग्गिएका सबैलाई यो महाभियानमा पुनः जोडिन हामी हार्दिक आग्रह गर्दछौं ।

onlinekhabar.com

## ३.० नेपालमा वैकल्पिक राजनीतिका प्रमुख कार्यभार

राजनीति तत्कालीन समाजमा विद्यमान अन्तरविरोध अथवा समस्या समाधान गर्ने साधन हो, आफैंमा साध्य होइन। वैकल्पिक राजनीति भनेको राजनीतिको विकल्प वा कुनै पार्टीको विकल्प नभएर नयाँ युगको नयाँ अन्तरविरोध वा समस्यालाई अझै वस्तुसंगत, सर्वाङ्गीण र दिगो ढंगले समाधान गर्ने नयाँ साधन हो। समाजको कुनै कालखण्डमा एकै साथ एक भन्दा बढी अन्तरविरोध वा समस्या हुन्छन् र ती आपसमा अन्तरसम्बन्धित हुन्छन्। त्यसैले सही र वैकल्पिक राजनीतिले तिनको प्राथमिकीकरण गरेर प्रमुख अन्तरविरोध वा समस्यालाई पहिले हल गर्न 'जोड' दिने र अरू समस्याको हल गर्न 'ध्यान' दिने गर्नुपर्छ। पछि क्रमशः अन्तरविरोध वा समस्याको प्राथमिकतामा फरक आएसँगै प्रमुखलाई 'जोड' दिने र सहायकलाई 'ध्यान' दिने गर्दै जानुपर्छ । यो चक्र पटकपटक दोहोऱ्याएर अन्त्यमा सबै समस्या सापेक्ष ढंगले हल गर्नुपर्छ। समाज र राज्य रहुन्जेल निरपेक्ष ढंगले सबै समस्या पूर्ण रूपले हल त कहिले पनि हुँदैन।

त्यस हिसावले हामीले नयाँ शक्ति अभियानको थालनीको बेलादेखि नै समकालीन नेपालका थुप्रै अन्तरविरोध/समस्या मध्ये ५ वटालाई मुख्य भनेर किटान गरेका छौं। तीन हुन्-

(क) **पिछडिएको आर्थिक आधार र विकसित राजनीतिक उपरी संरचना बीचको अन्तरविरोध** : अर्थात्, देशमा लामो संघर्षपछि बनेको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानमा सबै तह र तप्काका जनताको स्वतन्त्रता र अधिकारका थुप्रै कुरा लेखिएका छन्, भलै ती अझै अपूर्ण छन्। तिनलाई पूर्ण रुपले लागू गर्ने हाम्रो राज्य र समाजको आर्थिक क्षमता र हैसियत छैन। तीव्र आर्थिक विकास र समृद्धि विना यो तत्काल देशको सबभन्दा ठूलो समस्या हल हुनसक्दैन। यो सबभन्दा ठूलो अन्तरविरोध हो।

(ख) **परम्परागत औपचारिक लोकतन्त्र र वास्तविक लोकतन्त्रको आवश्यकताबीचको अन्तरविरोध** : अर्थात्, हामीले संविधानमा उत्पीडित वर्ग, जाति, लिंग, वर्णलगायतको समान अधिकार र सहभागिताको कुरा गरेका छौं। राज्यको तीन तहका संघीय संरचनाको कुरा गरेका छौं। व्यवहारमा परम्परागत र नवोदित सम्पन्न, सभ्रान्त वर्ग, कथित उच्चजाति, पुरुषलगायतको एकाधिकार कायम छ। लोकतन्त्रको नाममा दलतन्त्र, गुटतन्त्र, नेतातन्त्र र व्यक्तितन्त्र बनेको छ। संघीयता भने पनि व्यवहारमा एकल केन्द्रीयतन्त्र कायम छ। यो अन्तरविरोध हल नभएसम्म देशमा दीगो र समतामूलक समृद्धि हासिल हुनसक्दैन।

(ग) **सुशासन तथा मूल्य आधारित राजनीतिको आवश्यकता र भ्रष्ट राज्ययन्त्र तथा दोहनकारी राजनीति बीचको अन्तरविरोध** : अर्थात्, संविधान र कानुनमा विधिको शासन, पारदर्शीता, चुस्त सेवाप्रवाह आदिको कुरा गरिएको छ तर सबै तहमा कर्मचारीतन्त्र, सुरक्षा अंग, न्यायालयलगायत राज्यका अंग भ्रष्टाचार, ढिलासुस्ती, कुशासनबाट ग्रसित छन्। राजनीति जनताको सेवा सट्टा राज्यदोहनको साधन, विचौलियाहरूको र आसेपासेहरूको र चलखेलको हतियार बनेको छ। यो समस्याको समाधान विना देशको उन्नति र प्रगतिको कल्पनै गर्न सकिन्न।

(घ) **भूमण्डलीकरण र बढ्दो भूराजनीतिक तनाव र राष्ट्रिय हित र स्वाधीनताको रक्षा बीचको अन्तरविरोध** : अर्थात्, औपचारिक रूपमा नेपाल सार्वभौमसत्ता सम्पन्न र स्वाधीन देश हो तर राजनीतिक र आर्थिक रूपमा देश गम्भीर रूपले परनिर्भर बन्दै गइरहेछ। आगामि दशकमा हिमाली क्षेत्रमा विश्वका तीन ठूला अर्थतन्त्र चीन, अमेरिका र भारतबीचमा भूराजनैतिक द्वन्द्व चर्केर जाने र नेपालको स्वाधीनतामा ठूलो दबाब पर्ने आंकलन गरिँदैछ।

(ङ) **वैचारिक जडता वा विचारहीनता र युगानुकूल विकसित विचारको आवश्यकताबीचको अन्तरविरोध** : अर्थात्, तीव्र गतिले बदलिदो विश्व परिस्थिति, नवीन ज्ञानविज्ञान र प्रविधिको आविष्कार, नयाँ पुस्ताको नयाँ आकांक्षा र समष्टीमा नयाँ युग परिवर्तनले पुराना विचार र दर्शनको परिमार्जन र विकासको माग गरिरहेको छ। तर विश्वमा र नेपालमा कि त उही पुरानो विचारमा टाँसिइरहने कि विचारविहीन पपुलिज्म, स्वस्फूर्ततावादमा बग्ने प्रवृत्ति हावी हुँदै गइरहेछ। यो वैचारिक समस्या हल नभएसम्म नेपाली समाजको आधारभूत अन्तरविरोधहरू हल गर्नै सकिन्न।

यी एकआपसमा गुजुल्टिएका आधारभूत मुद्दालाई हामीले क्रमशः समतामूलक समृद्धि, संघीयतासहितको समानुपातिक समावेशी र सहभागितामूलक लोकतन्त्र, सुशासन तथा सदाचार, स्वाधीनता र समुन्नत समाजवादसहितको '५स' मार्फत हल गर्नुपर्ने प्रमुख कार्यभार भनेर किटान गरेका छौं र तिनको समाधानलाई पार्टीको मूल कार्यदिशा भनेका छौं। यी मध्ये सुरुको चरणमा 'समतामूलक समृद्धि' लाई केन्द्रमा

onlinekhabar.com

राखेर सबै मुद्दाहरूलाई एकीकृत ढंगले उठाउनुपर्छ भन्ने संश्लेषण गरेका छौं। साथै परिस्थितिमा फेरबदल भए सँगसँगै नयाँ प्राथमिकीकरण गरेर जाने कुरामा ध्यान दिन आवश्यक हुने ठहर गरेका छौं।

### ३.१. समतामूलक समृद्धिको विपना साकार

सम्भवतः सुरुमा नेपालमा हामीले नै 'समृद्धि' शब्द लोकप्रिय प्रचलनमा ल्याएका हौं। अहिले यो शब्द सबैको मुखको थेगो जस्तो बनेको छ। परन्तु यथास्थानमा उल्लेख गरिए झैं नेपालको अर्थतन्त्र विश्वको करिव पुछारमा रहेको (दक्षिण एशियामा अफगानिस्तानसँगै सबभन्दा तल र विश्वमा सत्रौं स्थान, सन् २०२३) र अझै पूर्व-औद्योगिक क्रान्तिको अवस्थामा रहेको छ। यसलाई केही दशकभित्र विश्वको औसत मध्यमस्तर हुँदै उच्च विकसित स्तरसम्म पुऱ्याउन कसरी भीषण धक्का दिएर उडान भर्नु (टेक अफ) पर्छ भन्नेबारे चाहिँ कसैले चर्चा र प्रयास नगर्नु अत्यन्त विडम्बनापूर्ण छ। यो कसैको नियत भन्दा पनि दृष्टिकोण र प्रतिवद्धताको कमिको कुरा हो। विश्वका आजका विकसित देशहरू कुनै बेला हामी जस्तै अल्पविकसित थिए। उनीहरूले आआफ्नै सापेक्षतामा राजनीतिक क्रान्ति गरेर र पछि आवश्यक नीति र संस्था निर्माण गरेर केही दशकसम्म आर्थिक क्रान्ति अर्थात् 'टेक अफ' वा 'ग्रेट लिप' (महान छलांग) गरेका थिए। जसरी पानीलाई वाफ बनाउन सय डिग्रीसम्म तताउनु पर्छ, हवाइजहाज उडाउन ३९० माइल प्रतिघण्टा रनवेमा कुदाउनुपर्छ। त्यसैगरी युगौंदेखि निर्वाहमुखी कृषिमा आधारित मध्ययुगीन अर्थतन्त्रलाई आधुनिक औद्योगिक/सेवा प्रधान अर्थतन्त्रमा बदल्न एकीकृत ढंगले निश्चित नीतिगत, संस्थागत र क्षेत्रगत क्रमभंग गर्नैपर्छ। नत्र जसरी 'बयलगाडा चढेर अमेरिका पुगिन्न' अहिलेको कछुवा गति र टालटुले नीतिले नेपालमा समृद्धि हासिल हुँदै हुन्न। अहिले जे भइरहेको छ स्वतस्फूर्त मात्र भइरहेको छ। जबकि विश्वको आर्थिक इतिहासले भन्छ- ठूलो राजनीतिक परिवर्तनपछि राज्यको विशिष्ट रुपान्तरणकारी नीतिमार्फत् केही दशकसम्म दुई अंकको आर्थिक वृद्धि हासिल गरेर र न्यायपूर्ण वितरण तथा सामाजिक सुरक्षा कार्यक्रम लागू गरेर अर्थतन्त्रको गुणात्मक परिवर्तन हुन्छ। हाम्रै जीवनकालमा चीन, कोरिया, सिंगापुर, मलेसियालगायत तिनका साक्षी हुन्। नेपालको अहिलेको आवश्यकता त्यही हो र त्यो विल्कुल सम्भव छ। दूरदृष्टियुक्त नेतृत्व र स्थीर सरकारको अगुवाइमा महत्वपूर्ण संरचनात्मक परिवर्तन र आर्थिक समृद्धिको वस्तुपरक मार्गीचित्र र ५ वर्ष, १० वर्ष र २५ वर्षको योजना बनाएर कडाइपूर्वक कार्यान्वयन गर्नुपर्दछ। नेसपा (नयाँ शक्ति) को समतामूलक समृद्धि सम्बन्धी अवधारणालाई संक्षिप्त र बुँदागत रूपमा यसरी राख्न सकिन्छ :

पहिलो, वर्तमान युग र नेपालको विशिष्टताको सापेक्षतामा हाम्रो समृद्धिको अवधारणा किटान गर्नुपर्छ र प्राथमिकता निर्धारण गरिनुपर्छ। हाम्रो अर्थतन्त्र अझै प्राक्-औद्योगिक (प्रि-इन्डस्ट्रियल) चरणमा भएको तथा उत्पादन र उपादकत्व नै अति न्यून भएकाले पहिलो चरणमा तीव्र वृद्धिमा 'जोड' दिनुपर्छ। साथसाथै समन्यायिक वितरण, पर्यावरणीय दिगोपन र मानवीय खुसीका पक्षहरूलाई 'ध्यान' दिनुपर्छ। यस्तो चार आयामिक नीति हाम्रो मौलिक आर्थिक समृद्धिको नीति हुनुपर्छ। दुई अंकको आर्थिक वृद्धिदर हासिल गर्नलाई कुल गार्हस्थ उत्पादन (जीडीपी) को करिब ४० प्रतिशत पुँजीगत लगानी गर्नुपर्ने हुन्छ। त्यसनिम्ति आन्तरिक रूपमा राज्य, निजी र सामुदायिक क्षेत्रको लगानी र ठूलो मात्रामा वैदेशिक लगानी आकर्षित गर्नुपर्छ। त्यो कसरी जुटाउने र कुन क्षेत्रमा कसले कति लगानी गर्ने भन्ने विषय राजनीतिक विचारधाराको क्षेत्र हो। त्यसो हुँदा पुरानो उदारवादी र साम्यवादी धारभन्दा हाम्रो नयाँ समुन्नत समाजवादी धार नै बढी उपयोगी र सहज हुने यहाँ विशेष स्मरणीय छ। जसअनुसार सामान्यतः शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र ठूला पूर्वाधारहरूमा मुख्य दायित्व राज्यको हुने र अरू कृषि, उद्योग, सेवालगायतका क्षेत्रमा निजी तथा सामुदायिक क्षेत्रको लगानी प्रमुख हुनेबारे प्रष्ट हुनुपर्दछ। अर्थतन्त्रको विकास सँगसँगै र कुल उत्पादन तथा उपादकत्वको वृद्धि सँगसँगै समन्यायिक वितरण, पर्यावरण संरक्षण र मानवीय खुसीका पक्षहरूमा 'बढी ध्यान' दिँदै जानुपर्दछ। किनकि नेपाली समाजको वर्गीय, जातीय, वर्णजन्य, क्षेत्रीय संरचनालाई विशेष ध्यान दिँदै सामाजिक न्याय र सुरक्षालाई जोड दिनु अत्यावश्यक हुन्छ। साथै हिमाली श्रृंखलाको विशेष संवेदनशीलता र आम जनस्वास्थ्यमा पर्यावरणको महत्वलाई ध्यान दिँदै पर्यावरणीय दिगोपन पनि हाम्रो विकास नीतिको महत्वपूर्ण आयाम हुनेछ। भौतिक सेवासुविधा सँगसँगै मानिसको तनाव व्यवस्थापन र आत्मिक खुसीकोनिम्ति योग, ध्यानलगायत विधिको प्रयोग गरिनुपर्दछ।

यस्तो औद्योगिकीकरण, आधुनिकीकरण र सहरीकरण सँगसँगै पर्यावरण संरक्षण र मानवीय आत्मिक खुसीको पक्ष पनि संयोजन भएको विकास दर्शन वा बाटोलाई 'आलोचनात्मक आधुनिकतावाद' (क्रिटिकल मडर्निज्म) को बाटो भन्नु उपयुक्त हुन्छ जुन वैकल्पिक राजनीतिको एक महत्वपूर्ण आयाम हो। साथै राज्य, निजी क्षेत्र र सामुदायिक क्षेत्रको दायित्वको उचित सन्तुलन मिलाउनुपर्ने हुन्छ। अनि प्राथमिक चरणमा

onlinekhabar.com

ठूलो मात्रामा कायम रहेको निर्वाहमुखी कृषि अर्थतन्त्रलाई वैज्ञानिक भूमिसुधार र अन्य विधिमार्फत् औद्योगिक र सेवा प्रधान अर्थतन्त्रमा रुपान्तरण गर्नुपर्ने हुन्छ। यो विकासको बाटोलाई 'पूर्वी एसियाली बाटो' वा 'विकासमुखी राज्य' (डेभलपमेन्ट स्टेट) को बाटो पनि भन्ने गरिन्छ जुन वर्तमान नेपालमा निकै सान्दर्भिक हुनसक्छ। सुरुको यो चरणपछि 'आधुनिकतावादी' पक्ष कम र 'हरित अर्थतन्त्र' को पक्ष बढी पुऱ्याउने अवस्थामा पुगेपछि त्यसलाई 'नेपाली विकासको बाटो' पनि भन्न सकिन्छ।

दोस्रो, नेपालको सन्दर्भमा फलामको चिउरा चपाएजस्तै जटिल विषय, देशको आन्तरिक आर्थिक विकासको गतिलाई विश्व र मुख्यतः छिमेकीहरू र त्यसमा पनि खुला सिमाना भएको ९० गुणा ठूलो अर्थतन्त्र भएको भारतसँग पदचाप मिलाएर अघि बढ्ने विषय हो। सुगौली-सन्धीदेखि निरन्तर गाँठो कस्सिदै आएको भारतसँगको प्रभुत्व-पराश्रित (डोमिनान्स-डिपेन्डेन्स) र असमान विनिमय (अनइक्वल एक्सचेन्ज) सम्बन्धलाई कसरी खुकुलो पार्दै लगेर अन्त्य गर्ने र नेपाली राष्ट्रिय हितको दिगो ढंगले रक्षा गर्ने भन्ने विषय नेपाली अर्थ-राजनीतिको सम्भवतः सबैभन्दा जटिल र चुनौतीपूर्ण विषय हो। बाबुराम भट्टराईको प्रधानमन्त्रीकालमा यसैलाई मध्यनजर गर्दै प्रबुद्ध व्यक्तिहरूको समुह (इ.पी.जी., दुई पक्षीय लगानी अभिवृद्धि तथा संरक्षण सम्झौता (बी.आइ.पी.पी.ए.–विप्पा) र भारत चीन बीचको गतिशील पुलको अवधारणा अघि सारिएको थियो। विविध कारणले ती रणनीतिक महत्वका पहलहरू अहिलेसम्म कार्यान्वयन हुन नसक्नु पनि नेपालको आर्थिक दुरावस्थाको एउटा निर्णायक कारण हो  भनेर सबैले स्वीकार्नैपर्छ। यथास्थानमा उल्लेख गरिए झै अहिलेको भूमण्डलीकृत पुँजीवादी अन्तर्राष्ट्रिय आर्थिक प्रणाली र नेपाल जस्ता अल्पविकसित देशहरू त्यसको 'किनारा पुँजीवाद' को रूपमा नाभी झैं जोडिएको सन्दर्भमा हामीले विश्व र क्षेत्रीय आर्थिक प्रणालीको प्रवृत्ति र गतिलाई बुझेर नै आफ्नो राष्ट्रिय अर्थतन्त्रको दिशा निर्धारण गर्नुपर्ने बाध्यात्मक अवस्था भुल्नु हुँदैन।

त्यस हिसाबले नेपालको तीव्र आर्थिक विकास र समृद्धिको दुई वटा मोडेल हुनसक्छन्- एउटा, छिमेकी भारत र चीनको मूल्य श्रृंखलासँग जोडिएर र नेपाल ती दुई ठूला अर्थतन्त्रबीच गतिशील सेतु बनेर समृद्धि हासिल गर्ने मूलतः बहिर्मुखी विकासको मोडेल हो। यो छिटो विकास तर सुरुमा बढी परनिर्भर र बढी असमानतायुक्त देखिने आर्थिक रूपान्तरणको बाटो हो। त्यसनिम्ति भारत र चीन दुवैसँग त्रिपक्षीय ढंगले वा दुवैसँग अलग अलग द्विपक्षीय (जुन वर्तमान भारत-चीन तनावको सन्दर्भमा बढी व्यवहारिक हुनसक्छ) ढंगले मित्रवत् सम्बन्ध राख्नुपर्छ। बिप्पा जस्ता द्विपक्षीय लगानीका सम्झौता गर्ने, राष्ट्रिय गौरवका आयोजनामा समावेस गरिएका उत्तर-दक्षिण जोड्ने ठूला पूर्वाधारहरू छिटो सम्पन्न गर्ने लगायतका कार्य सम्पन्न गर्नुपर्दछ। दोस्रो मोडेल, पहिलो सम्भव नभएमा, नेपाल खाद्यान्न, ऊर्जा लगायतका अति संवेदनशील क्षेत्रमा पहिले आत्मनिर्भर बनेर र पर्यटन, डिजिटल प्रविधि, वित्तीय सेवा, शिक्षा/स्वास्थ्य सेवा, उच्च मूल्यका वस्तु उत्पादन गर्ने साना तथा मझौला उद्योग लगायतका क्षेत्रमा सम्पूर्ण विश्वसँग जोडिएर दिगो विकास र समृद्धि हासिल गर्ने मूलतः अन्तरमुखी विकासको मोडेल हो। यसलाई 'हरित विकास' को मोडेल पनि भन्न सकिन्छ र यो केही ढिलो गतिको पनि हुनसक्छ। जुनसुकै मोडेल वा बाटोबाट भए पनि वर्तमान भू-जडित र नभ-जडित भनिने विश्वमा पछिल्लो डिजिटल प्रविधि र अर्थतन्त्रका नयाँ नयाँ रुपहरू मार्फत आफ्नो प्रतिस्पर्धी क्षमताका आधारमा सम्पूर्ण विश्वसँग जोडिएर समृद्धि हासिल गर्न सकिन्छ। अतः कुनै एक वा केही देशसँग मात्र पराश्रित भएर बस्नु पर्दैन भन्ने आत्मविश्वास हामीले कायम गर्नपर्छ। त्यसनिम्ति अहिले देशको समुन्नत भविष्यप्रति विश्वस्त नभएर विभिन्न बहानामा सदाका निम्ति देश छोड्ने प्रवृत्तिलाई उल्टाएर गैरआवासीय नेपालीहरूलाई स्वदेश फर्कने र देशभित्रका सीपयुक्त र श्रमिक जनशक्तिलाई विशेष नीति तथा कार्यक्रममार्फत् देशभित्रै उन्नत र सुखी जीवन जिउने व्यवस्था युद्धस्तरमा गर्नुपर्दछ।

तेस्रो कुरा, तत्कालै हामीले हाम्रो अर्थतन्त्रमा विद्यमान गम्भीर संरचनात्मक समस्यालाई दिगो रुपमा हल गर्न र देशको अर्थतन्त्रलाई गुणात्मक ढंगले 'टेक अफ' गराउन कार्यकारी राष्ट्रपति मातहत रहने गरी एक उच्चस्तरीय अधिकारसम्पन्न 'आर्थिक विकास प्राधिकरण' मार्फत दीर्घकालीन र अल्पकालीन कार्ययोजना बनाएर महत्वपूर्ण संरचनात्मक सुधारका काम तीव्र गतिमा गर्नुपर्छ। त्यस क्रममा अहिलेसम्म सबभन्दा महत्वपूर्ण उत्पादनको साधन जमिनको सदुपयोगनिम्ति संविधानमा उल्लेख भए बमोजिम वैज्ञानिक भूमिसुधार गर्नुपर्छ। देशको सन्तुलित विकासका लागि वित्तीय संघीयताको सही कार्यान्वयन गर्नुपर्छ। उत्पादन वृद्धि, लगानी आकर्षण र बजार निर्माणकानिम्ति राष्ट्रिय गौरवका आयोजना घोषणा गरिएकासहित ठूला र महत्वपूर्ण पूर्वाधार आयोजनाको शिघ्र निर्माण गर्नुपर्छ। शिक्षालाई रोजगारमूलक, उत्पादनमुखी, जीवनोपयोगी बनाउन विद्यमान शिक्षाप्रणालीको आमूल रूपान्तरण गर्नुपर्छ। उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहित गर्न अनुसन्धान र सूचना प्रविधि क्षेत्रमा व्यापक लगानी गर्नुपर्छ। वित्तमा साना तथा मध्यम उद्यम-व्यवसायीहरूको पहुँच सुनिश्चित गर्न र वित्तलाई उत्पादनसँग जोड्न बैकिङ तथा

onlinekhabar.com

वित्तीय क्षेत्रमा आमूल सुधार गर्नुपर्छ। वैदेशिक रोजगारीबाट फर्केकाहरू र गैरआवासीय नेपालीहरूको लगानी अभिवृद्धि गर्न विशेष नीति र कार्यक्रम बनाउनुपर्छ। कला, साहित्य, संस्कृतिको विकास र संरक्षणको ठोस कार्ययोजना बनाएर तदारुकतासाथ कार्यान्वयन गर्नुपर्दछ।

चौथो, अर्थतन्त्रको कुल उत्पादन र उत्पादकत्व वृद्धि सँगसँगै त्यसको प्रतिफल न्यायपूर्ण ढंगले समाजका सबै तह र तप्कामा सुनिश्चित गर्न प्रगतिशील कर प्रणाली लगायतका नीतिगत सुधारको कार्ययोजना लागू गर्नुपर्छ। उत्पीडित तथा विपन्न वर्ग, लिंग, वर्ण, जाति, समुदाय, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरूका लागि एकीकृत सामाजिक सुरक्षा व्यवस्था, संस्थागत ढंगले कार्यान्वयन गर्नुपर्दछ। संविधानमा मौलिक हकको रूपमा स्थापित शिक्षा, स्वास्थ्य, आवास, दलित, बालबालिकासम्बन्धी हक लगायतलाई पूर्ण प्रतिबद्धताका साथ कार्यान्वयन गर्नुपर्दछ। जनक्रान्ति र लोकतान्त्रिक आन्दोलनमा शहादत प्राप्त गर्नेहरू र बेपत्ता पारिएकाहरूका परिवार र अपांग तथा घाइते बनेकाहरूको सम्मानजनक जीवनयापनको व्यवस्था गर्नुपर्दछ।

नेसपा (नयाँ शक्ति) को उपरोक्त दृष्टिकोण, अवधारणा र आम नीति अनुरुप आफ्नो घोषणा पत्रमा उल्लेख गरिए झैं अर्थतन्त्रका विविध क्षेत्र र सामाजिक-साँस्कृतिक क्षेत्रको ठोस नीति तथा कार्यक्रमहरू पार्टीको विज्ञ परिषद्, सम्बन्धित विभागहरू र त्यस क्षेत्रका विज्ञहरूको समेत संलग्नतामा निर्माण गरिनेछ।

तिनमा कृषि क्षेत्रको रुपान्तरण, औद्योगिक क्षेत्रको विकास, वित्त तथा व्यापार क्षेत्र, पर्यटन क्षेत्र, सूचना प्रविधि क्षेत्र, भौतिक पूर्वाधारको संजाल, शहरीकरण तथा बस्ती प्रणाली, बहुआयामिक ऊर्जा क्षेत्रको विकास, जलस्रोत, सिँचाइ र खानेपानीको समाष्टीगत क्षेत्र, स्थानीय तथा क्षेत्रीय विकास, पर्यावरण संरक्षण र हरित विकास, शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र, सामाजिक सुरक्षा, रोजगारी र आप्रवासन, गैरआवासीय नेपाली र विदेशी लगानी, कला-साहित्य, संस्कृति संरक्षण र विकासलगायतका क्षेत्रका विस्तृत कार्ययोजना हुनेछन्। तिनलाई सत्तामा नरहँदा सडक र सदनका मंचहरूमार्फत् प्रचारात्मक तथा दबाबमूलक रूपमा र संघ/प्रदेश/स्थानीय तहको सत्तामा पुगेको बेला सम्बन्धित तहका सरकारहरूमार्फत् दृढतापूर्वक कार्यान्वयन गरिनेछ।

यसरी वैकल्पिक राजनीतिको दिशाबोध र दूरदृष्टियुक्त स्थीर सरकारको नेतृत्वमा नेपाललाई १० वर्षभित्र मध्यम आय भएको (४५०० डलर) मुलुकमा र २५ वर्षभित्र विकसित (१४००० डलर) मुलुकमा रुपान्तरण गरिनेछ।

### ३.२ संघीयता सहितको समानुपातिक समावेशी र सहभागितामूलक लोकतन्त्रको विकास

लोकतन्त्र अर्थात 'जनताद्वारा जनताकोनिम्ति जनताको शासन' विना देशको विकास र समृद्धि गुणात्मक ढंगले हुन सक्दैन भन्ने इतिहाससिद्ध तथ्य हो। तर लोकतन्त्र भनेको निरन्तर विकास गर्दै लैजाने प्रक्रिया र प्रणाली हो। हाम्रो संविधानले व्यवस्था गरेको संघीय लोकतान्त्रिक गणतन्त्रका धेरै सकारात्मक पक्ष भए पनि त्यसमा कतिमय अपूर्णता र कमजोरीहरू रहेका छन्। त्यसैले हामीले संविधान जारी भएको बेलादेखि नै यो संविधान 'आधा गिलास भरी, आधा गिलास खाली' जस्तो छ भनेका थियौं। संविधान जारी भए यताको दश वर्षको अभ्यासले हाम्रो त्यो भनाइलाई पुष्टि गरेको छ। त्यसैले यो संविधानका आधारभूत अन्तरवस्तु गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समानुपातिक समावेशी लोकतन्त्रको रक्षा गर्दै लोकतन्त्रलाई अझै उन्नत बनाउनु पर्छ। त्यसनिम्ति शासकीय र निर्वाचन प्रणालीमा समायानुकूल सुधार गर्नुपर्छ। राज्यसंचालनमा सबै वर्ग, वर्ण, जाति, लिंग, क्षेत्र, समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व र प्रत्यक्ष लोकतन्त्रको अभ्यास गर्नुपर्छ। अनि राज्यको संघीय पुनर्संरचनामा रहेका अपूर्णतालाई पूर्णता दिने लगायतका मुद्दालाई अवको अग्रगामी वैकल्पिक राजनीतिको अर्को प्रमुख एजेण्डा बनाइनुपर्छ।

अहिलेको वर्णशंकर संसदीय शासकीय स्वरूप र निर्वाचन प्रणालीले देशमा स्थीरता र सुशासन दिन नसकेको दुई पटकको संघ र प्रदेशको निर्वाचनले पुष्टि गरिसकेको छ। त्यसैले हामीले संविधान निर्माणको बेलादेखि नै भन्दै आए झैं छिटोभन्दा छिटो संघ र प्रदेशमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्णरूपले समानुपातिक तर प्रत्यक्ष निर्वाचित व्यवस्थापिकाको व्यवस्था गरिनुपर्छ। संघमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री रहनुपर्दछ। कार्यकारी प्रमुखले व्यवस्थापिका वाहिरबाट योग्यता र समावेशीताको आधारमा मन्त्रीहरूको नियुक्ति गर्नुपर्छ। संसद् र प्रदेशसभा सदस्यहरू नियम कानुन बनाउने र सरकारलाई खबरदारी गर्ने काममा केन्द्रित रहनुपर्छ। त्यसो भयो भने मात्र देशमा राजनीतिक स्थीरता कायम हुनेछ र अहिले देखिएका विकृति विसंगतिहरूको अन्त्य हुनेछ। समानुपातिक तर्फबाट सांसद र प्रदेशसभा सदस्य पार्टी र नेताले तोक्ने नभई आआफ्ना क्लस्टरबाट प्रत्यक्ष निर्वाचित हुने व्यवस्था हुनुपर्छ। त्यसो भएमा

onlinekhabar.com

अहिलेका थुप्रै कमजोरी र विकृतिहरू स्वतः समाप्त हुनेछन् ।

निर्वाचन प्रणालीमा अर्को सुधार 'राइट टू रिकल' (फिर्ता बोलाउने अधिकार) को व्यवस्थामार्फत् गरिनुपर्दछ। कुनै निर्वाचित सदस्यले आफ्नो कर्तव्य पूरा नगरेमा निश्चित मापदण्ड र प्रक्रिया बमोजिम मतदाताले फिर्ता बोलाउने अधिकार आधुनिक लोकतन्त्रमा हुनैपर्दछ। त्यसरी मात्र जनप्रतिनिधि जनताको निगरानीमा रहन सक्छन् र लोकतन्त्र सुदृढ हुन्छ।

हाम्रो लोकतन्त्रमा अर्को ठूलो विकृति निर्वाचन निम्ति उम्मेदवारहरूको चयनमा देखिने गरेको छ। चुनावको टिकट लिलाम बढाबढको आधारमा विचौलिया, ठेकेदारहरूले हात पार्ने वा दलका ठूला नेताका आफन्त र आसेपासेहरू अपारदर्शी ढंगले उम्मेदवार बन्ने विकृति वनमारा झारझैं मौलाउँदै गइरहेछ । त्यसको अन्त्य गर्न दलका उम्मेदवारहरू दलका सदस्य र समर्थकहरूको प्राइमरी इलेक्सनमार्फत् चयन गर्ने संस्थागत विधि बसाल्न जरुरी भएको छ। त्यसले देशमा लोकतन्त्रको सुदृढीकरणमा अर्को ईँटा थप्नेछ।

विभिन्न क्लष्टरहरूबाट समानुपातिक उम्मेदवार छान्दा ती समुदाय भित्रका पनि प्रभुत्वशालीहरूले मात्र पाउने गरेको विकृतिलाई हटाउन आवश्यक सुधार गरिनुपर्छ। महिलाहरूको प्रतिनिधित्व अहिलेको ३३ प्रतिशतबाट क्रमशः बढाउँदै लगेर ५० प्रतिशत पुर्‍याइनुपर्छ। सबभन्दा पिँधमा पारिएका दलित समुदायलाई पनि जनसंख्याको आधारमा प्रतिशत तोकेर सबै तहमा पूर्ण समानुपातिक प्रतिनिधित्व गराइनुपर्छ।

हाम्रो संविधानले नै देशलाई बहुजातीय, बहुभाषिक, सांस्कृतिक विविधतायुक्त मुलुक भनेर परिभाषित गरेकोले पुरानो एकल केन्द्रीय राज्यलाई संघ, प्रदेश र स्थानीय तहको संघीय ढाँचामा पुनर्संरचना गर्नु आवश्यक र सही थियो । अब संघीयतालाई दृढतापूर्वक कार्यान्वियन गर्दै प्रदेशहरूको संख्या निर्धारण, सीमांकन, नामांकन र कार्यान्वयनमा भएका त्रुटीकमजोरीहरूबाट उब्जेका असन्तुष्टीलाई बेलैमा सम्बोधन गर्नुपर्दछ। देशको आकार सानो वा ठूलो भएको आधारमा होइन देशमा जातीय, भाषिक, विविधता भएको कारणले संघीयता चाहिएको हो भन्ने कुरा सबैले पुनः एक पटक राम्ररी बुझ्न, आत्मसात गर्न जरुरी छ। खर्च बढ्यो, भ्रष्टाचार बढ्यो भन्ने आधारमा संघीयता खारेज गर्नुपर्छ भन्ने तर्क सही होइन। फजुल खर्च, अनियमितता यदि भएको भए त्यसलाई विधिविधान अनुसार निराकरण गर्नुपर्छ।

यहाँनेर विशेष ध्यान दिनुपर्ने विषय के हो भने नेपालको बलियो आन्तरिक राष्ट्रिय एकता र तीव्र तथा दिगो आर्थिक समृद्धिका निम्ति पनि संघीयता आवश्यक छ। हाम्रो जस्तो जटील भू-राजनीतिक अवस्थिति भएको देशमा हिमाल, पहाड, तराईमा बस्ने विभिन्न जाति/राष्ट्रियताहरू बीच आआफ्नो जातीय/भाषिक/ऐतिहासिक पहिचान, सम्मान र स्वशासनको अधिकारसहित सहअस्तित्व र सहकार्य भयो भने मात्रै देशको राष्ट्रिय एकता बलियो हुन्छ। बलियो राष्ट्रिय एकताले मात्र देशमा शान्ति र राजनीतिक स्थीरता प्राप्त हुन्छ। शान्ति र राजनीतिक स्थीरताबाट विकास र समृद्धि प्राप्त हुन्छ। त्यसैले पहिचान र अधिकार सहितको संघीयता अपरिहार्य छ भन्ने तथ्यलाई वैकल्पिक राजनीतिकर्मीहरूले दरोसंग आत्मसात गर्नुपर्छ।

साथै वैचारिक रुपमा एकातिर एकल जातीय अहंकारवाद (जसले एकल जातीय केन्द्रीय सत्ताको पक्षपोषण गर्छ) र अर्कोतिर साँस्कृतिक पहिचानवादी संकीर्णतावाद (जसले पृथकतावाद र जातीय द्वन्द्वको पक्षपोषण गर्छ) विरुद्ध निरन्तर संघर्ष चलाएर सबै जातिहरूबीचको समानता, उत्पीडित जातिहरूको स्वशासनको अधिकार र सबै जातिहरू भित्रका प्रगतिशील शक्तिहरूबीचको एकताको पक्षमा जनमत निर्माण गर्न जोड दिनुपर्छ। जातीय समस्या अत्यन्त संवेदनशील मुद्दा हुनाले सबै जातिभित्रका प्रगतिशील र अग्रगामी चेतना भएकाहरूले सबै जाति एउटै होमोसेपिएन्स प्रजातिको सन्तान भएको तथ्यलाई आत्मसात गर्दै ऐतिहासिक रूपले राजनीतिक, आर्थिक, साँस्कृतिक विभेद र वंचितीकरणमा परेका जातिहरूको पूर्ण समानता र मुक्तिको निम्ति निरन्तर पैरवी गरिरहनुपर्छ। साथै नेपालमा कुनै पनि जातिको एकल बहुमत नरहेको, सबै जातिहरू आआफ्नो पुर्ख्यौली इलाकामा त्यहाँका आदिवासी भएको र मानव जातिको घुमन्ते स्वभाव तथा राजनीतिक-आर्थिक कारणले अन्तरघुलन हुँदै गएको ऐतिहासिक तथ्यलाई मनन गर्नुपर्छ। अनि पहिचान र अधिकार सहितको संघीयताको अभ्यासले अन्ततः एउटै इन्द्रधनुषी 'नेपाली' राष्ट्रिय राज्य बन्न बनाउन मदत पुग्छ भन्ने हेक्का राख्नैपर्छ।

लोकतन्त्रको निरन्तर विकास र समृद्धिकरणको सन्दर्भमा नेपालमा (पूरै दक्षिण एशियामा समेत!) ध्यान दिनुपर्ने अर्को अत्यन्तै संवेदनशील पक्ष दलितहरूको सबै क्षेत्रमा पूर्ण समानता र सहभागीताको प्रश्न हो। दलितहरू राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक विभेद सँगसँगै ऐतिहासिक रुपले जातपातजन्य वर्ण विभेदको शिकार भएको र त्यसमा धर्मशास्त्रको समेत आड भएको हुँदा दलितहरूको पूर्ण मुक्ति, समानता, सम्मानको निम्ति सम्बन्धित धर्मका गुरुहरूले समेत विशेष भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। नेसपा (नयाँ शक्ति) सबभन्दा उन्नत चेतना

onlinekhabar.com

बोकेको राजनीतिक शक्ति हुनाले समाज र राज्यको सबभन्दा ठूलो दलनमा परेको दलित समुदायलाई सबै प्रकारका संरचनात्मक विभेदबाट पूर्ण मुक्ति दिलाउन अग्रपंक्तिमा उभिनुपर्छ।

**३.३. सुशासन र सदाचारको प्रत्याभूति**

नेपाली समाज र राज्यको आजको अर्को प्रमुख समस्या र वैकल्पिक राजनीतिले हल गर्नु पर्ने महत्वपूर्ण विषय चौतर्फी भ्रष्टाचार, राज्यसत्ताको दोहन, आसेपासे पुँजीवाद (क्रोनी क्यापिटालिज्म) को बिगबिगी, विधिको शासनको अभाव र राजनीतिमा निष्ठा तथा सदाचारको अभाव हो। खासगरी राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र न्यायालयकै संलग्नतामा राज्यको साधनस्रोतको निर्वाध दोहन हुने, सर्वत्र विचौलिया प्रवृत्ति मौलाउने, आम नागरिक राज्यको तीनवटै तहका सरकारबाट सेवासुविधा लिन प्रकृयागत झन्झट र घुसखोरीले आजित हुनुपर्ने स्थिति अत्यन्त गम्भीर छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय चर्चामा रहेका एनसेल प्रकरण, वाइडबडी विमान खरिद प्रकरण, ओम्नी प्रकरण, गिरीबन्धु चियाबगान जग्गा प्रकरण, ललिता निवास जग्गा प्रकरण, क्विन्टलमा सुन तस्करी प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण, सहकारी अपचलन प्रकरण आदिमा उच्च तहका राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र बिचौलियाहरूको मिलिमतो रहेको प्रसंगले भ्रष्टाचारको संस्थागत प्रकृतिको विद्रूप चित्र प्रस्तुत गर्छन्। सन् २०२३ मा ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार सूचकांकमा नेपाल १८० देशमध्ये ३५ स्कोर (० = अतिभ्रष्ट, १०० = अतिस्वच्छ) सहित १०८ औं स्थानमा रहेर भ्रष्टाचारयुक्त मुलुक गणना भएबाट त्यसको झल्को मिल्छ।

सामान्यतः भ्रष्टाचार सबै देशमा हुने गर्दछ र त्यसलाई त्यहाँको दह्रो विधिको शासनमार्फत हल गर्ने गरिन्छ। तर नेपालको सन्दर्भमा बढी चिन्ताजनक विषय के हो भने राज्य र समाजको नेतृत्व गर्ने राजनीतिक दल र नेतृत्व नै जब दलीय र निजी स्वार्थका लागि राज्यदोहन गर्न थाल्छ, अझै भनौं, राज्यसत्ताको दोहन नै राजनीतिको अभीष्ट बन्न थाल्दछ, त्यसले समाजलाई विषाक्त बनाउँछ र देशलाई अपुरणीय क्षति पुऱ्याउँछ। त्यसमाथि झन हिजो लोकतन्त्र निम्ति लडेका र क्रान्तिकारी आन्दोलनमा जीवन उत्सर्ग गर्न हिँडेका व्यक्तिहरूको यस्तो भ्रष्टीकरण र नैतिक पतनले राजनीति, लोकतन्त्र र समाजवादी आदर्शप्रति नै जनता र विशेषतः नयाँ युवापंक्तिको वितृष्णा बढाउँदै छ। पुराना राजनीतिक दलहरूको नेतृत्वले केही समय यता नांगो रुपमा जसरी पनि सत्ताको नेतृत्वमा पुग्ने र राज्यसत्ताको दोहन गर्ने, आफ्नो र आसेपासेहरूको भ्रष्टाचारमाथि पर्दा हाल्ने, विपक्षी र आफ्नो प्रतिद्वन्द्वीहरूको भ्रष्टाचार सतहमा ल्याएर जनताको ध्यान अन्यत्र मोड्ने आदि हर्कत गरिरहेका छन्, त्यो अत्यन्त गम्भीर छ। यसले एकातिर अरबौं, खरबौं रुपैयाँको राज्यकोषको अपचलन भएर हाम्रो जस्तो गरीब देशको तीव्र विकास र समृद्धिको आकांक्षामाथि ठूलो कुठाराघात गर्छ भने अर्कोतिर भर्खरै जरो गाड्न लागेको संघीय लोकतान्त्रिक गणतन्त्रप्रति जनताको वितृष्णा जगाएर देशलाई अराजकता र अस्थीरताको भयंकर दलदलमा धकेल्न सक्छ।

अतः यो विकराल बन्दै गएको भ्रष्टाचार र कुशासनको मुद्दालाई वैकल्पिक राजनीतिकर्मीहरूले विशेष गम्भीरतापूर्वक लिनुपर्छ र त्यसको नियन्त्रण र निराकरणका निम्ति प्रभावकारी नैतिक-राजनीतिक, संस्थागत-प्रशासनिक र कानुनी-न्यायिक विधि र कदम अपनाउनुपर्छ।

**(क) नैतिक-राजनीतिक पक्ष**

सर्वप्रथम भ्रष्टाचार किन हुन्छ ? मान्छेले किन भ्रष्टाचार गर्छन् ? कुनै बेलाका निष्ठावान्, त्यागी, क्रान्तिकारी व्यक्ति र समूहहरू कालान्तरमा किन र कसरी भ्रष्टाचारी, अनैतिक बन्छन् ? यी विषयहरूको जरो कारण र त्यसको निदानको विधि खोज्नुपर्छ। मानवशास्त्र, संज्ञानात्मक मनोविज्ञानले भन्छ- आफ्नो लामो उद्विकासको क्रममा मानिसमा स्वार्थी वा प्रतिस्पर्धी गुण र परोपकारी वा सहकारी गुण दुवै कायम रहेको हुन्छ। ती दुई विपरित गुणहरूको द्वन्द्वात्मक अन्तरसम्बन्धले नै मान्छेलाई नरवानरको अवस्थाबाट अहिलेको उच्च विकसित र चेतनशील अवस्थासम्म ल्याइपुऱ्याएको हो। स्वार्थी गुण हावी हुँदा एउटा मान्छे चोर, भ्रष्टाचारी, अपराधी हुन्छ; परोपकारी गुण हावी हुँदा अर्को मान्छे साधु, महात्मा, राजनेता बन्छ। साथै समय र परिस्थिति फेरिंदा उही रत्नाकर भन्ने मान्छे 'डा'कु'बाट 'बाल्मिकी ऋषि' मा रुपान्तरण हुनसक्छन्। अनि 'सन्त' आशाराम बापू बलात्कारी /अपराधीमा पतन हुनसक्छन्। प्रत्येक मान्छेमा यो नियम लागू हुन्छ। त्यसैले समाज रुपान्तरण र देश तथा जनताको सेवामा कुनै बेला ठूलो योगदान गरेका मानिसहरू सत्तामा पुगेपछि आफैँ स्खलित भएर वा भ्रष्ट आसेपासेहरूले घेरिएर भ्रष्टाचारी, अवसरवादीमा परिणत हुन सक्छन्। यो वैज्ञानिक सत्यलाई बुझेर र आत्मसात गरेर रुपान्तरणकारी राजनीतिमा लाग्नेहरूले निरन्तर आफ्ना अन्तरनिहीत स्वार्थी गुणहरूमाथि अंकुश लगाउने र सहकारी/परोपकारी गुणलाई अभिवृद्धि गर्ने कार्य गर्नुपर्दछ। हाम्रो जस्तो वैकल्पिक राजनीतिक पार्टीले राजनीति राज्यसत्ताको दोहन गरेर निजी स्वार्थपूर्ति गर्ने साधन हैन बरु देश, समाज र जनताको समग्र उन्नयन गर्ने/गराउने

र त्यो उन्नति/प्रगतिभित्र आफ्नो पनि हितभलो खोज्ने/देख्ने असाध्यै गम्भीर/पवित्र कर्म हो भन्ने मान्यतालाई दह्रोसँग स्थापित गर्नुपर्छ। सोही अनुरूप उच्च नेतृत्वदेखि तलसम्म व्यवहारतः उच्च नैतिक मानक प्रस्तुत गर्नुपर्दछ। पार्टीमा निरन्तर सबै तहमा वैचारिक-राजनीतिक प्रशिक्षण संचालन गर्नु पर्दछ। अधिकारसम्पन्न अनुशासन तथा सदाचार आयोग गठन गरेर सदाचार प्रवर्द्धन र भ्रष्ट आचरण निरुत्साहित गर्नुपर्छ। राज्यका तीनै तहमा सदाचार आयोग गठन गरेर राज्य संयन्त्रका सबै अंगहरूमा सदाचार प्रवर्द्धन र भ्रष्ट तथा अनुचित कामहरूमाथि निगरानी, नियन्त्रण गरिनुपर्छ।

भ्रष्टाचार सबै तहका समाजमा हुने भए पनि हाम्रो जस्तो पुरानो सामन्ती प्रणाली, मूल्यमान्यता, आर्थिक संरचना भत्केको तर नयाँ औद्योगिक, प्रगतिशील आर्थिक-सामाजिक प्रणाली नबनिसकेको संक्रमणकालीन समाजमा राज्यसत्ताको आड नलिई टिक्न नसक्ने परजीवी आसेपासे पुँजीवाद र वर्णशंकर संस्कृति हावी हुन्छ। त्यसले राज्य, दल र समाजको बीचमा बिचौलियागिरी गर्ने परजीवी समूह/वर्ग निर्माण गर्छ। अनि राज्य, राजनीतिक दल र आम जनतामा भ्रष्टाचारजन्य गतिविधिको महामारी फैलाउँछ। नेपालमा मौलाइरहेको भ्रष्टाचारको यो अर्थ-राजनीतिक जरो बुझेर यसको पूर्ण अन्त्य निम्ति आसेपासे पुँजीवादकै अन्त्य गर्नुपर्ने स्वतःसिद्ध छ।

(ख) **संस्थागत-प्रशासनिक विधि**

लोकतन्त्रमा भ्रष्टाचार र कुशासनको अन्त्य गर्ने र सुशासनको प्रत्याभूत गर्ने प्रमुख विधि बलिया लोकतान्त्रिक संस्था, प्रशासनिक अंग, संवैधानिक अंग निर्माण गर्ने र तिनको प्रभावकारी कार्यान्वयन गर्ने नै हो। अनि राज्यका सबै अंगहरूमा कडाइपूर्वक विधिको शासन, खुलापन, पारदर्शिता र जनसमुदायको निगरानी सुनिश्चित गर्ने विधि नै हो। नेपालमा अधिकांश राज्यका अंग, विधि, प्रक्रिया, प्रणाली पुराना, झन्झटिला र युगसापेक्ष नभएको सन्दर्भमा सुशासननिम्ति आमूल संरचनात्मक सुधार गर्नु जरुरी भइसकेको छ। त्यसको निम्ति यी महत्वपूर्ण परिवर्तन र सुधारहरू तत्काल गरिनुपर्छ ः

- राजनीतिक भ्रष्टाचारको पहिलो मुहान खर्चिलो चुनाव भएकाले निर्वाचन प्रणाली र शासकीय स्वरुपमा परिवर्तन गरेर अघिल्लो खण्डमा उल्लेख भए झैं प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक तर प्रत्यक्ष निर्वाचित व्यवस्थापिका अपनाउन आवश्यक संविधान संशोधन गरिनुपर्छ। निश्चित मापदण्डका आधारमा सबै तहका दलको उम्मेदवारहरूलाई राज्यले चुनावी खर्च व्यहोर्ने कानुनी व्यवस्था गरिनुपर्छ।
- भारतमा अंग्रेजहरूले औपनिवेशिक प्रशासनका लागि परिकल्पना गरेको प्रशासनिक ढाँचा नेपालमा हुबहु नक्कल गरेकाले त्यसको अन्त्य गरी युगानुकूल नयाँ प्रशासनिक पुनरसँरचना गर्न उच्चस्तरीय आयोग गठन गरिनुपर्छ। प्रशासनलाई चुस्तदुरुस्त र नागरिकमैत्री बनाउन विद्यमान पदसोपान (हाइरार्की) मा आधारित कार्मचारीतन्त्रको पुनःसंरचना गरी निश्चित अवधिको करार सम्झौताबाट आवश्यक जनशक्ति भर्ना गर्ने पद्धतिको विकास गरिनुपर्छ। नतिजामूलक कार्यसम्पादनको आधारमा कर्मचारीको पदोन्नति तथा पुरस्कृत गर्ने व्यवस्था गर्नुपर्छ। तोकिएको नतिजा हासिल नगर्ने कार्मचारीलाई सेवामुक्त गर्नुपर्छ।
- उत्तरदायी र पारदर्शी शासन लोकतन्त्रलाई संस्थागत गर्ने महत्वपूर्ण औजार हो। यसले सार्वजनिक निकायबाट सम्पादित कामकारवाहीलाई पारदर्शी बनाई उत्तरदायीपूर्ण शासनव्यवस्था कायम गर्नमा योगदान गर्छ। पारदर्शी र उत्तरदायित्व कानुनद्वारा नै स्पष्ट गरिनुपर्छ। कुनकुन कुरा सर्वसाधारण जनतालाई र कुनकुन कुरा सम्बन्धितलाई खुला गरिने हो कानुनले नै तोक्नुपर्छ। गुनासो सुनुवाइको प्रभावकारी संयन्त्र स्थापित हुनुपर्छ।
- राज्यका अंग वा निकायबाट हुने कमजोरी, लापरवाही वा हेलचेक्र्याइँबाट नागरिकलाई दुःख वा हानी पुग्न गएमा त्यसको क्षतिपूर्ति माग गर्न सकिने सार्वजनिक हानी क्षतिपूरण ऐन बनाइनु पर्छ। कर्मचारीले गरेका गल्तीको ब्यहोरा सच्चाउन नागरिकले कुनै दस्तूर तिर्न नपर्ने व्यवस्था गरिनुपर्छ। समग्रमा राज्य जनताको सेवा निम्ति हो, जनता राज्यको सेवानिम्ति हैन भन्ने मान्यता स्थापित गरिनुपर्छ।
- कर्मचारी, शिक्षक, प्राध्यापक तथा नेपाल सरकारको ५१ प्रतिशत बढी सेयर भएका सार्वजनिक संस्थान लगायत राज्यकोषबाट वेतन लिने सबै संस्था र संगठनमा राजनीतिक दलपिच्छेका ट्रेड युनियनहरू खारेज गरी आधिकारिक एकल ट्रेड युनियनको व्यवस्था गरिनुपर्छ।
- संवैधानिक आयोग, सार्वजनिक संस्थान, विश्वविद्यालयहरूमा दलीय भागबण्डाको आधारमा पदाधिकारी नियुक्ति गर्ने परिपाटी अन्त्य गरिनुपर्छ। त्यस्ता महत्वपूर्ण अंगमा स्वतन्त्र र निष्पक्ष ढंगले पदाधिकारी नियुक्त गर्ने व्यवस्था गरिनुपर्छ।

onlinekhabar.com

(ग) **कानुनी–न्यायिक विधि**

सुशासन र सदाचार कायम गर्न नैतिक र संस्थागत विधि मात्रै पर्याप्त हुँदैन। नैतिक मूल्यमान्यता र विधिविधान तोडेर भ्रष्टाचारजन्य कार्य गर्नेलाई बलियो र निष्पक्ष निकायले छानबिन तथा अभियोजन गर्ने र स्वतन्त्र, निष्पक्ष न्यायालयले कडा दण्डसजाय गर्ने विधिलाई अपनाउनैपर्छ। त्यस सन्दर्भमा नेपालमा भ्रष्टाचार छानबिन गर्ने संवैधानिक आयोग र न्यायनिरुपण गर्ने अदालतमा रहेका कमजोरीहरूलाई सच्याएर सुशासन कायम गर्न यी महत्वपूर्ण सुधारहरू छिटो गर्नैपर्दछ :

- भ्रष्टाचार र अनियमितताबारे अनुसन्धान गरेर अभियोजन गर्ने जिम्मा पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग नै कमजोर धरातलमा उभिएको हुनाले त्यसलाई अझै स्वतन्त्र र निष्पक्ष र अधिकारसम्पन्न बनाउनु पर्छ। त्यसमा अघोषित रुपमा दलीय भागवण्डामा गरिने नियुक्ति र अधिकांश : पूर्व कर्मचारीहरूले भर्ने प्रवृत्तिको अन्त्य गरिनुपर्छ।
- भ्रष्टाचारजन्य घटनाहरूको सार्वजनिक अडिट गर्ने र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पृष्ठपोषण दिन सक्ने गरी राज्यका सबै तहमा जनलोकपाल (पब्लिक अम्बुड्जमन) को गठन गरिनुपर्छ। आयोगको छानबिन प्रतिवेदन अनुरुप दोषीलाई कडा सजाय गरिनुपर्छ।
- चर्चामा आएका र नआएका सबै ठूला भ्रष्टाचार काण्डहरूको निष्पक्ष छानबिन गरेर अभियोजन गर्न सक्ने उच्चस्तरीय अधिकारसम्पन्न आयोग गठन गरिनुपर्छ। अनि अपराधीलाई हदैसम्मको सजाय दिनुपर्छ।
- ठूलो राजनीतिक परिवर्तन पछि पनि परम्परागत ढाँचामा नै चलिरहेको न्यायालयको आमूल परिवर्तन गरी संघीय ढाँचामा पुनर्संरचना गरिनुपर्छ। न्यायाधीश नियुक्तिको मुहान मानिने न्याय परिषद्को पुनर्संरचनाबाटै शुद्धीकरण अभियान चलाइनुपर्छ। संघ तथा प्रदेश तहका न्यायालयहरूमा न्यायाधीशहरूको नियुक्ति, सरुवा बढुवाका लागि स्पष्ट वैज्ञानिक मापदण्ड बनाई लागू गरिनुपर्छ। संविधान र संघीयता सम्बन्धी मुद्दा निरुपण गर्ने वर्तमान संवैधानिक इजलासको सट्टा छुट्टै संवैधानिक अदालत गठन गरिनुपर्छ। स्थानीय न्यायिक समितिहरूलाई सवलीकरण गरी स्थानीय स्तरका सामान्य मुद्दा स्थानीय तहबाटै निरुपण गर्ने व्यवस्था गरिनुपर्छ।

## ३.४. स्वाधीनता र सार्वभौमिकताको रक्षा र प्रवर्द्धन

राज्य र राजनीतिको अस्तित्व रहुन्जेल देशको स्वाधीनता र सार्वभौमिकताको रक्षा र प्रवद्धन गर्नु प्रत्येक राजनीतिकर्मी र दलको न्यूनतम कर्तव्य हुन्छ। तर हाम्रा विगतका निरंकुश शासक र केही दशकदेखि राज्यसत्तामा रजाइँ गरिरहेका दल र तिनका नेताहरूको सत्तालिप्सा र अल्पदृष्टिका कारणले हाम्रो देश औपचारिक रुपले इतिहासमा सधैँ स्वाधीन र सार्वभौम रहे पनि पछिल्लो चरणमा विश्व मानचित्रबाट ओझेल पर्दै गइरहेको जस्तो भइरहेको छ। जबकि दुई छिमेकी चीन र भारतको तीव्र गतिमा आर्थिक र सामरिक शक्तिको रुपमा उदयले यस क्षेत्रमा विश्वको चासो र चर्चा ह्वात्तै बढेर गएको छ। यो विरोधाभासलाई चिर्दै एक्काइसौं शताब्दीमा आफ्नो मौलिक पहिचान कायम राखेर विश्वलाई नै एउटा नयाँ सन्देश दिनु र देशको स्वाधीनता र सार्वभौमिकताको रक्षा र प्रवर्द्धन गर्नु वैकल्पिक राजनीतिक शक्तिको प्रमुख दायित्व र भूमिका हुनुपर्छ। हामीले आफ्नो र अरुको अवस्था र स्वार्थको वस्तुनिष्ठ मूल्यांकन गर्न सक्यौं र तदनुरुप नीति तथा व्यवहार प्रदर्शन गर्न सक्यौं भने यो क्षेत्रमा बढ्दो भू-राजनीतिक गतिविधि र तनाव हाम्रो निम्ति ठूलो अवसर हुन सक्छ। त्यसो गर्न सकेनौं भने आगामी दिन हाम्रो निम्ति ठूलो चुनौतीका दिन हुन सक्छन्। चुनौतीलाई अवसरमा बदल्न सक्नु नै सफल रुपान्तरणकारी राजीतिकर्मी र नेतृत्वको विशेषता हो।

विश्व बैंकको प्रक्षेपण अनुसार अबको १० वर्षपछि सन् २०३५ सम्ममा आर्थिक शक्तिको रुपमा कुल जीडीपीको हिसावले (अमेरिकी डलरमा) चीन पहिलो (५१.४९९ ट्रिलियन), अमेरिका दोस्रो (३३.८४४ ट्रिलियन) र भारत तेस्रो (२६.६०९ ट्रिलियन) हुनेछन्। फौजी शक्तिको हिसाबले अमेरिका पहिलो, चीन दोस्रो र भारत चौथो हुनेछन्। सन् २०५० को दशकसम्म विश्व शक्तिको केन्द्र एशियामा सरिसकेको हुनेछ। यो तीव्र गतिले बदलिदो भूराजनीतिक परिवेशमा नेपालले आफ्नो तुलनात्मक शक्ति, प्रतिस्पर्धी लाभको क्षेत्र र आधारभूत राष्ट्रिय हितको आँकलन गरेर आफ्नो स्वाधीनता र सार्वभौमिकताको रक्षा र प्रवर्द्धनको रणनीति निर्माण गर्नुपर्दछ।

हामी के कुरामा विल्कुल प्रस्ट रहनुपर्छ भने हिजो जमिन मुख्य सम्पत्ति र आर्थिक स्रोत हुने सामन्तवादी युगमा भौगोलिक विस्तार र अतिक्रमण ठूला शक्तिहरूको प्रमुख प्रवृत्ति हुन्थ्यो भने अहिले पुँजी र प्रविधि मुख्य सम्पत्ति र स्रोत हुने भूमण्डलीकृत पुँजीवादको युगमा आफ्ना वस्तु र सेवाको निम्ति आन्तरिक बजारको रक्षा र बाह्य बजारको विस्तार, कब्जा र प्रभुत्व ठूला शक्तिहरूको मुख्य प्रवृत्ति हुन्छ। अमेरिकामा राष्ट्रपति ट्रम्पले २०२५ जनवरीमा पदभार सम्हाल्ने बित्तिकैदेखि खुला रूपमा अपनाएको नीति त्यसको ज्वलन्त उदाहरण हो। वैचारिक-राजनीतिक

आवरण जेसुकै धारण गरे पनि अन्तर्यमा आर्थिक स्वार्थ र त्यसनिम्ति फौजी र गैरफौजी बल प्रयोग गर्ने अन्तर्राष्ट्रिय सम्बन्धको मूल प्रवृत्ति हुन्छ। अहिले विश्वभर हिन्द-प्रशान्त र हाम्रो छरछिमेक हिमाली भेगमा देखा परेका विभिन्न नाउँका सैनिक, आर्थिक, राजनीतिक गठबन्धन र शक्ति केन्द्रहरूका रणनीतिहरू त्यसैका अभिव्यक्ति वा साधन हुन्। आफ्नो दीर्घकालीन राष्ट्रिय हित र तत्कालीन प्राथमिकतालाई केन्द्रमा राखेर हामीले विभिन्न देशहरूसँग वहुपक्षीय र द्विपक्षीय सम्बन्ध राख्नुपर्छ। भनिन्छ- राजनीति, युद्ध र कुटनीतिका नियमहरू व्यापार-वाणिज्यका नियमसँग मिल्दाजुल्दा हुन्छन्। जसरी व्यापारमा दुबै पक्षको नाफा-नोक्सानको हिसाव हुन्छ, त्यस्तै कुटनीतिमा दुबै पक्षका स्वार्थहरूको लेनदेन हुन्छ। प्रसिद्ध चीनियाँ युद्धशास्त्री सुन्जुले 'आफूलाई चिन, दुश्मनलाई चिन, युद्ध जित्छौ' भने झैं हामीले पनि आफ्नो राष्ट्रिय स्वार्थ र अर्को पक्षको स्वार्थलाई बुझेर उपयुक्त सम्बन्ध राख्नुपर्छ। अनि मात्र हामी सफल हुन्छौं।

नेपालको प्रमुख राष्ट्रिय स्वार्थ र सरोकार दीर्घकालीन र तत्कालीन रुपमा के के हुन् त ? दुई ठूला छिमेकी भारत र चीनको विचमा रहेको र आगामी दिनमा मुख्यतः भारत, चीन र अमेरिकाको भू-राजनीतिक टक्करको केन्द्रमा हुनसक्ने भएकाले हाम्रो स्वाधीनता र सार्वभौमिकताको रक्षा र प्रवर्द्धन रणनीतिक रूपमा हाम्रो प्रमुख स्वार्थ र चासोको विषय हो। अनि विश्वको अति कम विकसित अवस्था (दक्षिण एशियामा सबभन्दा गरीब र विश्वमा १७ औं गरीब) मा रहनुको कारण तीव्र आर्थिक विकास र समृद्धि तत्कालीन रुपमा हाम्रो प्रमुख राष्ट्रिय स्वार्थ र चासो हो। त्यसरी नै भारत, चीन, अमेरिका र अन्य देशहरूको नेपालमा स्वार्थ र चासोको पनि हामीले सही मूल्यांकन गर्नुपर्दछ। सबभन्दा बढी व्यवहारिक सम्बन्ध हुने र तीनतिर खुला सीमाना भएको भारतको नेपालमा मुख्य चासो भनेको उसको सामरिक स्वार्थ हो। त्यसपछि नेपालको जलस्रोत र आर्थिक बजार हो। अग्लो हिमाली पर्वत श्रृंखला नाघेर जानु पर्ने अर्को छिमेकी चीनको नेपालमा इतिहासदेखिकै मुख्य चासो भनेकै उसको स्वशासित क्षेत्र तिब्बतको सुरक्षामाथि नेपाल तर्फबाट कुनै खतरा नहोस् भन्ने सामरिक स्वार्थ हो। अरु विषय सहायक हो। विश्व महाशक्ति अमेरिकाको नेपालमा मुख्य चासो उदीयमान मुख्य प्रतिस्पर्धी चीनको प्रभाव विस्तार नहोस् र भारतको पनि यहाँ एकल प्रभाव नरहोस् भन्ने सामरिक स्वार्थ हो। अरू सहायक विषय हुन्। बेलायत, यूरोप, रुस, जापान लगायतका अन्य देशहरूको नेपालमा खासै चासो र स्वार्थ छैन। केही सामरिक, केही आर्थिक, केही साँस्कृतिक स्वार्थहरू अवश्य छन्।

सर्वप्रथम यिनै आधारभूत यथार्थको आधारमा हामीले कसैसँग दुश्मनी नराखी र कुनै देश वा शक्तिपरस्त नबनी 'नेपालपरस्त' बनेर देशको अन्तर्राष्ट्रिय सम्बन्ध संचालन गर्नुपर्छ। अझै ठोस रुपमा भन्दा दीर्घकालीन ढंगले स्वाधीनता र सार्वभौमसत्ताको रक्षा र तत्कालीन रुपमा तीव्र विकास/समृद्धिको आकांक्षा पूरा गर्ने विषयलाई हामीले आफ्नो राष्ट्रिय 'कोर भ्यालू' (आधारभूत मूल्यमान्यता) बनाएर विश्वका सबै देशसँग मित्रवत् सम्बन्ध राख्नुपर्छ। माथि उल्लेख गरिएका दुई ठूला छिमेकी र विश्वशक्तिकेन्द्रहरूसँग उनीहरूको स्वार्थ र हाम्रो राष्ट्रिय स्वार्थ बीच सामान्जस्यता कायम हुने गरी कुटनीतिक सम्बन्ध विकास गर्नुपर्दछ। दुई ठूला छिमेकी भारत र चीनसँग पूर्व-आधुनिक युगको 'दुई ढुंगाबीचको तरुल' को विम्बजस्तो गरी होइन अहिलेको चौथो औद्योगिक क्रान्ति कालको 'भू-जडित' र 'नभ-जडित' बिम्ब सुहाउँदो सर्वतोमुखी गतिशील सम्बन्ध राख्नुपर्दछ। विश्व पुँजीवादी व्यवस्था कायम रहुन्जेल एकाधिकारवादी शक्तिहरूको बीच द्वन्द्व र युद्व भइरहन्छ भन्ने तथ्यलाई आत्मसात गर्नुपर्छ। तसर्थ कुनै पनि शक्तिकेन्द्रसँग नजोडिई पंचशीलका सिद्धान्त (अर्थात् एक अर्काको भौगोलिक अखण्डता र सार्वभौमिकताको सम्मान, आन्तरिक मामिलामा अहस्तक्षेप, समानता र आपसी हितमा सम्बन्ध, एक अर्काप्रति अनाक्रमण र शान्तिपूर्ण सहअस्तित्व)का आधारमा स्वतन्त्र परराष्ट्र नीति संचालन गर्नुपर्दछ। विभिन्न शक्ति केन्द्रहरूका छुट्टाछुट्टै गुटमा सहभागी हुनुसट्टा संयुक्त राष्ट्रसंघ जस्ता साझा विश्वसंस्थालाई शक्तिशाली र क्रियाशील बनाएर विश्वमा शान्तिको पैरवी गर्नुपर्छ। विभिन्न दलका आआफ्नै 'विदेशनीति' बनाउनु सट्टा सबैको साझा राष्ट्रिय विदेशनीति बनाउनुपर्छ। संक्षेपमा भन्नुपर्दा, गतिशील शान्तिवाद (Dynamic Pacifism) लाई हाम्रो परराष्ट्र नीतिको मूल-स्तम्भ बनाउनुपर्छ।

दोस्रो, भारत र चीन जस्ता विगतका ठूला साम्राज्य र भविष्यका पहिलो र तेस्रो ठूलो अर्थतन्त्रको बीचमा रहेको नेपालले त्यसबाट कसरी अधिकतम् लाभ लिने र राष्ट्रिय हितको रक्षा गर्ने भन्ने स्पष्ट नीति तय गर्नुपर्छ। खासगरी आगामी दिनमा खस्कँदो अमेरिकी विश्व महाशक्ति, उदाउँदो चीनियाँ विश्व महाशक्ति र प्रतिस्पर्धी भारतीय क्षेत्रीय शक्तिबीच यस हिमाली भेगमा हुने प्रमुख प्रभुत्वको प्रतिस्पर्धालाई हामीले चुनौती र अवसर दुवैको रूपमा ग्रहण गर्नुपर्छ। यसैको पूर्व आँकलन गरेर नेपालले बढी दैनन्दिन व्यवहार गर्नुपर्ने भारतसँगको इतिहासदेखिका थुप्रेर रहेका सीमा विवाद, खुला सीमाना, १९५० लगायतका सन्धी-सम्झौता, व्यापार-पारवहन सम्बन्धलगायतका समस्या कुटनीतिक तवरले

समाधान गर्न हामीले जोड दिएका हौं। यी सबै विषयलाई समष्टिगत रुपमा हल गरेर द्विपक्षीय सम्बन्धलाई सहज र मजबुत बनाउन इ.पी.जी. (प्रबुद्ध व्यक्तिहरूको समूह), बिप्पा (द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता) आदि हाम्रो पहलमा भएका थिए। भारत र चीनको मूल्य श्रृंखलासँग जोडेर नेपालको अर्थतन्त्रलाई तीव्रतर गतिमा विकास गर्न 'दुई ढुंगा बीचको तरुल' हैन 'दुई छिमेकी बीचको गतिशील सेतु' को विम्बात्मक भाष्य निर्माण गरिएको थियो। दुई ठूला शक्तिको बीचमा रहेको नेपाललाई तेस्रो शक्तिको पनि उपस्थिति हुँदा रणनीतिक हिसावले बढी फाइदा हुनसक्छ भनेर ठूलो राष्ट्रिय बहसका बीच अमेरिकी एम.सी.सी. अनुदान स्वीकार्ने निर्णय गरिएको हो। समग्रमा, एक्काइसौ शताब्दीमा नेपालले लघुताभाष पालेर छिमेकी र विश्वशक्तिहरूसँग कहिले लत्रने  कहिले ढुकने हैन कि कुटनीतिक कौशलतापूर्वक सबैसँग सन्तुलित सम्बन्ध राखेर आफ्ना राष्ट्रिय 'कोर भ्यालु' को संरक्षण र प्रवर्द्धन गर्नुपर्छ।

तेस्रो, कुनै देशको पर्याप्त शक्ति, विशिष्ठ भूमिका वा रणनीतिक उपयोगिता नभएसम्म अन्तर्राष्ट्रिय राजनीतिमा कसैले कसैलाई माया वा उपकार गर्दैन। यो बुझेर आफ्नो शक्ति, भूमिका, उपयोगिता विकास र स्थापित गर्न हामी निपूर्ण हुनुपर्छ। यो 'एशियाली शताब्दी' का आउँदा दशकहरूमा विश्वको ध्यान यस हिमाली क्षेत्रमा केन्द्रित हुने हुँदा नेपालले आफ्नो विशिष्ठ भूमिका र स्थान कसरी प्राप्त गर्न सक्छ भन्ने हामीले तय गर्नु पर्दछ। त्यसका थुप्रै सम्भावना हुनसक्छन्। एउटा, नेपाल शान्तिको केन्द्र बन्न सक्छ। हिजो विश्वयुद्ध र शितयुद्धको प्रमुख थलो यूरोप भएको बेला स्विट्जरल्याण्डले खेलेको भूमिका आगामी दशकमा तनावको केन्द्र एशियामा सरेसँगै बुद्ध जन्मेको देश नेपालले अवश्य निर्वाह गर्न सक्छ। नयाँ समृद्धि र शक्तिको केन्द्र बनेको पूर्वी एशियाका ठूलो संख्याका बौद्धमार्गीहरूको आस्थाको केन्द्र लुम्बिनी अब विश्वशान्तिको केन्द्र बन्न सक्ने पूरै सम्भावना रहन्छ। अर्को, वातावरण विनाशको मुद्दा अबको विश्वको प्रमुख मुद्दा बन्दैछ। पृथ्वीको 'तेस्रो ध्रुब' भन्ने हिमालको काखमा रहेको नेपाल विश्व वातावरण संरक्षण र हरित विकासको केन्द्र वा मोडल बन्न सक्छ। साथै अर्को, आगामी दशकहरूमा डिजिटल प्रविधि र ए.आइ. (कृत्रिम वौद्धिकता) को प्रभुत्व बढ्दै जाने र ज्ञान अर्थतन्त्र विश्व अर्थतन्त्रको एउटा प्रमुख हाँगा बन्ने हुँदा पूर्वी र पश्चिमी सभ्यता, ज्ञान र संस्कृतिको दोसाँधमा रहेको नेपाल 'ज्ञान अर्थतन्त्र' को एउटा महत्वपूर्ण केन्द्र बन्न सक्छ। यी र यस्तै सम्भावनाहरूलाई हामीले 'नेपाली सपना' को रुपमा पछ्याएर नेपाललाई विश्वमा स्थापित गर्न सक्छौं र सक्नुपर्छ।

**३.५. समुन्नत समाजवादको वैचारिक - राजनीतिक मार्ग निर्देशन**

नेपाली समाज, राज्य र राजनीतिको सतहमा नदेखिएको तर सतहभित्र पुत्पुताइरहेको अर्को गम्भीर संकट वैचारिक-राजनीतिक संकट हो। पुराना राजनीतिक दलहरूले अंगीकार गरिरहेको पुरानो विचारले नयाँ युगलाई नयाँ दिशा दिन नसकिरहेको र नयाँ उदीयमान दलहरूले स्पष्ट नयाँ वैचारिक - राजनीतिक दिशाबोधक साधन संश्लेषण गर्न नसकिरहेको संक्रमणकालीन समय हो यो। वैकल्पिक राजनीतिले यो युगीन अन्तरविरोधको समाधान दिनैपर्छ। त्यसैले हामीले 'नयाँ शक्ति' गठनको समयदेखि नै अहिलेको उत्तर-पुँजीवादी, उत्तर-साम्यवादी युगको विचारलाई 'समुन्नत समाजवाद' को रुपमा प्रस्तावित गरेका छौं। यसका दुई वटा अर्थ छन्। एउटा, 'समुन्नत' (enhanced) यस अर्थमा कि यो सबै पुराना 'लोकतन्त्र' र 'समाजवाद' को  मोडेलभन्दा अघि बढेको र तीभन्दा उन्नत प्रणाली हुनेछ। दोस्रो, यो गरीबी बाँड्ने र असम्भव सपना देखाउने कंगाल 'समाजवाद' हैन कि हरेक नागरिकलाई स्वतन्त्र, धनी, सुखी बनाउने 'समृद्ध' (prosperous) समाजवाद हुनेछ। समुन्नत समाजवादका यी चारित्रिक विशेषता हुनेछन् :

(**क**) **दार्शनिक आधार** : समुन्नत समाजवादको दार्शनिक आधार मार्क्सको समयको पहिलो औद्योगिक क्रान्ति कालको भौतिक विज्ञान र मानवशास्त्रमा आधारित द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादभन्दा अघि बढेको अहिलेको चौथो औद्योगिक क्रान्ति कालसम्मको सापेक्षता र क्वान्टम सिद्धान्त, जेनेटिक्स र कृत्रिम बौद्धिकतालगायतका ज्ञानविज्ञानले परिष्कृत द्वन्द्वात्मक भौतिकवादमा आधारित 'वैज्ञानिक मानवतावाद' हुनेछ। किनकि यसले भौतिक, सामाजिक र मनोजगतका नियमहरूको एकीकृत अभिव्यक्ति दिन्छ। मार्क्सपछि विकसित भएका क्वान्टम यान्त्रिकीका अनिश्चितताको सिद्धान्त (वा कण- तरंग द्वैधता), मानव जीवकोषिका मापनमा देखिएको मूलभूत समानताभित्र उल्लेखनीय भिन्नताहरू र समाज विकासको क्रममा देखिएका आम समानताभित्र ठोस असमान मार्गहरूले पुरानो द्वन्द्ववादी विकासको सिद्धान्तलाई थप विकसित र परिमार्जित गर्नुपर्ने देखाएका छन्। त्यो आवश्यकतालाई समेत यसले सम्बोधन गर्छ। मान्छे व्यक्ति र सामाजिक प्राणी दुवै हो। मानव जातिको उद्‌विकासमा निजी प्रतिस्पर्धा र सामाजिक सहकार्य दुवैको समन्वयात्मक भूमिका रहेको छ र रहिरहनेछ। परन्तु पुँजीवादी उदारवादले व्यक्ति/निजत्व र प्रतिस्पर्धालाई मात्र जोड दिंदा त्यो एकांगी हुन पुग्यो। अर्कोतिर मुख्यतः स्टालिनको पालादेखि भ्रष्टीकृत

साम्यवादले वर्ग/सामाजिकता र सहकार्यलाई मात्रै जोड दिंदा त्यो पनि एकांगी र अपूर्ण रह्यो। बिसौं शताब्दीको प्रयोगले यो कुरा पुष्टि गरिसकेको छ। त्यसैले निजत्व र सामाजिकता तथा प्रतिस्पर्धा र सहकार्य दुबैको फ्यूजन भएको पूर्णांगी विचारलाई 'मानवतावाद' भन्नु उचित हुन्छ।

साथै, 'मानवतावाद' यस अर्थमा कि यसले पृथ्वीका सबै प्राणीभन्दा उन्नत विवेक/चेतनासहितको प्राणी होमोसेपियन्सबाट जैविक र ऐतिहासिक रूपले विकसित विश्वका सम्पूर्ण मानव जाति र प्राणिजगतको सामुहिक हित र उन्नयनको पक्षपोषण गर्नेछ। सँगसँगै त्यसनिमित उपयुक्त वैचारिक, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक औजारहरूको आविष्कार र निर्माण गर्नेछ । 'वैज्ञानिक' यस अर्थमा कि यो अमूर्त काल्पनिक अवधारणा नभएर ऐतिहासिक रुपले विकसित नर-वानर चरणदेखिका विकासक्रमका कतिपय अवशेष सहितको र विभिन्न जाति, क्षेत्र, वर्ग, लिंग, समुदायमा विभाजित मानव प्रजातिको विविधतालाई आत्मसात एवं संवोधन गर्ने र समग्र प्रकृतिको समेत संरक्षण गर्ने वैचारिक हतियार हुनेछ।

यहाँनेर जोड दिएर भन्नै पर्दछ कि संसारका सबै वस्तु गतिशील र परिवर्तनशील भएकाले विचार र दर्शन पनि विकसित र परिवर्तन हुँदै जान्छ। हामीले विचार/दर्शनको निरन्तर विकासका निम्ति आफ्नो सोचलाई खुला राखेर तथ्य/सत्यका आधारमा त्यसलाई समृद्धीकरण गर्दै जानुपर्छ। एकता-संघर्ष- रुपान्तरणको विधिले जीवन र जगतका सबै वस्तु रुपान्तरित हुँदै जान्छन् भन्ने तथ्यलाई आत्मासात गर्नुपर्दछ।

(ख) **राजनीतिक आधार** : समुन्नत समाजवाद लोकतन्त्रको अझै विकसित रूप हो। त्यसैले यसको राजनीतिक आधार निजी स्वतन्त्रता र प्रतिस्पर्धासहित विभिन्न वर्ग, जाति, लिंग, वर्ण, समुदायमा विभाजित जनताको समानुपातिक, समावेशी र सहभागितामूलक लोकतन्त्र हुनेछ। साथै त्यो देश (स्पेस) र काल (टाइम) अनुसार निरन्तर विकसित हुँदै जाने निश्चित छ। अतः हामी लोकतन्त्र विनाको कुनै केन्द्रीकृत, नोकरशाही अधिनायकवादी 'समाजवाद'को कल्पना गर्न सक्दैनौं। त्यो हुन पनि सक्दैन।

समुन्नत समाजवाद स्वतन्त्रता, समानता र समभावको रुपमा परिभाषित प्रबोधनका तीनवटै प्रवर्गको फ्यूजन सहितको उच्चतम लोकतन्त्र हुनेछ। त्यस अर्थमा व्यक्तिको स्वच्छन्दतामा आधारित उदारवाद र वर्गको अधिनायकत्वमा आधारित राज्य नियन्त्रित-समाजवाद वा साम्यवाद भन्दा उच्चस्तरको लोकतन्त्र हुनेछ। समुन्नत समाजवाद हिजो सुदूर भविष्यकोनिम्ति परिकल्पना गरिएको वर्गविहीन र राज्यविहीन साम्यवादको एउटा वा विभिन्न खुट्किलो मात्र नभएर आफैँमा एउटा गन्तव्य हुनेछ र निरन्तर आफैँलाई समृद्धीकरण र रुपान्तरण गर्दैजाने स्वचालित प्रक्रिया र प्रणाली हुनेछ।

(ग) **आर्थिक आधार** : समुन्नत समाजवादको आर्थिक आधार निजी क्षेत्र, राज्य र समुदायको भूमिकाको गतिशील सन्तुलन भएको प्रणाली हुनेछ। देश र काल अनुरूप तिनीहरूको सापेक्ष भूमिका र अनुपात परिवर्तन हुँदै जानेछ। राष्ट्रिय सुरक्षा, ठूला पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा राज्यको मुख्य भूमिका रहनेछ भने अरू सबै निजी क्षेत्रका दायित्वमा रहनेछन्। प्रकृतिप्रदत्त उत्पादनका साधनहरू (जल, जमीन, जंगल, आकाश, वायु, खनिज आदि) समुदायको स्वामित्व र व्यक्तिको भोगाधिकारमा रहनेछन् भने श्रमसिद्ध निजी सम्पत्ति निजी स्वामित्वमा राख्ने पेशा, व्यवसाय गर्ने, मुनाफा आर्जन गर्ने पूर्ण स्वतन्त्रता हुनेछ।

समुन्नत समाजवादमा गरीबीको वितरण हैन सबैलाई धनी हुन प्रेरित गरिनेछ। सबैलाई शिक्षा, स्वास्थ्य, उत्पादनका साधनमा पहुँच, रोजगारी र सामाजिक सुरक्षाको ग्यारेन्टी गरिनेछ।

उत्पादन वृद्धि, समन्यायिक वितरण, पर्यावरणीय दिगोपन र मानवीय खुशीपनसहित चार-आयाम भएको 'आलोचनात्मक आधुनिकवादी' विकासको बाटोलाई निरन्तर परिष्कृत गर्दै लगिनेछ। विज्ञान प्रविधिको विकास र प्रयोगलाई विशेष प्राथमिकता दिइनेछ। प्रत्येक मान्छेलाई सिर्जनशील बन्न, उद्यमी बन्न प्रेरित गरिनेछ। 'नाफा कमाऊ, कर तिर,' (मेक प्रोफिट, पे ट्याक्स) नारालाई लोकप्रिय बनाइनेछ। आर्थिक प्रणालीमा अन्तरनिहित एकाधिकारवादी प्रवृत्तिलाई नियमन गर्ने, असमानतालाई निश्चित सीमा नाघ्न नदिने, सबैलाई आधारभूत आयको ग्यारेन्टी गर्ने, अपांग/अशक्तलाई सुरक्षा दिने लगायतका विधिमार्फत् समुन्नत समाजवादी अर्थतन्त्रलाई निरन्तर पुनर्ताजकीकरण गर्दै लगिनेछ। सुरुमा प्रगतिशील पुँजीवादले तयार गर्ने उत्पादनको प्रचुरता र उत्पादकत्वको उँचाइको जगमा समृद्ध र समतामूलक समाजवादी अर्थतन्त्रको निर्माण गरिनेछ।

(घ) **सामाजिक आधार** : समुन्नत समाजवादमा समाजमा कायम रहने जातीय, क्षेत्रीय, लैंगिक, भाषिक, साँस्कृतिक विविधतालाई सामाजिक

onlinekhabar.com

पुँजीको रुपमा सम्मान र संरक्षण गरिनेछ। पहिचान र अधिकार सहितको संघीयताको कार्यान्वयन गरिनेछ। लोपोन्मुख, अल्पसंख्यक जाति र समुदायको विशेष संरक्षण गरिनेछ। महिलाहरूलाई समाज र राज्यका सबै क्षेत्रमा पुरुष सरह समानताको पूर्ण प्रत्याभूति गराइनेछ। लैंगिक तथा यौनिक अल्पसंख्यकहरूलाई सबै क्षेत्रमा समान अवसर प्रदान गरिनेछ। युगौंदेखि वर्णव्यवस्थाजन्य कलंकको रुपमा रहेको दलित समस्यालाई राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक/धार्मिक ढंगले सम्बोधन गरेर निश्चित अवधिभित्र पूर्ण रुपले निवारण गरिनेछ। कुनै पनि प्रकारको सामाजिक उँचनिच र भेदभावलाई जरैदेखि उखेल्ने अभियान चलाइनेछ। ज्येष्ठ नागरिक, बालबालिकाहरूको हकअधिकार प्रचलन र संरक्षणमा विशेष ध्यान दिइनेछ।

(ङ) **साँस्कृतिक आधार** : सबै कालखण्ड र जाति/समुदायका मूर्त अमूर्त संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिनेछ। सबै धर्महरूलाई पूर्ण स्वतन्त्रताको ग्यारेन्टी गरिनेछ। व्यक्तिको धर्म मान्ने वा नमान्ने अधिकारको पूर्ण सम्मान गरिनेछ। राज्य र राजनीतिक दलको कुनै धार्मिक आबद्धता हुने छैन। धर्म र संस्कृतिको नाममा हुने भेदभाव, कुसंस्कार र अन्धविश्वासविरुद्ध सामाजिक जागरण अभियान चलाइनेछ। रुढीवादी, विभेदकारी संस्कृति र संस्कारको सट्टा लोकतान्त्रिक, प्रगतिशील, समतावादी संस्कृति अवलम्बन गर्न अभिप्रेरित गरिनेछ। सबै जाति, भाषा, समुदायको कला, साहित्य, संगीत, चलचित्रको प्रवर्द्धनमा जोड दिइनेछ। पूर्वीय संस्कृति र ज्ञानका धरोहर योग, ध्यानलगायतको प्रवर्द्धन र संरक्षणमा विशेष जोड दिइनेछ।

(च) **पर्यावरण संरक्षण** : अनियन्त्रित पुँजीवादी र उपभोगवादी आर्थिक विकास नीतिका कारणले तीव्र गतिमा भइरहेको वातावरण विनाशले ल्याएको जलवायु संकट, जैविक विविधता ह्रास, वायु एवं प्लाष्टिक प्रदूषण रोक्न बहुआयामिक नीति तथा योजना निर्माण तथा कार्यान्वयन गरिनेछ। खासगरी बढ्दो अव्यवस्थित सहरीकरण, डोजरे विकास, बढ्दो कार्बन उत्सर्जनजन्य इन्धनको प्रयोग लगायतलाई कडाइपूर्वक नियमन र नियन्त्रण गरिनेछ। हरित ऊर्जाको प्रयोग, वनजंगल संरक्षण, योजनाबद्ध बस्तीविकास र सहरीकरण आदिमार्फत पर्यावरण संरक्षणमा विशेष जोड दिइनेछ। हिमाली पर्वत श्रृंखलाको पर्यावरण संकट रोक्न अन्तर्राष्ट्रिय स्तरको पहल गरिनेछ। क्रमशः समग्र राष्ट्रिय अर्थतन्त्रलाई हरित अर्थतन्त्रमा रुपान्तरण गर्न र वाह्य कारणले भएको पर्यावरण संकटको क्षतिपूर्ति लिन विशेष पहल गरिनेछ

(छ) **अन्तर्राष्ट्रिय सम्बन्ध** : अर्थतन्त्र, डिजिटल प्रविधि, मानव चेतना सबैको भूमण्डलीकरणले कुनै कालखण्डमा बनेका राजनीतिक राज्यका रेखाहरूलाई समेत अपूर्ण र असान्दर्भिक बनाउँदै लगेको छ। सँगसँगै बजार-पुँजीवादी वा राज्य-पुँजीवादी दुवै प्रणालीमा अन्तरनिहित असमान तथा विषम विकासको प्रवृत्तिले केही आर्थिक तथा प्राविधिक कम्पनीको एकाधिकार हुने, राज्यको अति सैनिकीकरण हुँदै जाने आदि प्रवृत्तिले क्षेत्रीय र विश्वयुद्धका खतराहरू बढ्दै गएका छन्। अर्कोतिर, व्यापक पर्यावरण विनाश, आणविक युद्धको विभीषिका, ए.आइ.को अनिश्चितता र आशंका लगायतका समस्या एउटा राज्यको भन्दा पनि विश्वकै दायित्व बन्दै गइरहेका छन्। तसर्थ तत्काल आआफ्नो राज्यका सीमाभित्र रहेर यी समस्याको समाधान गर्दै र अन्तर्राष्ट्रियस्तरमा हातेमालो गर्दै अन्ततः अन्तर्राष्ट्रिय पहल, हस्तक्षेप, व्यवस्थापनमा नै यिनको स्थायी समाधान खोज्नुपर्ने हुन्छ। त्यस अर्थमा अहिलेको कमजोर र केही शक्ति केन्द्रको नियन्त्रण रहेको संयुक्त राष्ट्रसंघको सट्टा तत्काल त्यसलाई अग्रगामी पुनर्संरचना गर्ने र अन्ततः शक्तिशाली 'विश्व फेडेरेशन' को निर्माण आवश्यक पर्नेछ। यसरी हिजो परिकल्पना गरिएको जस्तो वर्गविहीन, राज्यविहीन 'कम्युनिज्म' होइन कि अहिलेका राज्यहरू स्वयंको आवश्यक संघीयकरणसहित 'विश्व फेडरेसन' को निर्माण नै भविष्यको समुन्नत समाजवादको अन्तर्राष्ट्रिय राज्य प्रणाली हुनेछ।

(ज) **समुन्नत समाजवाद निर्माणको बाटो** : समुन्नत समाजवाद स्वतःस्फूर्त रुपमा प्राप्त हुने वस्तु होइन। सचेत र सामुहिक ढंगले निर्माण गर्ने र विकसित हुने प्रक्रिया हो। २१ औं शताब्दीको आवश्यकता र मानिसको उन्नत चेतनाले निर्माण गर्ने समुन्नत समाजवादको बाटो पनि मौलिक र वैकल्पिक हुनुपर्दछ। निश्चय नै त्यो बाटो तत्काल विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ठोस परिस्थितिले निर्धारण गर्नेछ। आम रूपमा त्यो बाटो हिजो कतिपयले भनेको र अपनाएको 'क्रमिक विकास' (ग्राजुअल इभोल्युसन) को बाटो वा अन्यले भनेको वा अपनाएको 'हिंसात्मक क्रान्ति' (भायोलेन्ट रेभुल्युसन) को बाटो नभएर त्यो 'आमूल रुपान्तरण' (र्‍याडिकल ट्रान्सफर्मेसन) को नयाँ र परिमार्जित बाटो हुनेछ। त्यसनिम्ति विद्यमान अर्थ-राजनीतिक प्रणालीका कतिपय उपयोगी वा सान्दर्भिक अंगहरूको रुपान्तरण, कतिपय नयाँ अंगहरूको थप निर्माण र पुरानो प्रणालीभित्रका कतिपय खराब र काम नलाग्ने अंगहरूको विनाश गरेर नयाँ प्रणालीको निर्माण हुनसक्छ। नयाँ उत्पादक शक्ति, डिजिटल प्रविधि र आम मानिसको उन्नत चेतनाले समाजवादी रूपान्तरणको त्यो बाटो सम्भव र उपयुक्त हुनेछ। त्यसनिमित्त वैकल्पिक विचार,

onlinekhabar.com

जनआधारित संगठन र दूरदर्शी नेतृत्व भएको पार्टीको नेतृत्वमा सडक, सदन र सरकारका तीनवटै क्षेत्रबाट एकीकृत ढंगले कार्यसम्पादन गरेर समुन्नत समाजवाद निर्माण गरिनेछ। सुरुको चरणमा विभिन्न संरचनात्मक र समसामयिक मुद्दा र आधुनिक इन्टरनेट प्रविधिको प्रयोग सहितको विधिमा सडकबाट संचालन हुने जनपरिचालन, जनदबाब अभियान प्रमुख हुनेछन्। जनचेतना वृद्धि, शक्ति आर्जन, जनआधार निर्माण सँगसँगै सदन वा व्यवस्थापिकामार्फत् सुधार र अन्ततः सरकारको नेतृत्व गरेर आमूल परिवर्तन र रुपान्तरण गरिनेछ। खास खास गम्भीर संकटका अवस्थामा व्यापक जनताको सचेत बिद्रोह र धक्का आवश्यक पर्नेछ। समय र परिस्थिति अनुरुप यो चक्र निरन्तर चलाएर र राज्यसंचालनमा आम जनसमुदायको निगरानी र हस्तक्षेप सुनिश्चित गरेर समाज र राज्यको निरन्तर उच्च तहमा रुपान्तरण गर्दै लगिनेछ।

संक्षेपमा भन्नुपर्दा अबको नेपाल र मानवजातिको लक्ष्य हिजो सरल र एकलरेखीय रूपमा प्रक्षेपण गरिएको 'साम्यवाद' होइन। बहुल सम्भावनायुक्त समुन्नत समाजवाद हुनुपर्छ। यो हिजोका भ्रष्टीकृत र असफल भइसकेका 'वैज्ञानिक समाजवाद', 'प्रजातान्त्रिक समाजवाद' लगायतका कमीकमजोरीबाट मुक्त र उन्नत हुनेछ। वैचारिक हिसावले यो नियतिवादी ढंगले एकल रेखीय दिशामा अघि बढ्ने नभई विकसित र परिमार्जित भौतिकवादी द्वन्द्ववादी ढंगले बहु-रेखीय दिशामा अघि बढ्नेछ। आर्थिक हिसावले यो अतिकेन्द्रीयतावादी आधुनिकतावादी दिशामा होइन, केन्द्रीय सहजीकरण अन्तर्गत स्थानीय पहलमा चल्ने आलोचनात्मक आधुनिकवादी दिशामा अघि बढ्नेछ। राजनीतिक हिसावले यो एकमनावादी सर्वहारा वा कुनै समूहको अधिनायकत्वको ढाँचामा होइन, बहुलतावादी समावेशी तथा सहभागितामूलक लोकतन्त्रको ढाँचामा अघि बढ्नेछ। यो निरन्तर गतिवान हुनेछ। ठूला कर्पोरेशन-नियन्त्रित पुँजीवाद र राज्य-नियन्त्रित साम्यवाद भन्दा उन्नत यो मूलतः समतलीय, स्वचालित र खुला प्रणाली नयाँ युगको मानव समाज संगठन र व्यवस्थापनको दिशाबोधक संयन्त्र हुनेछ। यसका संक्रमणकालीन रूपहरू देश-कालको विविधता र आवश्यकता अनुरूप विविध हुनेछन्।

## ४.० वैकल्पिक पार्टीको संगठनात्मक सिद्धान्त, संरचना र आधारहरू

पार्टीको वैचारिक-राजनीतिक कार्यदिशा प्रष्ट भइसकेपछि त्यसलाई कार्यान्वयन गर्ने संगठन निर्माण सबैभन्दा महत्वपूर्ण कुरा हो। पार्टी भनेको विचार र राजनीतिको संगठित अभिव्यक्ति हो। पार्टी आफैं साध्य नभएर लक्ष्य प्राप्ति गर्ने साधन हो। त्यसैले वैकल्पिक राजनीतिक पार्टीको संगठनात्मक सिद्धान्त, संरचना र निर्माणका आधार तथा विधि पनि वैकल्पिक र अग्रगामी हुनुपर्दछ।

विगतमा पुँजीवादी क्रान्तिकालमा जन्मेका र हुर्केका पार्टीहरू उदारवादी लोकतन्त्रको मान्यता अनुसार सुरुमा बढी व्यक्तिवादी, अराजकवादी, स्वच्छन्दतावादी र पछिल्लो चरणमा पुँजीवाद नै एकाधिकारवादी र भुमण्डलीकृत भएपछि ती पार्टीहरू पनि नोकरशाही, केन्द्रीकृत, नेतामुखी र भ्रष्टीकृत हुँदै गए। पुँजीवादको विकल्पमा अघि आएको राज्य-समाजवादी वा साम्यवादी पार्टीको सुरुको 'अग्रदस्ता' र 'जनवादी केन्द्रीयता' को सिद्धान्त अन्ततः भयंकर नोकरशाही केन्द्रीयतावादी संरचना र प्रमुख नेताको निरंकुशतन्त्रमा परिणत हुनपुग्यो। नेपालमा कांग्रेस र कम्युनिष्ट पार्टीहरूको इतिहास हेर्दा मात्र पनि त्यो प्रष्ट हुन्छ। यो स्थितिमा उत्तर-पुँजीवादी र उत्तर-साम्यवादी ऐतिहासिक कार्यभार वहन गर्ने प्रतिवद्धतासाथ विकसित गरेको वैकल्पिक राजनीतिक पार्टीको संगठनात्मक सिद्धान्त र निर्माणका आधारहरू भिन्न र अग्रगामी हुनु आवश्यक छ। नेसपा (नयाँ शक्ति) पार्टीको आधारभूत संगठनात्मक सिद्धान्त, संगठन संरचना, विधि, संहितालगायतको विस्तृत विवरण पार्टीको विधान, नियमावली, निर्देशिकामा उल्लेख गरिने हुँदा पार्टीको संगठनात्मक सिद्धान्तका प्रमुख विशेषता र निर्माणका आधारहरूबारे मात्र यहाँ चर्चा गरिनेछ।

(**क**) **पार्टीको आर्थिक-सामाजिक आधार** : नेपाल कविलाइ र सामन्तवाददेखि पुँजीवादसम्मका विभिन्न ऐतिहासिक चरणका आर्थिक-सामाजिक वर्ग र समूहहरूले बनेको अत्यन्तै विविधतापूर्ण संक्रमणकालीन समाज हो। त्यसैले यहाँ अग्रगामी, यथास्थितिवादी र पश्चगामी शक्तिहरू बीच निरन्तर दृश्य अदृश्य द्वन्द्व चलिरहेको छ। यो स्थितिमा अग्रगामी आर्थिक-सामाजिक रुपान्तरणलाई मुख्य लक्ष्य बनाएर अघि बढेको वैकल्पिक राजनीतिक पार्टीको मुख्य संगठनात्मक आधार अग्रगामी आर्थिक-सामाजिक शक्तिहरू नै हुन्छन्। तिनको स्पष्ट पहिचान गरेर र तिनकै नेतृत्वमा बीचमा ढुलमुल भएर बस्ने विशाल यथास्थितिवादी तप्काको ठूलो हिस्सालाई साथमा लिएर पार्टीको संगठनात्मक संजाल निर्माण गर्नुपर्दछ। पुँजीवादी उत्पादक शक्तिको विकास गर्ने र सामन्तवादी अवशेषहरूको अन्त्य गर्ने यो ऐतिहासिक चरणमा ठूलो संख्यामा रहेका किसानहरू, स्वदेश तथा विदेशमा विभिन्न क्षेत्रमा काम गर्ने श्रमिकहरू, राष्ट्रिय उद्यमी व्यवसायीहरू, नवउदीयमान विभिन्न पेशागत समूहहरू, संरचनात्मक विभेदमा परेका जाति/जनजाति, महिला, दलित, अल्पसंख्यक समुदायहरू, सचेत युवा वौद्धिकहरू र देशप्रेमी नागरिकहरू वैकल्पिक राजनीतिक पार्टीका मुख्य संगठनात्मक आधार हुनेछन्। सारमा प्रतिगामी, कामचोर, दलाल (कम्प्रादोर) वर्ग र समूह वाहेक अरु सबैलाई संगठित र गोलबन्द गर्ने पार्टीको नीति हुनेछ।

onlinekhabar.com

(**ख**) **सार्वभौम पार्टी सदस्य र जनआधारित पार्टी** : हिजो सार्वजनिक शिक्षा र आमसंचारको अभाव भएको दुनियाँमा एउटै तह र तप्काका मानिसबीचमा पनि चेतनाको असमानता र प्रत्यक्ष सूचना संचार प्रवाहको जटीलताको कारणले 'अग्रदस्ता' (भ्यानगार्ड) र 'जनवादी केन्द्रीयता' को अवधारणा उपयुक्त र आवश्यक थियो होला। तर अहिलेको डिजिटल प्रविधिले सबैलाई प्रत्यक्ष संचारमा पहुँच र शिक्षादीक्षाको अवसर दिएको युगमा त्यस्तो एकोहोरो 'माथि' बाट 'तल' जाने ढाँचा उपयुक्त मात्र होइन प्रत्युत्पादक समेत हुन्छ। अबको सांगठनिक संरचना सम्पूर्ण पार्टी सदस्य सार्वभौम र बराबर हुने, 'नेता' र 'कार्यकर्ता' को बनिबनाउ विभेद र सोपानक्रम (हाइरार्की) नहुने, कामको आवश्यकताले मात्र क्षणिक सोपानक्रम हुन सक्ने, व्यक्ति कामको जिम्मेवारी अनुसार तल-माथि भइरहन सक्ने, आम पार्टी सदस्य निरन्तर जनसमुदायसँग अन्तरघुलन भइरहने खालको हुनुपर्छ र हुनेछ। साथै पार्टीका सबै तहका पदाधिकारीहरू सम्बन्धित इकाइ भित्रका सबै पार्टी सदस्यहरूबाट प्रत्यक्ष निर्वाचित हुनेछन्। सबै स्तरका कमिटीहरूमा 'एक व्यक्ति एक कार्यकारी पद' र 'एक व्यक्ति दुई कार्यकाल' को अवधारणा कडाइपूर्वक लागू गरिनेछ। कसैले जिम्मेवारी पूरा नगरेमा उसलाई बीचैमा फिर्ता बोलाउने (राइट टू रिकल) व्यवस्था गरिनेछ। डिजिटल प्रविधिको माध्यमबाट सबै तहमा प्रत्यक्ष निर्वाचन गर्न सहज हुनेछ।

त्यसरी मात्र परम्परागत कम्युनिस्ट पार्टीभित्र नयाँ नोकरशाही पुँजीपति वर्ग जन्मेको र प्रतिक्रान्ति भएको इतिहासको पुनरावृत्ति रोक्न र समुन्नत समाजवादको दिशामा निरन्तर अघि बढ्न सम्भव हुनेछ। पार्टीमा यस्तो विधि बसालेपछि राज्यका विभिन्न तहमा पनि प्रत्यक्ष लोकतन्त्रको अभ्यास गर्न सहज हुनेछ।

(**ग**) **समानुपातिक समावेशी प्रतिनिधित्व** : देशको जातीय/क्षेत्रीय/भाषिक विविधता र महिला, दलित, अल्पसंख्यकहरू माथिको संरचनात्मक विभेदलाई मध्यनजर गर्दै पार्टीका सबै तहका कमिटीहरूमा जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ। नेसपा (नयाँ शक्ति) मा मूलतः तीन समुदाय आदिवासी जनजाति, मधेसी-थारु र खस आर्य तथा महिला, दलित, अल्पसंख्यक समूह (लैंगिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख जाति, धार्मिक अल्पसंख्यक समूह र अपांगता भएका व्यक्ति) को समानुपातिक समावेशी प्रतिनिधित्व गराइनेछ।

महिलाहरूको प्रतिनिधित्वमा अहिलेको न्यूनतम तेत्तीस प्रतिशतबाट बढाएर पचास प्रतिशत पुऱ्याइनेछ। सबै कमिटीहरूमा विपन्न वर्ग, उत्पीडित क्षेत्र, शहीद/वेपत्ता परिवार लगायतको समुचित प्रतिनिधित्वको व्यवस्था गरिनेछ। सबै कमिटीहरूमा सबै क्लष्टरको प्रतिनिधित्व सम्बन्धित क्लष्टरहरूको सदस्यहरूबीच प्रतिस्पर्धाबाट गरिनेछ। यसले समानुपातिकता र गुणवत्ता दुवैको एक साथ सम्बोधन गर्नेछ।

(**घ**) **संघीय ढाँचामा संगठन निर्माण** : राज्यको संघीय ढाँचाको सफल कार्यान्वयनको निम्ति पार्टीको संगठनात्मक ढाँचा पनि संघीयता अनुरुप हुनुपर्दछ। त्यसैले पार्टीका कमिटीहरू संघ, प्रदेश र पालिका स्तरमा 'कार्यकारी' भूमिकासहित र जिल्ला, प्रतिनिधि सभा क्षेत्र र प्रदेश सभा क्षेत्रमा समन्वयकारी भूमिका सहित निर्माण गरिनेछ। पहिचानसहितको संघीय पुनर्संरचना नहुन्जेल अहिलेकै संयुक्त प्रदेशहरूभित्र छुट्टै संरचना बनाएर पार्टी संगठन निर्माण गर्न सकिनेछ। जरा जति बलियो भयो रुख उति बलियो भएझैं पार्टीको जरा जति तल्लो तहसम्म फैलिन्छ उति नै पार्टी जनसमुदायसँग जोडिनेछ र पार्टीको आधार बलियो हुनेछ। अतः पार्टीका प्रत्येक तह केन्द्रीय मूलनीति अनुरुप स्वायत्त ढंगले संचालित हुनेछन्।

(**ङ**) **युवा नेतृत्व निर्माणमा जोड** : वैकल्पिक राजनीति युग सुहाउँदो भविष्यमुखी राजनीति हुनाले हामीले बेलैदेखि पार्टीका सबै कमिटीहरूमा युवाहरूको प्रतिनिधित्व बढाउने र युवा नेतृत्व निर्माणमा जोड दिनुपर्दछ। नेपालमा अहिले (सन् २०२२) १६-२५ वर्ष समूहका युवा २०.८% र र १६-४० वर्ष समूहका युवा ४०.६८% छन्। यो ठूलो मानवीय स्रोत हो। यसलाई राष्ट्र निर्माणमा परिचालन गर्न अग्रगामी पार्टीले युवाहरूको सशक्तीकरण र प्रतिनिधित्वमा जोड नदिई हुँदैहुन्न। त्यसैले नेसपा (नयाँ शक्ति) ले विधानमा नै स्थानीय तहमा ४०%, प्रदेशमा ३०% र संघमा २०% न्यूनतम युवा प्रतिनिधित्वको व्यवस्था गरेको छ। यसलाई क्रमशः बढाएर लगिनेछ र कडाइका साथमा कार्यान्वयन गरिनेछ।

(**च**) **शक्ति पृथक्कीकरण र समतलीय ढाँचा** : लोकतान्त्रिक राज्यमा हुने कार्यकारी, विधायिकी र न्यायिक शक्ति पृथक्कीकरण भैं वैकल्पिक राजनीतिक पार्टीमा पनि शक्ति पृथक्कीकरण आवश्यक हुन्छ। त्यसको सही प्रत्याभूति गर्ने व्यवस्था नेसपा (नयाँ शक्ति) मा सुरुदेखि नै गरिएको छ। त्यसअनुसार संघ, प्रदेश र पालिका कमिटीहरूले कार्यकारी काम गर्नेछन् भने सम्बन्धित तहका अधिवेशन/विशेष अधिवेशन/सम्मेलनले विधायिकी कार्य गर्नेछन्।

onlinekhabar.com

साथै सबै तहमा अनुशासन तथा सदाचार आयोग, निर्वाचन आयोग र लेखापरीक्षण आयोग हुनेछन् । तिनले दलभित्रको अनुशासन र सदाचार, निर्वाचनको व्यवस्थापन र आर्थिक पारदर्शिता कायम गर्नेछन् । यी आयोगहरू आआफ्नो कार्यक्षेत्रमा स्वतन्त्र, निष्पक्ष र तटस्थ हुनेछन् । अर्को महत्वपूर्ण विषय यो पार्टीको समानान्तर अंगको रूपमा विज्ञ परिषद्को व्यवस्था गरिनु हो । विभिन्न क्षेत्रका विज्ञहरूको कमिटि संघ, प्रदेश र स्थानीय तहमा रहनेछ। तिनीहरूले पार्टी कमिटीहरूलाई विभिन्न क्षेत्रमा नीति निर्माण र कार्यान्वयनमा वैचारिक तथा प्राविधिक पक्षपोषण दिनेछन् । त्यसरी नै ज्येष्ठ र अनुभवी नेताहरू सम्मिलित सल्लाहकार समितिले सबै तहमा सैद्धान्तिक र व्यवहारिक विषयमा कमिटीहरूलाई सल्लाह सुझाव दिनेछन् । साथै विभिन्न विषयगत र क्षेत्रगत विभागहरूले पार्टी र राज्यको काममा तत्‌तत् विषयमा नीतिनिर्माणमा सहयोग गर्नेछन् ।

(छ) **मिशनप्रति प्रतिवद्ध स्वयंसेवी अभियन्ताहरूको संगठन** : कुनै बेला लोकतान्त्रिक आन्दोलनको निम्ति बनेका पुँजीवादी र साम्यवादी पार्टीहरू सत्तामा पुगेसँगै राज्य दोहनको साधनमा परिणत भएका छन् । अहिले विशेषतः नेपालका पुराना पार्टीहरू सबै चुनावदेखि चुनावसम्म र सत्तादेखि सत्तासम्मको फोहोरी खेलबाट दलीय, गुटीय, निजी स्वार्थ पूर्ति गर्ने संगठित समूह जस्तो बनेका छन् । यसको ठिक विपरित वैकल्पिक राजनीतिक पार्टी निरन्तर समाज रुपान्तरणको ध्येयमा समर्पित र सामूहिक हितभित्र आफ्नो निजी र पारिवारिक हित खोज्ने र देख्ने स्वयंसेवी अभियन्ताहरूको संगठन हुनेछ। तसर्थ नेसपा (नयाँ शक्ति) मा व्यक्ति होइन पद र जिम्मेवारी पूर्णकालीन (होलटाइमर) हुनेछ। परिभाषित पदहरू पूर्णकालीन हुनेछन् । आन्तरिक लोकतान्त्रिक प्रक्रियाबाट जो ती पदमा पुग्नेछन्, पदमा रहुन्जेल पूर्णकालीन भूमिका गर्नेछन् । हरेक अभियन्ताले कुनै न कुनै उत्पादनसँग जोडिने, आर्थिक उपार्जनको काम सँगसँगै स्वेच्छिक ढंगले राजनीतिक सेवा गर्ने धारणाबाट परिचालित हुनेछन् । विपन्न वर्ग र समुदायबाट आएका र आउन चाहने अभियन्ताहरूको विशिष्ट प्रकृतिका आर्थिक उपार्जनका समस्याहरूलाई समाधान गर्न तत्‌तत् स्तरका संगठनहरूले सामुहिकरूपमा सहजीकरण गर्ने प्रयास गर्नु पर्दछ।

(ज) **स्वायत्त र सिर्जनशील जनसंगठन** : विभिन्न वर्ग, जाति, समुदाय र पेशासँग सम्बन्धित जनसंगठनहरू हाम्रो जस्तो अल्पविकसित अर्थतन्त्र र विविधतायुक्त समाजमा पार्टीलाई जनसमुदायसँग जोड्ने महत्वपूर्ण साधन हुन् । वास्तवमा पार्टी मस्तिष्क हो भने जनसंगठनहरू शरीरका अंगहरू हुन् । अतः जनसंगठनहरू वैचारिक र नीतिगत हिसावले पार्टीसँग अनुबन्धित रहेर आआफ्नो क्षेत्रका समस्याहरू पहिचान गर्न, संघर्ष संचालन गर्न, रचनात्मक क्रियाकलापहरू गर्न स्वायत हुनेछन् । वैकल्पिक पार्टीका जनसंगठनहरूलाई पुरानो पार्टीहरूले झैं चुनावी हतियार, राज्यदोहनको साधन, निरीह कठपुतली होइन स्वायत्त र सिर्जनशील ढंगले आआफ्ना क्षेत्रको रुपान्तरणका अभियन्ताका रुपमा विकसित हुन दिइनेछ। राज्यकोषबाट वेतन ग्रहण गर्ने कर्मचारी, शिक्षक, प्राध्यापक लगायतका संगठनहरू गैरदलीय आधारमा निर्माण र क्रियाशील हुन अभिप्रेरित गरिनेछ।

(झ) **आत्मनिर्भर र पारदर्शी आर्थिक व्यवस्थापन** : पुराना पार्टी र तिनका नेताहरूको भ्रष्टीकरण, अपारदर्शी आर्थिक कारोबार, विचौलियहरूसँगको मिलेमतो लगायतका हर्कतबाट प्रदूषित र कलंकित भएको राजनीतिलाई स्वच्छ, पारदर्शी र जनहितकारी बनाउन हामीले पार्टीको र निजी आर्थिक व्यवस्थापनलाई खुला र पारदर्शी बनाउनैपर्छ। साथै पार्टी संचालन र विभिन्न अभियान, अधिवेशन, निर्वाचन लगायतको आवश्यक खर्च स्वयं पार्टीभित्र र समर्थकहरूबाट व्यवस्थापन गरेर आत्मनिर्भर बन्ने अधिकतम प्रयत्न गर्नुपर्दछ। सदस्यता शुल्क र लेवी (स्वेच्छिक सहयोग) लाई नियमित र व्यवस्थित गर्नुपर्दछ। अत्यावश्यक पर्ने सार्वजनिक आर्थिक संकलन अभियानलाई स्वेच्छिक, पारदर्शी र विश्वासनीय बनाउनुपर्दछ। आर्थिक अभिलेख वैज्ञानिक र व्यवस्थित गर्नुपर्दछ र सबै तहमा नियमित लेखापरीक्षण गर्नु/गराउनु पर्दछ। साथै पार्टी कार्यक्रमहरूलाई खर्चिलो र तडकभडकपूर्ण नबनाउन र मितव्ययिता अबलम्वन गर्न अधिकतम प्रयत्न गर्नुपर्छ। अन्यथा कमजोर, अव्यवस्थित र अपारदर्शी आर्थिक व्यवस्थापन नै वैकल्पिक राजनीतिको काल बन्न सक्दछ भन्ने हमेसा ख्याल राख्नुपर्दछ। पार्टीको आर्थिक विभाग र अन्य सम्बन्धित विभागहरूले यही मूल नीतिअन्तर्गत पार्टीको आर्थिक उपार्जन र व्यवस्थापनसम्बन्धी विस्तृत कार्ययोजना र निर्देशिका बनाउनेछन् ।

(ञ) **आन्तरिक लोकतन्त्र, स्वैच्छिक अनुशासन र उन्नत संस्कृति** : वैकल्पिक राजनीतिको अर्को महत्वपूर्ण परिचायक आन्तरिक लोकतन्त्र, स्वैच्छिक अनुशासन र उन्नत संस्कृतिको अभ्यास हो। पार्टीभित्र फरक मतहरूको निरन्तर द्वन्द्व भइरहन्छ; त्यो पार्टी जीवनको स्वाभाविक प्रक्रिया हो। त्यसैले पार्टीमा छलफलको स्वतन्त्रता र कामकारवाहीमा एकरूपता अर्थात् स्वतन्त्रता र अनुशासनको द्वन्द्वात्मक

onlinekhabar.com

अन्तरसम्बन्धलाई सबै तहमा कडाइपूर्वक लागू गर्नुपर्दछ। महत्वपूर्ण निर्णयहरू लिँदा सकेसम्म सहमति नभए बहुमतको निर्णय र अल्पमतको सम्मानको विधिलाई सबैले पालना गर्नुपर्छ। सामुहिक निर्णय र व्यक्तिगत जिम्मेवारी पार्टीको आम कार्यविधि हुनुपर्छ। नेतृत्वमा रहनेले अधिकतम लोकतन्त्रको अभ्यास गर्ने र पार्टीका सबैले स्वैच्छिक अनुशासनको पालन गर्ने विधि नै सर्वोत्तम विधि हो।

साथै वैकल्पिक राजनीति मुखले मात्र होइन जीवन व्यवहारमै सुसंस्कृत, उन्नत, वैज्ञानिक, प्रगतिशील आचरण, संस्कार, संस्कृतिले ओतप्रोत हुनुपर्छ। सबै प्रकारको भ्रष्टाचार, आर्थिक अपारदर्शिता, अपराधजन्य क्रियाकलाप, सामाजिक विभेदप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्नुपर्दछ। पार्टीभित्र जातपात, छुवाछुत, लैंगिक विभेद, महिलामाथि हिंसाजन्य क्रियाकलाप, अपांगता भएका व्यक्तिहरूप्रति हेयदृष्टि, यौनिक तथा लैगिक अल्पसंख्यकहरूप्रतिको अपहेलना वर्जित र दण्डनीय हुनेछन्।

समुन्नत समाजवादी संस्कृति स्वभावैले श्रममैत्री र श्रमजीवी तथा उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग, वर्ण, समुदायको पक्षधर हुन्छ र हुनुपर्छ। सत्य र असत्य, न्याय र अन्याय, ठिक र बेठिक, अग्रगमन र पश्चगमन प्रवृत्ति बीचको संघर्षमा सत्य, न्याय, ठिक र अग्रगमनको पक्षधरता हुनैपर्छ।

अनि समुन्नत समाजवाद हमेसा पछिल्लो ज्ञान र विज्ञानमा अडेको र विकसित हुँदै गएको हुन्छ। त्यसनिम्ति पार्टीका अगुवा र सामान्य अभियन्ताहरूले अध्ययनशीलतालाई आफ्नो दैनिकी बनाएर पछिल्लो ज्ञान विज्ञानमा अभ्यस्त बनाउनैपर्छ।

(**ट**) **प्रविधिपोख्त र पर्यावरणमैत्री पार्टी संगठन** : तीव्र वेगले अघि बढिरहेको डिजिटल प्रविधि, इन्टरनेट, रोबोटिक्स, कृत्रिम वौद्धिकता (ए.आइ) को युगमा सम्पूर्ण पार्टी पंक्तिलाई प्रविधिपोख्त नबनाइकन नयाँ युगको नयाँ कार्यभार सम्पन्न गर्न सम्भव छैन। सूचना संचारको क्षेत्रमा आएको अपूर्व क्रान्तिसँग पदचाप नमिलाई अब हिजोको ठाडो संगठनात्मक संरचनाले मात्र कामै बन्दैन। सामाजिक संजालमार्फत क्षणभरमा सूचना प्रवाह गर्न सकिन्छ, जनमत निर्माण गर्न सकिन्छ, आन्दोलनको तयारी गर्न सकिन्छ। विद्युतीय माध्यमबाट आर्थिक कारोबार गर्न, डेटा संकलन गर्न, निर्वाचन सम्पन्न गर्न सकिन्छ। त्यसैले पार्टीका सबै अंग र तहहरूमा छुट्टै सूचना प्रविधि (आइ.टी.) संयन्त्र निर्माण गरी पछिल्लो प्रविधिको अधिकतम प्रयोग गर्नुपर्छ। सम्पूर्ण पार्टीपंक्तिलाई आवश्यक तालिम दिएर पार्टीलाई अधिकतम प्रविधिपोख्त बनाइनेछ। सामाजिक संजालको अधिकतम सदुपयोग गरिनेछ। संसारका १७२ देशमा छरिएका नेपाली नागरिकहरूलाई डिजिटल प्रविधिले जोडेर उनीहरूका विविध समस्याहरूको हल गर्ने, वैकल्पिक राजनीतिक संगठनमा जोड्ने, उनीहरूलाई आफू बसेकै देशबाट राज्य र पार्टीको निर्वाचनमा सहभागी बन्ने वातावरण मिलाइनेछ।

पर्यावरण संकट विश्वका र नेपालका सबै तह र तप्काका मानिस र सम्पूर्ण प्राणीहरूको साझा समस्या भएकाले वैकल्पिक राजनीति अनुसरण गर्ने नेसपा (नयाँ शक्ति) का सबै अभियन्ता पर्यावरणमैत्री हुनेछन्। नीति र व्यवहारमा पर्यावरण विनाश रोक्न हरित ऊर्जा प्रयोग गर्ने, वायु र प्लास्टिकजन्य लगायत सबै खाले प्रदूषण रोक्ने अभियानमा निरन्तर क्रियाशील हुनेछन्।

(**ठ**) **संघर्ष, मोर्चा र ध्रुवीकरण** : रुपान्तरणकारी राजनीति अन्तर्यमा संघर्षको साधन हो र संगठन त्यसको मूर्त अभिव्यक्ति हो। त्यसैले रूपान्तरणकारी राजनीति गर्ने पार्टीको संगठन सदैव सबै मुद्दामा सबै प्रकृतिका संघर्षहरू निम्ति तयार रहनुपर्छ। माथिल्लो खण्डमा उल्लेख भएझैं स्वाधीनता, संघीयता, समावेशी लोकतन्त्र, सुशासन र समृद्धिका मुद्दामा सडक, सदन र सरकारका मोर्चाबाट निरन्तर संघर्ष गर्ने तयारी पार्टीले गर्नैपर्छ। त्यसनिम्ति तत्कालीन मुद्दा मिल्ने शक्तिहरूसँग कार्यगत एकता वा सहकार्य गर्नुपर्ने हुन्छ। आधारभूत सिद्धान्त, नीति, कार्यक्रम मिल्ने शक्तिहरूसँग दीर्घकालीन प्रकृतिको संयुक्त मोर्चा निर्माण हुनसक्छ। सत्ताको राजनीतिमा डुबेर भ्रष्टीकृत भइसकेका पुराना शक्तिहरूसँग सहकार्य र मोर्चाबन्दी प्रत्युत्पादक हुने विगतका अनुभवहरूले पुष्टी गरिसकेको छ। यो स्थितिमा उदीयमान वैकल्पिक राजनीतिक शक्तिहरूसँग मुद्दाको आधारमा सम्वाद, सहमति, सहकार्य र मोर्चावन्दी गर्दै भविष्यका सम्भावना र आवश्यकताका आधारमा बृहत् ध्रुवीकरण गर्ने ढोका खुला राख्नुपर्दछ। त्यस निम्ति युगीन चेतना बोकेको र स्पष्ट वैचारिक-राजनीतिक कार्यदिशा अंगिकार गर्दै आएको हाम्रो पार्टीको संगठन र जनाधार सबल र समृद्ध पार्नु अपरिहार्य छ।

## ५.०. पार्टीको तत्कालीन कार्ययोजना

नेपालमा वैकल्पिक राजनीतिको वैचारिक अगुवाको रुपमा स्थापित हाम्रो पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनपछि उच्च मनोबल र संकल्पका साथ पार्टी केही महत्वपूर्ण मुद्दामा केन्द्रित रहेर अभियानात्मक ढंगले अघि बढ्नेछ।

onlinekhabar.com

५.१. **वैचारिक-राजनीतिक काम** : आज विश्व र नेपालका गम्भीर संरचनात्मक समस्याको अन्तर्यमा समग्र युग परिवर्तनको वैचारिक-राजनीतिक संकट रहेको प्रस्ट छ। हाम्रो पार्टीको प्रथम महाधिवेशनले उत्तर-पुँजीवाद र उत्तर-साम्यवादको वैचारिक-राजनीतिक विकल्पको रूपमा 'समुन्नत समाजवाद' को अवधारणा अघि सारेको छ। यस सन्दर्भमा केही समय अभियानात्मक ढंगले वैचारिक-राजनीतिक काममा केन्द्रित भएर त्यसलाई स्थापित गर्नु जरुरी हुन्छ। खासगरी नेपालमा पुराना शक्तिहरूसँग वाक्कदिक्क भएर विभिन्न रुप र रंगमा नयाँ शक्तिहरूको उदय भइरहेको छ तर तिनीहरूको स्पष्ट कार्यदिशा जनसमक्ष प्रस्तुत हुन सकिरहेको छैन। यो स्थितिमा वैकल्पिक राजनीतिको समग्र वैचारिक-राजनीतिक आधारबारे हाम्रो पार्टीपंक्ति मात्र होइन आम जनसमुदायलाई समेत सुसूचित गर्नु आवश्यक हुन्छ। त्यसैले पार्टीले प्रशिक्षण विभागमार्फत् विस्तृत पाठ्यसामाग्री तयार गरेर संघ, प्रदेश र स्थानीय तहसम्म व्यवस्थित ढंगले प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ। देशका प्रमुख केन्द्रहरूमा सार्वजनिक ढंगले समेत विचार-मन्थनका कार्यक्रम राखेर वैकल्पिक राजनीतिको औचित्य र अन्तरवस्तुबारे सार्वजनिक बहस सिर्जना गरिनेछ।

५.२. **संगठनात्मक काम** : हामीले वैचारिक रूपमा वैकल्पिक राजनीतिको निकै उदात्त संश्लेषण गरेका छौं। परन्तु राजनीतिलाई व्यवहारमा उतार्ने र जनतासँग जोड्ने संगठनात्मक प्रणाली र कार्यलाई खासै वैकल्पिकता दिन सकिरहेका छैनौं। त्यसैले हाम्रो संगठनात्मक र जनआधार आवश्यक तथा अपेक्षित रुपले विकास हुन सकिरहेको छैन। यसैलाई मध्यनजर गर्दै महाधिवेशनलगत्तै नयाँ विधान बमोजिम सबै केन्द्रीय अंग र विभागहरूलाई पूर्णता दिएर संगठन विभागमार्फत् विस्तृत संगठन निर्माण तथा विस्तारको कार्ययोजना बनाइनेछ। बाँकी रहेका प्रदेश, स्थानीय तह र जनसंगठन/जातीय संगठनहरूको भेला/सम्मेलन/अधिवेशनहरू सम्पन्न गरिनेछ। तत्पश्चात् वैकल्पिक ढंगले संगठन र जनआधार निर्माण र विस्तार देशव्यापी रुपमा र प्रवासमा समेत गर्न अभियानात्मक ढंगले सम्पूर्ण शक्ति परिचालन गरिनेछ। नयाँ युवा पुस्तालाई पार्टीमा आकर्षित गर्न विशेष विधि र अभियान संचालन गरिनेछ। पुराना पार्टीहरूको भ्रममा अल्झिरहेका ऊर्जाशील र सिर्जनशील मानिसहरूलाई अभिप्रेरित गरेर अग्रगामी वैकल्पिक राजनीतिक अभियानमा गोलबन्द गरिनेछ। हिजो नयाँ शक्ति अभियानमा जोडिएका तर पछि विविध कारणले अलगिएका सबैलाई घर फर्काउन विशेष पहल गरिनेछ। २०८४ को निर्वाचनको बेलासम्म देशका अत्यधिक पालिका र प्रवासमा धेरै नेपाली श्रमिकहरू रहने देशहरूमा पार्टीको संगठनात्मक संजाल निर्माण गरिनेछ।

५.३ **प्रचार प्रसार र प्रकाशनको काम** : अहिलेको सूचना प्रविधिको युगमा प्रचार प्रसारको निर्णायक महत्व भएको कुरालाई मध्यनजर गर्दै प्रचार प्रसार तथा सूचना संचार (आई.टी.) विभागमार्फत् विस्तृत कार्ययोजना तयार गरेर पार्टीको डिजिटल, प्रिन्ट र अन्य माध्यमबाट सुव्यवस्थित अभियान संचालन गरिनेछ। पार्टीको संघ, प्रदेश र स्थानीय तहमा आइ.टी. विभाग गठन गरिनेछ र सम्पूर्ण पार्टीपंक्तिलाई पछिल्लो सूचना संचार प्रविधिको प्रयोगबारे तालिम दिइनेछ। महाधिवेशनबाट पारित महत्वपूर्ण दस्तावेज र निर्णयहरूको डिजिटल र प्रिन्ट कपी तयार गरेर पार्टीभित्र र बाहिर व्यवस्थित प्रचार प्रसार गरिनेछ। अग्रगामी शक्ति र नेतृत्वविरुद्ध पश्चगामी र पुराना शक्तिहरूले नियोजित ढंगले चलाउने दुष्प्रचार अभियानलाई निशस्त्र पार्न प्रभावकारी विधि अपनाइने छ।

५.४. **जनपरिचालन अभियान र आन्दोलन** : वैकल्पिक राजनीतिक शक्तिको निर्माण मूलतः तत्कालीन समयका जल्दाबल्दा मुद्दामा सचेतन ढंगले जनपरिचालन तथा आन्दोलन संचालन गरेर नै हुन्छ। नेपालमा राजनीतिक परिवर्तनको एउटा श्रृंखला सापेक्ष ढंगले पूरा भए पछि तीव्र आर्थिक-सामाजिक रुपान्तरणको अर्को श्रृंखला सुरु हुनुपर्नेमा त्यसो हुन नसक्दा पचासौं लाख युवा रोजगारी र उन्नत जीवनको खोजीमा विदेश जान बाध्य भइरहेछन्। अर्कोतिर हिजोका आन्दोलनकारी र 'क्रान्तिकारी'हरू सत्तामा पुगेपछि राज्यदोहन र भयंकर भ्रष्टाचार- काण्डहरूमा मुछिन पुगेका छन्। यसले आम जनतामा व्यापक असन्तुष्टी चुलिँदै गइरहेछ। यसलाई देशभित्रका प्रतिगामी र अवसरवादी तत्वहरू तथा विदेशी निहित स्वार्थ केन्द्रहरूले पानी धमिल्याएर माछा मार्ने प्रयास गरे झैं दुरुपयोग गर्ने खतरा बढेर गएको छ। त्यसैले अग्रगामी वैकल्पिक शक्तिको नाताले हामीले देशका राजनीतिक, आर्थिक, शैक्षिक, वित्त, सहकारी क्षेत्रका भ्रष्टाचारजन्य तथा संरचनात्मक समस्या र बेरोजगार युवा लगायतका विभिन्न जनवर्गका समस्याहरूलाई लिएर व्यापक जनपरिचालन र जनदबाबका कार्यक्रमहरू एकल वा संयुक्त रुपमा संचालन गर्नुपर्छ। संघ, प्रदेश र स्थानीय तहमा तत्कालीन र दीर्घकालीन समस्याहरूको सूची बनाएर तिनको पक्षमा दृढतापूर्वक संघर्ष गर्ने शक्तिको रूपमा पार्टीलाई स्थापित गर्नुपर्छ। 'जहाँ समस्या, त्यहाँ नयाँ शक्तिको आवश्यकता' भन्ने उद्गार जनबोलीमा रूपान्तरित गराउनु पर्छ। यसबारे जनपरिचालन विभागमार्फत् ठोस कार्ययोजना तयार गरेर कार्यान्वयन गरिनेछ।

onlinekhabar.com

**५.५ आर्थिक स्रोत तथा व्यवस्थापन** : पुराना दलहरूले राज्य र सार्वजनिक सम्पत्तिको दोहन गरेर पार्टी र कार्यकर्ता व्यवस्थापन गरेको भ्रष्टाचारजन्य गलत परम्परालाई तोड्दै वैकल्पिक राजनीतिक शक्तिले आर्थिक स्रोत तथा व्यवस्थापनको खुला, पारदर्शी, आत्मनिर्भर नयाँ विधिको विकास गनुपर्दछ। हाम्रो जस्तो समुन्नत लोकतन्त्र र समाजवादी ध्येय पछ्याउने र सुशासनयुक्त सफा राजनीतिको पैरवी गर्ने पार्टीले पार्टी सदस्यहरूले नियमित रूपमा दिने लेभी र शुभचिन्तकहरूको स्वेच्छिक सहयोगलाई नै प्रमुख आर्थिक स्रोत बनाउनुपर्छ। साथै अधिवेशन, निर्वाचन, जनपरिचालन अभियान लगायतका विशेष कामको निम्ति खुला र पारदर्शी रूपमा आम शुभचिन्तक र जनताबाट स्वेच्छिक रूपमा संकलन गर्ने समूह अनुदान (क्राउड फन्डिंग) हुनुपर्छ। साथै पार्टीका अभियन्ताहरूलाई उत्पादन र स्वरोजगारका योजनामार्फत व्यवस्थापन गर्नुपर्छ। यसबारे पार्टीको आर्थिक विभाग, नीति तथा योजना विभाग र उत्पादन तथा स्वरोजगार विभागमार्फत् विस्तृत कार्ययोजना निर्माण गरेर लागू गरिनेछ।

**५.६. कार्यगत एकता र संयुक्त मोर्चा** : युगीन कार्यभार पूरा गर्ने वैकल्पिक राजनीतिक शक्तिको निर्माण एकैचोटि बनिबनाउ रुपमा वा रातारात हुँदैन। साथै वैकल्पिक शक्तिहरू विभिन्न रूपमा उदय हुन पनि सक्छन्। लामो समयको निर्माण र विनिर्माण, संघर्ष र ध्रुवीकरणको चरण पार गरेर मात्र भरपर्दो र दिगो वैकल्पिक राजनीतिक शक्ति निर्माण हुन सक्छ। त्यसैले हामीले कुनै अहंकार र एकलकाँटे प्रवृत्ति नबोकी तर आधारभूत मूल्यमान्यता र विचारमा दृढ भएर वैकल्पिक शक्तिहरूसँग सहकार्य गर्ने पहल गर्नुपर्छ। पुराना पतनशील र भ्रष्ट शक्तिहरूका विकल्पमा उदय भइरहेका विभिन्न नयाँ शक्ति र व्यक्तिहरूसँग संवाद, सहकार्य, कार्यगत एकता, संयुक्त मोर्चा गर्दै अन्ततः बृहत् वैकल्पिक शक्तिहरूको ध्रुवीकरणका निम्ति प्रयत्न तथा अगुवाइ गर्नुपर्छ। हाम्रो पार्टीको राजनीतिक संवाद समितिले यस सन्दर्भमा संकीर्णता, दलीय आग्रह र पूर्वाग्रह भन्दा माथि उठेर नयाँ र वैकल्पिक पार्टी समूह एवं व्यक्तिहरूसँग संवाद र सहकार्यको व्यवस्थित पहल गर्नेछ।

ऐतिहासिक प्रथम राष्ट्रिय महाधिवेशनमा उपस्थित साथीहरू,

भनिन्छ- इतिहासमा महान् परिघटनाहरू तत्कालीन युगको आवश्यकता र आकस्मिकताको प्रतिफल स्वरूप परिघटित हुन्छन्। वैकल्पिक राजनीति वर्तमान युगको अपरिहार्य आवश्यकता हो। हामी आकस्मिकताले त्यसका वाहक हौं। हामीले वैकल्पिक राजनीतिक शक्ति निर्माण नगरे वा गर्न नसके युगले अर्को पात्र जन्माउनेछ। तर संसार र नेपालको यो ऐतिहासिक घडीमा नयाँ वैकल्पिक राजनीतिक शक्ति निर्माणको विकल्प छैन। वैकल्पिक राजनीतिक शक्तिको विकल्प अझै उन्नत वैकल्पिक शक्ति मात्र हुनसक्छ। अतः इतिहासको यो जिम्मेवारी हिम्मतका साथ बहन गरौं। नेसपा (नयाँ शक्ति) लाई नेपालको वैकल्पिक राजनीतिक शक्तिको भरपर्दो केन्द्रको रुपमा विकास गरौं।

**२०८१ माघ २७**

**संयोजक**
**राष्ट्रिय महाधिवेशन आयोजक समिति**
**नेसपा (नयाँ शक्ति)**

onlinekhabar.com